❀ भजद्वृजिनभञ्जनो जयति जानकीशो हरिः ❀

श्रीमद्गोस्वामितुलसीदासकृत

रामायण

(उत्तर-भाग—परिशिष्ट)

साहित्यमणि-विद्याभूषण-साहित्याचार्य
कुलचन्द्र गौतम-निर्मित भावबोधिनी
टीकासहित

रामेश्वर शर्मा

वाराणसी
ज्ञानमण्डल लिमिटेड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामेश्वर शर्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमद्गोस्वामितुलसीदासकृत

रामायण

(उत्तर-भाग—परिशिष्ट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

❁ भजद्वृजिनभञ्जनो जयति जानकीशो हरिः ❁

श्रीमद्गोस्वामितुलसीदासकृत

रामायण

(उत्तर-भाग—परिशिष्ट)

साहित्यमणि-विद्याभूषण-साहित्याचार्य
कुलचन्द्र गौतम-निर्मित भावबोधिनी
टीकासहित

भारतीय दूतावास, नेपाल
की ओरसे स्नेह भेंट

वाराणसी
ज्ञानमण्डल लिमिटेड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नभेम्बर १९६३

बिना मूल्य वितरित

© श्री लक्ष्मीनाथ गौतम, काठमांडु, नेपाल।

प्रकाशक—ज्ञानमण्डल लिमिटेड, वाराणसी-१
मुद्रक—ओमप्रकाश कपूर—ज्ञानमण्डल लिमिटेड, वाराणसी (बनारस) ६१६६-२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निवेदन

विक्रम संवत् १९९६ में स्वर्गीय विद्वच्छिरोमणि श्री कुलचन्द्र गौतमजीने स्वप्रणीत भावबोधिनी नेपाली टीकासहित तुलसीकृत रामायण ज्ञानमण्डल प्रेसमें छपवाकर श्रद्धेय श्री मौनी बाबा द्वारा बिना मूल्य वितरण करवाया था। वर्षोंतक उस महत्वपूर्ण संस्करणकी व्यापक माँग रही, जिसकी यथोचित पूर्ति नहीं की जा सकी। इसलिए हमने बिना मूल्य वितरणके लिए पुनर्मुद्रणका संकल्प किया।

स्वर्गीय विद्वच्छिरोमणि श्री कुलचन्द्र गौतमजीने अपने जीवनकालमें ही अपनी कृतिमें कई जगह परिवर्तन तथा परिवर्द्धन कर पुनर्मुद्रणका संकल्प किया था, परन्तु कतिपय कारणवश उस परिवर्तित तथा परिवर्द्धित अंशको पूर्व भागमें हम समाविष्ट नहीं कर सके। उत्तर-भाग, परिशिष्ट के रूपमें, उक्त परिवर्तित तथा परिवर्द्धित अंशको स्थान-संकेत सहित मुद्रण करते हुए हमें हर्ष हो रहा है। प्रथम संस्करणमें प्रकाशित काव्यप्रयोग सम्बन्धी विषय तथा श्रद्धेय श्री मौनी बाबाकी भूमिका भी पूर्व-भागमें समाविष्ट नहीं थी। वे इस उत्तर-भाग—परिशिष्टमें मुद्रित हैं। हमें आशा है कि रामचरितमानसके पुराने सम्पूर्ण विषयके साथ-साथ परिवर्द्धित तथा परिवर्धित अंशको पाकर पाठकवृन्द प्रसन्नताका अनुभव करेंगे।

श्री रामचरितमानसकी नेपाली टीकाके स्वत्वाधिकारी, स्वर्गीय विद्वच्छिरोमणि श्री कुलचन्द्र गौतमजीके सुपुत्र श्री लक्ष्मीनाथ गौतमजीसे इस पुनीत कार्यमें जो सहयोग मिला है उसके लिए हम विशेष रूपसे उनके आभारी हैं।

बिना मूल्य वितरणार्थ मुद्रित इस द्वितीय संस्करणको नेपालमें वितरित करनेके लिए भारतीय राजदूतावास, नेपालके भी हम विशेष आभारी हैं।

ज्ञानमण्डल लिमिटेड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम संस्करणमा प्रकाशित श्रद्धेय श्री मौनीबाबाको भूमिका

श्रीमते जानकीजीवनाय नमः

❁ भूमिका ❁

कोटि शारदाको भन्दा अधिक चातुर्य, सयकरोड ब्रह्माको भन्दा अधिक सृष्टिकुशलता, सयकरोड-विष्णुको भन्दा अधिक पालनशक्ति, सयकरोड रुद्रको भन्दा अधिक संहार-शक्ति भएका*उपमारहित† अनन्तकोटिब्रह्माण्डनायक ईश्वरले **"जैले २ धर्मको बाधा र अधर्मको वृद्धि उपस्थित हुन्छ, त्यसै समयमा म अवतार लिन्छु"** यस्तो आफ्नो वचनको अनुसार रावणादि वधरूपी लीलाका निमित्त दशरथनन्दन रामको रूप लिएर गरेका चरित्रलाई **रामायण** भन्दछन्। कल्पकल्पमा अनेक रावणादि दुष्ट पैदा भएर धर्मबाधा र अधर्म वृद्धि गर्नलागेमा बराबर रामको अवतार लिएर लोक-कल्याणकारी धर्मको रक्षा ईश्वरबाट भइरहेको छ। **"वहाँका चरित्रको श्रवण-कीर्तनादि गरेर प्राणीहरू संसारमहासागरका पार पुगून्"**[२] यस्तो उत्तम उद्देश्य लिईकन दयानिधान, दिव्यदृष्टि

---

*चौ०—सारदकोटि अमित चतुराई ❁ विधिसतकोटि सृष्टि निपुनाई ॥
विष्णुकोटिसत पालनकरता ❁ रुद्रकोटिसतसम संहरता ॥

†छं०—निरुपम न उपमा आन रामसमान राम निगम कहै।
जिमि कोटिसतखद्योतसम रवि कहत अतिलघुता लहै ॥
एहि भाँति निजनिजमतिविलास मुनीस हारहि बखानहीं।
प्रभु भावगाहक अतिकृपाल सप्रेम सुनि सुख मानहीं ॥

अनन्तकोटि-ब्रह्माण्डमा ब्रह्माण्डपीछे १।१ ब्रह्मा विष्णु महेश्वर रहेका छन्, अनन्तकोटि-ब्रह्माण्ड-नायक (पति) जो एकमात्र निर्गुण र सगुण दुवै अवस्थामा एकै समय रहन सक्ने अचिन्त्यशक्तिमान् ईश्वर (महाविष्णु) हुन्, उनैले रामावतार लिएको हो, एकब्रह्माण्डपति विष्णुले होइन। यो कुरा सुन्दरकाण्डका—

चौ०—सुनु रावन ! ब्रह्माण्ड निकाया ❁ पाय जासु बल बिरचति माया।
जा के बल बिरंचि हरि ईसा ❁ पालत सृजत हरत दससीसा ! ॥
संकर सहस विष्णु अज तोहि ❁ सकहिं न राखि रामकर द्रोही ॥

इत्यादि वचनबाट स्पष्ट बुझिन्छ।

(१) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत !।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ [गीता०]

(२) चरितं रघुनाथस्य शतकोटिप्रविस्तरम्।
एकैकमक्षरं पुंसां महापातकनाशनम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाल्मीकि महामुनिले रचना गरिएको रघुनाथचरित (**रामायण**) सयकरोड श्लोकप्रमाणको भएर स्वर्ग-मर्त्य-पातालका प्राणीको उद्धार गरिरहेको छ ।

मर्त्यलोकमा रहेका अनेकानेक रामायणमध्ये वाल्मीकीयरामायण अध्यात्मरामायण अगस्त्य-रामायण अग्निवेशरामायण आनन्दरामायण जैमिनीरामायण नारदरामायण पुलस्त्यरामायण वशिष्ठरामायण ब्रह्मरामायण विश्वामित्ररामायण भरद्वाजरामायण भुशुण्डरामायण महारामायण याज्ञवल्क्यरामायण मार्कण्डेयरामायण (भारतीयवनपर्वान्तर्गत) यी रामायण लोकप्रचलित भएर ग्रन्थकर्ताहरूको उद्देश्यलाई सिद्ध गराउँदै थिए। **अफसोस! महाअफसोस!** कराल कलिकालका प्रभावले संस्कृतवाणीका प्रचारको ह्रासपूर्वक अपहेलना हुन लाग्यो, पूर्वोक्त सबै रामयाणको अर्थबोध सबैलाई नहुने हुनगयो, भक्ति र ज्ञानको मार्गै भत्केजस्तो हुन जाँदा परमार्थका पथिकहरू नपाइनेसम्म भए, आचार हरायो, कर्तव्याकर्तव्यको ज्ञान नहुँदा प्राणीहरू ऐहिक सुखबाट पनि च्युत हुँदै जान लागे, धेरै के भनौं ? भारतको भाग्यसूर्य अस्तायो ! भारतवर्षलाई गाढ अन्धकारले घेऱ्यो !! । यही समयमा ईश्वरीय करुणाले वाल्मीकि महामुनिका अवतार-स्वरूप **गोस्वामी तुलसीदासजीको** प्रादुर्भाव भयो, वहाँले **रामचरितमानस (तुलसीदास-कृतरामायण)** प्रभृति अनेक भाषाग्रन्थ बनाउनुभयो ❀ आस्ते-आस्ते गरीवगुरुवाका झोपड़ी (छाप्रा) देखि लिएर धनी महाजनका महल र राजा-महाराजाका दरवारपर्यन्तको अन्धकार घट्तै जानलाग्यो ! । अर्थात् धनी-गरीव, उच्च-नीच, बाल-वृद्ध, स्त्री-पुरुष, मूर्ख-पण्डित, सबै-भारतीय प्रजाले सर्वत्र ती ग्रन्थको आश्रय गरेर आफ्ना जीवनको सुधारणा गर्दै आफूलाई कृतार्थ गराउन लागे । **भारतीय प्रजाले मात्र होइन कि विधर्मी-विदेशी विद्वान्हरूले समेत आफ्ना-आफ्ना भाषामा यसको अनुवाद (उल्था) गरेर आफ्नू गुणग्राहीपनालाई चरितार्थ गराउँदै मुक्तकण्ठतया यसको प्रशंसा गरेका छन् ।** सकल शास्त्रको सार लिएर रचना गरिएको यो ग्रन्थ पढ्दा सुन्दा जुन प्रकारले चित्तमा आह्लाद भएर भक्तिरसको प्रवाह हुन लाग्दछ, त्यस प्रकारले भक्तिरसको प्रवाह गराउने ग्रन्थ भाषाग्रन्थमा ता के कुरा संस्कृत-ग्रन्थमा पनि विरलै होलान् ।

तुलसीदासकृतग्रन्थावली—

१ रामचरितमानस
२ गीतावली
३ कवितावली
४ वैराग्यसन्दीपनी
५ रामाज्ञा प्रश्न
६ तुलसीसतसई
७ दोहावली
८ पार्वतीमङ्गल
९ रामललानहछू
१० जानकीमङ्गल
११ श्रीकृष्णगीतावली
१२ बरवैरामायण
१३ विनयपत्रिका

यी सबै ग्रन्थ मुद्रित भई भारतवर्षव्यापी भएका छन्, रामचरितमानसको प्रचार अधिक छ, प्रायः भारतवर्षका प्रत्येक छापाखानामा अनेक रूपले अनेक आवृत्ति छापिएर यो ग्रन्थ फैलिएको छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

महाराज दशरथ जस्ता सत्यप्रतिज्ञ राजर्षि, श्रीरामजी जस्ता पितृ-मातृभक्त सर्वसद्गुणसागर चरित्रनायक, भरत जस्ता भ्रातृभक्त धार्मिक अनुरक्त भाई, महारानी कौसल्या जस्ती कर्तव्य-परायणा पातिव्रत्यपवित्रान्तरा नारी, महारानी सुमित्रा जस्ती दूरदर्शिनी क्षात्रधर्मकुशला विदुषी, महारानी सीताजी जस्ती आदर्श महिलाँको संघटनबाट घटित हुन गएका पवित्र चरित्रले भूषित भएको यो ग्रन्थ सबै सज्जन-वर्गको प्यारो र सबै ग्रन्थमध्ये उत्तम ठहरिन जानु उचितै हो ।

रामचरितमानस (यो रामायण) रस-गुण-अलंकारको यथोचित समावेश गरेर रचिएको हुनाले साहित्यशास्त्रको मर्मज्ञ भएका विद्वद्वर्गमा आदरणीय हुनु पनि उचितै हो । त्यसै कारणले विधर्मी द्वीपान्तरनिवासी विद्वान्हरूले समेत लाचारीका साथ यसको यथोचित आदर गर्नुपरेको हो । ज्यादा के लेखौं "रामचरितमानसले यावत् संसारका बुद्धिमान् सज्जनलाई अनुगृहीत गरेको छ" यसो भन्दा अत्युक्ति ठहरिने छैन ।

यस्तो अपूर्व यो ग्रन्थ विविध प्रकारका तत्काल प्रचलित अनेक देशीय भाषाशब्दले संकलित

---

(१) महाराज दशरथजीले प्राणभन्दा प्यारा रामजीलाई वनवास दिएर प्राणपरित्याग गरे; यहाँभन्दा अधिक सत्यप्रतिज्ञता कहाँ पाइएला ?

(२) भोलिपल्ट राज्याभिषेक पाउने निश्चय भएकोमा अघिल्लै दिन वनवासको कठोर आज्ञा पाउँदा पनि मुख मलिन नपार्ने, माताजीबाट पिताका आज्ञाको उल्लंघन गर्ने सम्मति पाउँदा "सुनु जननी ! सोइ सुत बड़ भागी * जो पितु मातु वचन अनुरागी" यस्तो जवाब दिएर वनतर्फ रवाना हुने रामजीको पितृमातृभक्ति आवाल-वृद्ध प्रसिद्ध छ ।

(३) "रामजी सबै सद्गुणका सागर हुनुहुँदो रहेछ" भन्ने कुरा १ आवृत्ति यो रामायण पढ्योभने विदित हुन्छ । यहाँ उल्लेख गर्दा अर्को रामायण तयार हुन्छ, त्यति अवकाश छैन ।

(४) खास रामजीका मुहारबाट निस्केको—

"जो न होत जग जनम भरतको * सकल धर्मधुर धरनि धरत को" ॥

यो वचनबाट भरतको धार्मिकता स्पष्ट हुन्छ ।

(५) पिताको आज्ञापालन गर्न तयार भएका प्राणप्रिय छोरा रामजीलाई आशीर्वाद दिएर जङ्गलतर्फ रवाना गरेर कर्तव्यपरायणतालाई स्थिर गराउने महारानी कौशल्याको धैर्यलाई धन्यवाद छ ।

(६) केवल भातृप्रेमले वन जान लागेका प्यारा छोरा लक्ष्मणजीलाई "बाबू ! तिम्रा पिता राम, तिम्री माता सीता हुन्, जङ्गल तिम्रो राजधानी अयोध्या हो, सुविस्तासाथ जाउ है" भनेर बिदा गर्ने महारानी सुमित्राको दूरदर्शिता र क्षात्रधर्मनिपुणतालाई बड़ेबड़े नीतिनिपुण विद्वान्ले खूब विचार गरेर धन्यवाद दिनुपर्दछ ।

(७) सासू, ससुरा, गुरु-पुरोहित, आमा-बाबू र अरू सबैको अनुरोधपछि नलागेर—

"मोहि मग चलत न होइहि हारी * छिन छिन चरन सरोज निहारी ॥
सबहिं भाँति पिय ! सेवा करिहौं * मारग जनित सकल स्रम हरिहौं ॥
पाँव पखारि बैठि तरु छाँहीं * करिहौं बात मुदित मनमाहीं ॥"

यस्तो प्रतिज्ञा गरीकन पति (राम) का पछि लागेर वनमा प्रतिज्ञाअनुसार पतिसेवा गर्ने सीताजीको आदर्शभाव संसारमा सर्वोच्च छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको हुनाले सर्वसाधारणले यसको अर्थ बुझ्न नसकेको देखेर हिन्दीका विद्वान्हरूले अनेक टीका बनाएर छपाईकन यो ग्रन्थलाई सर्वसुगम पारेका छन् ।

हिन्दुस्थानमा निम्नश्रेणीका अपठित व्यक्तिलगायत उच्चश्रेणीका बड़ेबड़े विद्वान्पर्यन्तका मानिस यसको गान गरेर जन्मलाई सफल गराउँदै छन् ।

परन्तु हिन्दूको स्वतन्त्र साम्राज्य भएको नेपाल देशमा, हिन्दीमा सर्वोच्च भएको यो ग्रन्थको प्रचार अति विरल भएको र श्रद्धासम्पन्न, पवित्र देशोत्पन्न, भक्तिमार्गावलम्बी नेपालीय जनताले यसबाट यथार्थबोध पाउन अद्यावधि नसकेकोमा आश्चर्य र ठूलो अफसोस थियो ।

आज **अचिन्त्यशक्तिमान्-भगवान् अनाथनाथ दशरथनन्दन रघुनाथ श्रीराम-जीका चरणकमल संझेर कोटिकोटि वन्दना गर्दछु,** जसका अतुल करुणाले प्रेरणा गर्दा **प्रजावत्सल धार्मिकधुरन्धर–विवेकसागर** इत्यादि विशेषणलाई चरितार्थ गराएर देशको उद्धारमा तत्पर होइबक्सेका **श्री ३ महाराज जुद्धशमशेर जंगबहादुर राणाको** पवित्र अन्तःकरणमा **"तुलसीकृत रामचरितमानस रामायणको आफ्ना प्रजावर्गमा अर्थबोधपूर्वक पूर्ण प्रचार हवोस् र समस्त राष्ट्र भगवद्भक्तिभावित भएर कल्याणमार्गारूढ हवोस्"** यस्तो सत्सङ्कल्प दृढ भईकन यथोचित व्यवस्थापूर्वक यो भावबोधिनी-नामक टीकासहित भएको रामचरितमानस छपाएर योग्य व्यक्तिलाई वितरण गर्ने अनुमति हुन गयो ।

मेरा मनोरथक्रमोजिम पूर्वोक्त **श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट** यो कार्य हुन गएकोले म हर्षगद्गद भएर श्रीरामजीका चरणकमलमा **"यो सत्कर्मका प्रभावले समग्र राष्ट्रको कल्याण र समग्र राष्ट्रको कल्याणकारी कर्मका प्रभावले सदासर्वदा वहाँको पूर्ण कल्याण हवोस्"** यो प्रार्थना गर्दछु । इत्यलमधिकेन ।

मौनीबाबा

रत्नसागर धाम, जनकपुर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रामायणका काम्य पारायणमा वक्तव्य

श्रीरामचरितमानसको पारायण केवल श्रीरामजीको प्रीतिका निमित्त गर्नु उत्तम पक्ष हो । आधि-व्याधिले व्याकुल भएका संसारी प्राणीले त्यस्ता प्रकारको परायण गर्नु असंभव नभए पनि कठिन ता अवश्य छ । आर्त-भक्त, अर्थार्थी भक्त पनि परमेश्वरका दरबारमा असलै गनिएका छन् । तुच्छातितुच्छ वस्तुका निमित्त यत्र-तत्र डुलेर केवल दैन्य-प्रकाश गर्नुभन्दा अनन्तकोटिब्रह्माण्डपतिका अगाड़ि आफ्नू दुःख-दर्द प्रकाश गर्नु धेरै असल हो । अतएव लोककल्याणा-भिलाषी महात्माहरूले रामचरितमानसको काम्य-प्रयोग पनि प्रकाश गरेका छन् । परपीडा नहुने गरी आफ्ना मनोरथको सिद्धिका निमित्त काम्य-प्रयोग गर्नु उचित मात्र होइन कि परम उचित छ । तसर्थ काम्यप्रयोगमध्येका केही प्रयोग यहाँ लेखिन्छन् । जुनसुकै कर्ममा पनि श्रद्धा र विश्वासको आवश्यकता अत्यन्त रहन्छ, यो कुराको हेक्का राखेर पारायण भयोभने कामना सिद्ध हुनेछ ।

रामायणको काम्यपारायणमा अघिबाट गर्नुपर्ने कर्म

श्रीरामायणको काम्यपारायण गर्नेले अघिल्ला दिन हविष्यान्नको भोजन गर्नु, रात्रिका समयमा पवित्र स्थानमा पवित्र वस्त्र पहिरेर बस्नु र शान्तचित्त भएर श्रीहनूमान्‌जीको स्मरण गर्नु । अनुकूल पर्नेले श्रीहनूमानजीका नाम-मन्त्रले १००० अथवा १०८ हवन गर्नु । अनुकूल नपर्नेले किष्किन्धाकाण्डको पाठ गर्नु । सुत्ने वेलामा भगवान् रामचन्द्रको स्मरण गरेर छातीमा दुई हात राखीकन हनूमान्‌जीलाई संसंझदै आफ्ना मनोरथ सिद्धिको प्रार्थना र त्यसका निमित्त गर्नुपर्ने काम्यप्रयोगको जिज्ञासा गर्दै निदाउनु । सपनामा हनूमान्‌जी बाट **"यो प्रयोग गर"** भन्ने सूचना हुनेछ । श्रद्धा-विश्वाससहितको आर्तभावले गरेको प्रार्थनालाई श्रीहनूमान्‌जी स्वीकार गर्नुहुन्छ, सपनामा सूचना पाएपछि तदनुसारको प्रयोग गर्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काम्यप्रयोग

(१)

नवाहपारायण मासिकपारायण साधारण पारायण यी मध्येका कुनै तरीकाले १०५ आवृत्ति पारायण गर्न सके श्रीरामजीको प्रत्यक्ष दर्शन पाइन्छ । यस्तो पारायण गर्नलागेपछि प्रतिदिन पारायणका आदिमा र अन्त्यमा हात जोरेर प्रेमका साथ—

जौं अनाथहित ! हमपर नेहू * तौ प्रसन्न होइ यह वर देहू ॥
जो सरूप बस सिव मनमाहीं * जेहि कारन मुनि जतन कराहीं ॥
जो भुसुंडि मनमानस हंसा * सगुनअगुन जेहि निगम प्रसंसा ॥
देखहिं हम सो रूप भरि लोचन * कृपा करहु प्रनतारतिमोचन ! ॥ [पृ० १७०]

यी चौपाई पढ्नुपर्दछ । पारायण सकिएपछि पनि प्रतिदिन श्रद्धा–विश्वास–भक्तिका साथ यिनै चौपाई तल्लीन भएर पढ्नुपर्दछ ।

(२)

स्वायम्भुव मनु र शतरूपा महारानीले जुन स्वरूपको दर्शन पाएको हो, भगवान्‌का उही स्वरूपको दर्शन पाउनाका निमित्त—

नील सरोरुह नीलमनि नील नीरधर स्याम ।
लाजहिं तन सोभा निरखि कोटिकोटि सत काम ॥ [पृ० १७१]

यही दोहादेखि पाठको आरम्भ गरेर उत्तरकाण्डको समाप्ति गरीकन बालकाण्डको आरम्भ गरेर यही दोहासम्म पाठ गर्नुपर्छ । यो पाठका आवृत्तिसंख्याको नियम छैन, भक्ति–श्रद्धा–भाग्यअनुसार १ आवृत्ति, ३ आवृत्ति, १२ आवृत्तिमा दर्शन पाइन्छ ।

(३)

श्रीरामजीमा दृढ़भक्ति पाउनाको इच्छा हुनेले—

धरि धीरजु एक आलि सयानी, सीता सन बोली गहि पानी । [पृ० २५६]

यो चौपाईदेखि आरंभ गरेर उत्तरकाकाण्ड समाप्त गरीकन बालकाण्डको आरम्भ गरेर यही चौपाईका अघिल्लो—

केहरि कटि पट पीत धर सुषमा सील निधान ।
देखि भानुकुल भूषनहिं बिसरा सखिन्ह अपान ॥ [पृ० २५६]

यो दोहामा समाप्ति गर्नुपर्दछ ।

भगवान् रामजीमा दृढभक्ति पाउनाको इच्छा हुनेले—

भक्तकल्पतरु प्रनतहित कृपासिंधु सुखधाम ।
सोइ निज भगति मोहि प्रभु देहु दया करि राम ! ॥ [पृ० १०५७]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो दोहाले रामचरिमानसका आरम्भदेखि अन्तसम्म प्रत्येक दोहा-चौपाई-छन्दहरूको संपुटवल्ली पाठ गरे पनि हुन्छ।

(४)

श्रीरामजीलाई प्रसन्न पार्नाको इच्छा हुनेले—

हरषि सुरन्ह दुंदुभी बजाई * बरषि प्रसून अपूछरा गाई ॥ [पृ०]

यो चौपाईबाट आरम्भ गरेर उत्तरकाण्ड सिध्याउनु, अनि बालकाण्डदेखि आरम्भ गरेर यही चौपाई-सम्म भन्नु।

(५)

विद्याप्राप्तिको अभिलाषा हुनेले —

गुरगृह गए पढ़न रघुराई * अलपकाल विद्या सब आई। [पृ० २२५]

यो चौपाईले संपुट (पुटित) गरेर रामचरितमानसको आद्यन्त पाठ गर्नु।

(६)

आफ्नू रक्षाको इच्छा गर्नेले—

मामभिरक्षय रघुकुल नायक! * धृतवरचाप रुचिर कर सायक।
मोरे हित हरिसम नहिं कोऊ * एहि अवसर सहाय सोइ होऊ ॥ [पृ०]

यो चौपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु। अथवा फगत यही चौपाईको यथोचित सांख्याले (१०८।१०००। १२००० सम्म) जप गर्नु।

(७)

उद्योगका सफलताको इच्छा गर्नेले—

प्रविसि नगर कीजे सब काजा * हृदय राखि कोसलपुर राजा ॥ [पृ० १८९]

यो चौपाइले संपुट गरेर आद्यन्त पाठ गर्नु।

(८)

संकष्टनिवृत्तिको इच्छा गर्नेले—

जो प्रभु दीनदयाल कहावा * आरति हरन वेद जस गावा ॥
जपहिं नामजन आरतभारी * मिटहिं कुसंकट होहिं सुखारी ॥
दीनदयाल बिरदु सम्हारी * हरहु नाथ मम संकट भारी ॥ [पृ० ८०९-४]

यी ३ चौपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु। अथवा फगत यिनै चौपाईको यथोचित संख्याले (१०८।१०००। १२००० सम्म) जप गर्नु।

दारिद्र्यनिवृत्तिको इच्छा गर्नेले—

अतिथि पूज्य प्रियतम पुरारि के * कामदघन दारिद दवारि के ॥

यो चौपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु।

(१०)

देशोपद्रवशान्तिका निमित्त—

दैहिक दैविक भौतिक तापा * रामराज नहिं काहुहि व्यापा ॥ [पृ० ९९५]

यो चौपाईले संपुट गरेर आद्यन्त पाठ गर्नु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(११)

मनोरथसिद्धिका निमित्त—

भवभेषज रघुनाथ जसु * सुनहिं जे नर अरु नारि।
तिन्हके सकल मनोरथ * सिद्ध करहिं त्रिसिरारि ॥ [पृ० ७८१]

यो चौपाई पढ्दै आफ्नू काम परेको ठाउँ (कचहरी-राजद्वार धनिकद्वार इत्यादि) सम्म जानु। आफ्ना कामको प्रसङ्ग नउठेसम्म यही चौपाई मनमनले जप्नु, बसू।

(१२)

भूत–प्रेत–डाकिनी भएको निवृत्तिका निमित्त—

प्रनवौं पवनकुमार, खल बनपावक ज्ञानघन।
जासु हृदय आगार, बसहिं राम सरचाप धर ॥ [पृ० ३१]

यो सोरठाको उचित संख्याले [७।२१।५४।१०८ सम्म] जप गर्नु।

(१३)

महामारीको शान्तिका निमित्त—

जय रघुवंश बनजवन भानू * गहन दनुजकुल दहन कृसानू ॥ [पृ० ३०३]
मंगल भवन अमंगलहारी * द्रवहु सो दशरथ अजिर बिहारी ॥
मामभिरक्षय रघुकुल नायक * धृत बर चाप रुचिर करसायक ॥ [पृ० ९५९]

यी चौपाईलाई बिहान बेलुका भक्ति-श्रद्धा-विश्वासका साथ हात जोरेर उच्चस्वरले पढ्नु।

(१४)

अथवा

जयजय गिरिबरराजकिसोरी। जय महेस मुखचंद चकोरी ॥
जय गजबदन षडानन माता। जगतजननि दामिनिद्युति गाता ॥
नहि तव आदि अंत अवसाना। अमित प्रभाउ बेदु नहि जाना ॥
भव भव बिभव पराभवकारिनि। बिश्व बिमोहिनि स्व बस बिहारिनि ॥
पतिदेवता सुतीय महु मातु प्रथम तव रेख।
महिमा अमित न सकहिं कहि सहस सारदा सेष ॥
सेवत तोहि सुलभ फल चारी। बरदायनी पुरारिपिआरी ॥
देवि पूजि पद कमल तुम्हारे। सुर नर मुनि सब होहिं सुखारे ॥ [पृ० २५-५८]

यति चौपाई दोहालाई हात जोरेर बिहान बेलुका आर्द्रचित्त भएर उच्चस्वरले पढ्नु।

(१५)

हरतरहका संकष्टबाट बचावट पाउनानिमित्त—

जयजय सुरनायक जनसुखदायक प्रनतपाल भगवंत।
गो द्विज हितकारी ! जय असुरारी ! सिंधुसुता प्रियकंत ॥
पालन सुरधरनी अद्भुतकरनी मरम न जानै कोइ।
जो सहज कृपाला दीनदयाला करौ अनुग्रह सोइ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जय जय अबिनासी ! सब घट बासी ! व्यापक ! परमानंद ।
अबिगत गोतीतं ! चरित पुनीतं ! माया रहित ! मुकुंद ! ॥
जेहि लागि बिरागी अति अनुरागी बिगत मोह मुनिबृंद ।
निसिबासर ध्यावहिं गुनगन गावहिं जयति सच्चिदानंद ॥
जेहि सृष्टि उपाई त्रिबिध बनाई संग सहाय न दूजा ।
सो करउ अघारी चिंत हमारी जानिय भक्ति न पूजा ॥
जो भवभय भंजन मुनिमन रंजन गंजन बिपतिबरूथ ।
मन बच क्रम बानी छाडि सयानि सरन सकल सुरजूथ ॥
सारद श्रुति सेषा रिषय असेषा जा कहुँकोउ नहि जान ।
भव बारिधिमंदर ! सब बिधि सुंदर ! गुनमंदिर ! सुखपुंज ! ।
मुनि सिद्ध सकल सुर परम भयातुर नमत नाथपद कंज ॥
जानि सभय सुर भूमि सुनि बचन समेत सनेह ।
गगनगिरा गम्भीर भइ, हरनि सोक संदेह ॥ [पृ० २०७-८]
जेहि दीन पिआरे बेद पुकारे द्रवो सो श्रीभगवान ॥

यी छन्द र दोहालाई अर्थमा ध्यान दिएर एकान्तमा बसेर उच्चस्वरले भक्तिभाव श्रद्धा-विश्वासका साथ बिहान बेलुका पढ्ने गर्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्गीय विद्वत्‌शिरोमणि श्री कुलचन्द्र गौतमजीले प्रथम संस्करणमा परिवर्तन तथा परिवर्द्धन गर्ने उद्देश्यले तयार पारिराख्नुभएको सूची :—

[ग्रन्थाध्ययन शुरू गर्नुभन्दा पहिले निम्नांकित स्थान-संकेतको आधारमा पूर्व-भागको आवश्यक स्थानमा रातो पेन्सिलले बिन्दुहरू दिनुभई तत्पश्चात् अध्ययन गर्नुहुन अनुरोध गरिएको छ। त्यसो गर्नुभएमा परिवर्तित तथा परिवर्द्धित अंशप्रति पनि अवसरमै ध्यान आकर्षण हुने र तदनुसार अध्ययन हुने भई बर्ता हितकर हुने स्पष्ट छ.—सम्पादक]

पृष्ठ १० मा 'टीकाकारको निवेदन' अन्तर्गत लाइन१३ मा 'एकाग्रता' र 'चित्तप्रसन्नता'को बीचमा थप :—निरुपद्रवता

पृष्ठ १४ मा 'श्रीगोस्वामी तुलसीदासजीको संक्षिप्त जीवनचरित्र' अन्तर्गत लाइन २८ मा 'मानिएको छ।' पछि थप :—

२४।८।१९५० को 'आज' पत्रमा—"टोडरमल्लका वंशजहरू आज चौधौं पुस्तामा पनि गोस्वामी तुलसीदासको मृत्युतिथि भनेर श्राद्ध श्रावण कृष्ण तृतीयाका दिन गर्दैछन्। तसर्थ पूर्वोक्त दोहाको भन्दा—

संवत् सोरह सौ असी असी गङ्ग के तीर।
श्रावण श्यामा तीज शनि तुलसी तज्यो शरीर॥

—यो दोहा प्रामाणिक हो" भन्ने बारेमा लेखिएको छ। तदनुसार उनको निर्याण काल. सं. १६८० श्रावण कृष्ण तृतीया शनिवार ठहरिन गयो।

पृष्ठ १९ मा 'परायणका विषयमा वक्तव्य' अन्तर्गत लाइन ३३, ३४, ३५, ३६ का अंकहरू क्रमशः ९६६, १०३६, १०९४, १०९४ संशोधित भई क्रमशः रहेका :—९३८, ९६६, १०३६, १०९४

पृष्ठ १ देखि ८ सम्मको बदलामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो र अग्रिम पृष्ठ ३, छापिंदा क्रममा समेत गडबड हुन गएकोले यी दुई पृष्ठको सट्टा अन्त्यमा राखिएको शुद्धिपत्र-प्रति पाठकको ध्यान आकर्षण गरिएको छ—प्रूफसंशोधक

श्रीः

अथ

श्रीमद्गोस्वामितुलसीदासविनिर्मितं रामायणं प्रारभ्यते

तत्रेदं

बालकाण्डम्

मङ्गलम्

वर्णनामर्थसंघानां रसानां छन्दसामपि
मङ्गलानां च कर्तारौ वन्दे वाणी विनायकौ ॥१॥

टीकाको मङ्गल

❀ प्राणाधार भनेर पार नहुने आनन्द वर्षाउने
कैले त्यो वदनारविन्द ! मनका मन्सूब मन्मै रहे ।
तिन्‌तिन् दिन् पनि पर्खियो समय यो धेरैन खेरै गयो
माग्दामा पनि मार्ग मात्र दिनमा पाजी विराजी भयो ॥१॥

वर्णसमूह, अर्थसमूह, रससमूह, छन्दसमूहः र मङ्गल (कल्याण) का कर्ता (उत्पादक) भएका, श्रीसरस्वती र श्रीगणेशजीलाई म (तुलसीदास) नमस्कार गर्छु ॥ १ ॥ (क)

❀ श्रीजानकीजीका वदनको दर्शनमा उत्सुक भएका श्रीरघुवीरले समुद्रका तटमा पुगेर बाटो माग्नाका निमित्त अस्त्रशस्त्र सबै पर सारीकन कुशास्तरणमा राजभएर ३।३ दिनसम्म समुद्रको उपासना गर्दा पनि उसले नटेर्दा ब्रह्मास्त्रको प्रयोग भएपछि जुन हालत भएथ्यो त्यही संझेर तिनै चरणारविन्दका स्मरणको प्रार्थना गरिन्छ ।

(क) चेतनामयी-सरस्वतीको र विघ्नविनाशन-श्रीगणेशजीको अनुग्रहले मात्र वर्णको उत्पत्ति, अर्थको बोध, रसको आस्वादन, छन्दको विकास, निर्विघ्न हुन गएर यो जगत् उज्यालो भइरहेको छ । नत्र यो त्रैलोक्य अज्ञानान्धकारका ग्रासमा पन थियो ।

रस गुणले भूषित भएकी सत्यरूपा वाङ्मयी सरस्वतीको निर्विघ्न उदय गराउन सके दुनियाँका मनोरथ पूर्ण हुन्छन् । अलच्छिन हट्‌तछ । सत्कीर्ति पैदा हुन्छ । पाप हराउँछ । सबै कल्याण मौजूद रहन्छन् ।

इदमन्धन्तमग्रस्तं जायेत भुवनत्रयम् । यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥
"कामान् दुग्धे विप्रकर्षत्यलक्ष्मीं कीर्तिं सूते दुष्कृतं या हिनस्ति ॥
तां चाप्येतां मातरं मङ्गलानां धेनुं धीराः सूनृतां वाचमाहुः ॥ [भवभूति]

यसै कारणले सर्वप्रथम मङ्गलमूर्ति गणेश र वाणीको वन्दना गरेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भवानीशंकरौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ॥२॥

फेरी केहि ढिलो गरेर धनुमा ब्रह्मास्त्र संधानियो
अन्धाधुन्ध बतास् चल्यो र जगतै ध्वान्तौघले ढाकियो ।
डग्मग् डग्मग भै डग्यो धरणितल् खलबल् खुबै मच्चियो
हाहाकार गराउने भय ठुलो दिक्पालमा फैलियो ॥
बर्बर् आँसु गिराइ थर्थर भई गङ्गा र गोदावरी
कावेरीहरूको कृताञ्जलि हुने घेरा अगाडी गरी ।
त्राहि त्राहि भनेर सागर परे जस्ता शरण् एकदा
तिन्कै ती चरणारविन्द मनमा खेलीरहून् सर्वदा ॥
श्रीमान्यमौनिमुनिपुङ्गवले भनेमा भाषानुवाद तुलसीकृतमा भएथ्यो ।
थप्थाप् गरेर कहिँ केहि कुरा त्यसैमा भर्शक्य दूर गरियो त्रुटि जो रहेथ्यो ॥
कत्रो हिम्मतले मसक्क मसँगै लागेर आयो यहाँ
यत्रो फौज हसक्क भो अब हरे ! उत्साह यस्को गयो ।
भर्सक् रिस् नगरौं भनेर करुणा राखेर सेवा गरें
'लत्यौ लौ' भनि यो गवाँर अहिले टेर्दै नटेर्ने भयो ॥२॥
प्यारे ! लक्ष्मण ! देउ बाण र धनू, जलमात्रका के कुरा
दल्दल्सम्म सुकाइदिन्छु अहिल्यै मैदान यो गर्दछु ।
पूर्ण प्रेम लिएर हर्षित हुँदै चौतर्फ घेरा दिने
मेरा वानरका दलैसँग रही यो पैदलै तर्दछु ॥३॥
भन्दै झट्ट उठेर तिन्दिन वितेबापत् तिनै बाणले–
सेवा गर्दछु सिन्धुको अब भनी तिन् बाण साथै छुटे ॥
साँच्चै लौ रघुवीर झोक्किनुभयो के गर्छ ? सागर् ? हरे !
हेरौं दृश्य भनेर हर्षित भई द्रष्टा हजारन् जुटे ॥४॥
ताल्यो सागरको सबै जल अनी पाक्यो र उम्ल्यो अनी
ढाक्यो योजनसम्म भूतल सबै गाम्भीर्य जम्मै गयो
गोही ग्राह भुजङ्ग सौस कछुवा माछाहरूको बथान्
उफ्री उफ्री पछारिएर तटमा सर्वत्र सोतर् भयो ॥५॥

जुन्विना (जो नहुञ्ज्याल) सिद्धहरू पनि आफ्ना अन्तःकरणमा रहेका ईश्वरलाई देख्न पाउँदैनन्, त्यस्ता श्रद्धा र विश्वासस्वरूप भएका पार्वती र शंकरलाई म नमस्कार गर्छु ॥ २ ॥ (ख)

(ख) आस्तिक्य बुद्धिलाई श्रद्धा, 'इदमित्थमेव' यस्तो निश्चयलाई विश्वास भन्दछन् । घटघटव्यापी परमेश्वर पनि श्रद्धा विश्वास नहुञ्ज्याल देखिदैनन्, साधनसंपत्ति भएपछि पनि श्रद्धा-विश्वासको अत्यन्त आवश्यकता रहन्छ, अरु शमदमादि साधनभन्दा श्रद्धाविश्वासरूप साधन मुख्य हो, 'श्रद्धावित्तो भूत्वा आत्मन्येवात्मानं पश्येत्' । यसै कारणले रामायणारम्भरूप पुण्यकर्म गर्दा श्रद्धाविश्वासरूप भवानी-शंकरको वन्दना गरेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वन्दे बोधमयं नित्यं गुरुं शङ्कररूपिणम् ।
यमाश्रितो हि वक्रोऽपि चन्द्रः सर्वत्र वन्द्यते ॥३॥
सीतारामगुणग्रामपुण्यारण्यविहारिणौ ।
वन्दे विशुद्धविज्ञानौ कवीश्वरकपीश्वरौ ॥४॥
उद्भवस्थितिसंहारकारिणीं क्लेशहारिणीम् ।
सर्वश्रेयस्करीं सीतां नतोऽहं रामवल्लभाम् ॥५॥
यन्मायावशवर्ति विश्वमखिलं ब्रह्मादिदेवासुरा
यत्सत्वादमृषैव भाति सकलं रज्जौ यथाहेर्भ्रमः ।
यत्पादप्लवमेकमेव हि भवाम्भोधिस्तितीर्षावतां
वन्देऽहं तमशेषकारणपरं रामाख्यमीशं हरिम् ॥६॥

जसको आश्रय पाउनाले कुटिल भएको चन्द्रमा पनि जगद्भरमा नमस्कार गरिएको छ, ती ज्ञानमय-अविनाशी जगद्गुरु भगवान शंकरलाई अभिवादन गर्दछु ॥ ३ ॥[१]

जानकीजी र श्रीरामजीका गुणको समूहरूपी पुण्यारण्य (पवित्र वन) मा विहार गरिरहने (सीता-रामका गुणको चर्चा गरेर जिन्दगी बिताउने), त्यसै कारणले विशुद्धविज्ञान (ज्ञानमय जीवन्मुक्त) भएका कवीश्वर (आदिकवि वाल्मीकि) र कपीश्वर (हनूमान्) लाई प्रणाम गर्छु ॥ ४ ॥

सृष्टिस्थितिप्रलय गर्ने, क्लेश हर्ने, सबै तरहको कल्याण गर्ने, श्रीरामजीकी प्रिया भएकी, सीताजी-लाई म नमस्कार गर्दछु ॥ ५ ॥[२]

संपूर्ण संसार र ब्रह्मादि देवता दैत्यहरू जसका माया(शक्ति)का वशमा परेकाछन्, जसका सत्ताका प्रभावले यो (मिथ्या) जगत् डोरीका सत्ताले भ्रान्तिगोचर भएको (भ्रमले भासमान भएको, वास्तवमा

---

(१) कुटिल (वाङ्गो) भएको (अर्थात् शुक्लपक्षका परेवा-द्वितीयाको) चन्द्रमालाई दुनियाँले नमस्कार गर्दछ, शङ्करजीले चन्द्रमाको अर्धभाग मात्र ललाटमा राख्नुभएको छ, त्यही कुरा संझेर औंसीमा लुप्त भईकन भोलिपल्ट पर्सिपल्ट-का १-२ कला मात्रले उदाएका चन्द्रमालाई पनि दुनियाँ नमस्कर गर्दछ । ठूलाको आश्रय गर्ने सानु पनि आदरणीय हुन्छ, दोष-दूषित भएको म पनि गुरु शङ्करको वन्दनाद्वारा आश्रय गरेर आदरणीय हूँला भन्ने दृढ विश्वास गर्छु ।

(२) जगत्को सृष्टि-स्थिति-प्रलय गर्ने माया (शक्ति) श्रीभगवती-जनकनन्दिन सीता स्वरूपै हुन् । श्रीरामजी शुद्ध ब्रह्म हुन्, यो कुरा—

रामं विद्धि परं ब्रह्म सच्चिदानन्दमद्वयम् ।
सर्वोपाधिविनिर्मुक्तं सत्तामात्रमगोचरम् ॥
मां विद्धि मूलप्रकृतिं सर्गस्थित्यन्तकारिणीम् ।
तस्य सन्निधिमात्रेण सृजामीदमतन्द्रिता ॥

यो अध्यात्मरामायणका उक्तिबाट प्रमाणित भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नानापुराणनिगमागमसंमतं य–
द्रामायणे निगदितं क्वचिदन्यतोऽपि ।
स्वान्तः सुखाय तुलसी रघुनाथगाथा–
भाषानिबन्धमतिमञ्जुलमातनोति ॥७॥

मिथ्या ठहरिने) सर्पझैं साँचो भासमान भइरहेको छ, संसारसागरको पार पुग्न चाहने (मुमुक्षु) हरूका निमित्त जसका चरणकमल केवल नौका (नाउ-जहाज स्वरूप छन् भनी सिद्धान्त (निश्चय) भएको छ,— त्यस्ता कार्यकारणभावदेखि पर रहेका 'राम' यो नामले प्रख्यात भएका (योगिजनहरूले समाधिसिद्धि भएपछि आनन्दमय भएर रमाउने स्थानस्वरूप भएका) सर्वजगत्पति, सर्वपाप-सर्वदुःखहारी परमेश्वरलाई म वन्दना गर्छु ॥ ६ ॥

आफ्ना चित्तको आनन्दका निमित्त तुलसीदास अनेक पुराण-वेद-शास्त्रहरूले सम्मति गरिएको (मानिएको) र रामायणमा बताइएको र कहींकहीं आफ्ना अनुभवले र शिष्टहरूका संप्रदायको किंवदन्तीले (ऐतिह्य-प्रमाणले) सिद्ध भएको श्रीरामचरित्रलाई (रामायणलाई) एकत्र गरेर अति सुन्दर भाषाग्रन्थ बनाउँछन् ॥ ७ ॥ (क)

सोरठा—जेहि सुमिरन सिधि होय, गणनायक करिबरबदन ।
करौ अनुग्रह सोइ, बुद्धिराशि सुभ गुन सदन ॥१॥
मूक होइ बाचाल, पंगु चढै गिरिबर गहन ।
जासु कृपाँ सो दयाल, द्रवौ सकलकलिमल दहन ॥२॥

जसको स्मरण मात्र गर्नाले पनि कार्यसिद्धि हुन्छ, त्यस्ता गजराजको जस्तो मुख भएका, बुद्धिका समूहस्वरूप, सद्‌गुणका वासभवन भएका गणेशजी ममाथि दया गरून् ॥ १ ॥ (ख)

जसका कृपाले लाटो व्यक्ति पनि वाचाल (बोलक्कड) हुनजान्छ,—जसका कृपाले पंगु (लँगडो व्यक्ति) पनि अग्ला २ पर्वतमा चढ्न सक्तछ । संपूर्ण कलिकल्मषलाई (कलियुगका प्रभावले हुनजाने हरतरहका पापलाई) भस्म पारिदिने, दयालु उनै (भगवान विष्णु) मेराउपर पग्लून् (दयालु रहून्) ॥ २ ॥ (ग)

(क) यहाँ कवि तुलसीदासजीले 'तुलसीदास म भाषाग्रन्थ बनाउँछु' नभनेर (उत्तम पुरुषको प्रयोग नगरेर प्रथम पुरुषको प्रयोग गरेर) आफ्नू वास्तविक निरहङ्कारता देखाएका हुन् ।

भिन्न-भिन्न रुचि भएको समाजलाई रचनाले रिझाउन सकिएला भन्ने उम्मेद गर्न नसक्ता 'स्वान्तःसुखाय' भनेको हो, त्यसै कारणले रामचरित्रको येनकेनप्रकारेण स्मरण गरेर कीर्तन मात्र गर्नुपर्दा रचनामा विलम्ब पार्ने समुचित शब्दको अनुसन्धानरूपी र तत्तत्कारक विभक्तिको अनुसन्धानरूपी बन्धनको पनि उपेक्षा गरेको हो । परन्तु त्यसरी बनेको यो रामायण कविको वर्तमान अवस्थैदेखि शनैः २ प्रचरित भएर आज देशव्यापी भईकन 'सर्वसुखाय' भइरहेको देखिएको छ । आश्चर्य हो । व्याकरणका बन्धनलाई भक्तिप्रवाहमा बगाइदिएर रसिकहरू रचनाको माधुर्यामृत पिउँदैछन् ।

(ख) वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ॥

(ग) मूकं करोति वाचालं पंगुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नील सरोरुह स्याम तरुन अरुन बारिजनयन ।
करौ सो मम उर धाम सदा छीरसागर सयन ॥३॥
कुंद इंदु समदेह उमारमन करुना अयन ।
जाहि दीन पर नेह करौ कृपा मर्दन मयन ॥४॥
बंदौं गुरुपद कंज, कृपासिंधु नररूप हरि ।
महामोह तम पुंज जासु बचन रबिकर निकर ॥५॥

नीलकमल जस्तो श्याम सुन्दर शरीर भएका, छिप्पिएको लालकमल जस्ता नजर भएका, क्षीरसमुद्रमा शेषनागको शय्यामा सुत्ने, ती (बुद्धिले संझिएका) भगवान विष्णु मेरा हृदयमा सदासर्वदा निवास गरून् ॥ ३ ॥

कुन्दपुष्प र चन्द्रमाजस्तो श्वेत शरीर भएका, गिरिराजकुमारीसँग रमण गर्ने भएका, करुणा-निधान, मनमर्दन (कामदेवको ध्वंस गर्ने) जुन शङ्करजीको दीनका उपर स्नेह रहिरहेको छ, (तिनै शङ्कर) मेराउपर कृपा गरून् ॥ ४ ॥

जसको वचन महामोहरूपी अन्धकारका हकमा सूर्यकिरण-समूहरूप छ, ती करुणासागर मनुष्यमूर्ति विष्णुस्वरूप गुरु (रामजी) का चरणकमललाई वन्दना गर्दछु । [महात्मा तुलसीदासजीका गुरु नरसिंह-दास हुन्, संस्कृतमा सिंहलाई पनि 'हरि' भन्दछन् । नररूप हरिको (नरसिंहको) वन्दना गर्छु' यस्तो गुप्त-रीतिले गुरुवन्दना गरेको पनि बुझिन्छ । खुल्लमखुल्ला गरेर शिष्टहरू गुरुको नाउँ काढदैनन्] ॥ ५ ॥

चौ०—बंदौं गुरुपद पदुम परागा ❀ सुरुचि सुबास सरस अनुरागा ॥१॥
अमियमूरिमय चूरउ चारू ❀ समन सकल भवरुज परिवारू ॥२॥
सुकृत संभु तन बिमल बिभूती ❀ मंजुल मंगल मोद प्रसूती ॥३॥
जन मन मंजु मुकुर मल हरनी ❀ कियें तिलक गुन गन बसकरनी ॥४॥
श्रीगुरपद नख मनि गन जोती ❀ सुमिरत दिव्य दृष्टि हियँ होती ॥५॥
दलन मोह तम सो सुप्रकासू ❀ बड़े भाग उर आवइ जासू ॥६॥

सुन्दर, सुगन्धि, सरस, अनुराग (भक्तिरस) पैदा गर्ने गुरुका चरणकमलका पराग (धूला) को वन्दना गर्छु ॥ १ ॥ त्यो (गुरुचरणकमलपराग) चूर्ण अति असल छ [किनभने ?] त्यो अमृत (सुधा र मोक्ष] को जरो (मूलकारण) हो । त्यसले संसारसंबन्धी सबै रोगका (आध्यात्मिक-अधिदैविक यी त्रिविध-तापका) परिवार (भेद-प्रकार) लाई शान्त गर्दछ (हटाउँछ) ॥ २ ॥ त्यो गुरुचरणकमलपराग सुन्दर शंकरजीका गाथमा लागेको विभूति (भस्म) तुल्य पवित्र छ र असल मङ्गल आनन्द पैदा गर्छ ॥ ३ ॥ त्यो चूर्णले मानिसका मनरूपी ऐनाको मल (मैला) हर्दछ, त्यो चूर्णको तिलक गर्नाले गुणगणहरू वशीकृत हुन्छन् । [त्यो चूर्णले गुणगणलाई वश गर्दछ] ॥ ४ ॥ गुरुका पाउको नखरूपी मणिको ज्योति [अरू ज्योतिभन्दा विलक्षण छ किनभने ?] त्यो संझनेबित्तिकै हृदयमा दिव्यदृष्टि पैदा हुन्छ ॥ ५ ॥

त्यो गुरुपदनखमणिज्योति प्रकाशमान छ र मोह (अज्ञान) रूपी अन्धकारको ध्वंस गर्न सूर्यरूपै छ । त्यो वस्तु जसका हृदयमा रहन्छ त्यो मानिस बडो भाग्यमानी हो ॥ ६ ॥ [त्यो गुरूपदनखमणि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उघरहिं बिमल बिलोचन ही के ❀ मिटहिं दोष दुख भव रजनी के ॥७॥
सूझहिं रामचरित मनि मानिक ❀ गुपुत प्रगट जहँ जो जेही खानिक॥८॥

उठाउँदा] हृदयको निर्मल नेत्र (ज्ञानचक्षु) उघ्रन्छ र संसाररूपी रात्रिका अज्ञानान्धकाररूपी दोष र जन्म-जरा-मरणरूपी दुःख मेटिन्छ ॥ ७ ॥ [फेरि त्यो ज्योतिका प्रभावले] गुप्त रहेका र प्रकट रहेका जहाँ जो जुन खानिबाट पैदा भएका रामचरित्ररूपी मणिमाणिक्य (रत्नवर्ग) छन् ती सबै [झलमल्ल] देखिन आउँछन् ॥ ८ ॥

दो०—जथा सुअंजन आँजि दृग साधक सिद्ध सुजान ।
कौतुक देखहिं सैल बन भूतल भूरि निधान ॥१॥

जस्तै—सुअञ्जन (मन्त्रसिद्धिले जगाएको सिद्धाञ्जन)❀ आँखामा लाएर साधक (निधिदर्शन-सिद्धि पाएको मानिस) ज्ञानवान भएर पर्वत वन-भूमि (मैदान) जहाँतहींको खानि आश्चर्यपूर्ण भएर देख्तछ [त्यस्तै गुरुपदनखमणिज्योतिले उज्यालो पारिएको मानिस जुन जुन ठाउँमा जुन जुन गुप्त अथवा प्रकट रहेका रामचरित्ररूपी मणिमाणिक्य छन् ती सबैलाई झलमल्ल देख्तछ] ॥ १ ॥

चौ०—गुर पद रज मृदु मंजुल अंजन ❀ नयन अमिय दृग दोष बिभंजन ॥१॥
तेहि करि बिमल बिबेक बिलोचन ❀ बरनउँ रामचरित भवमोचन ॥२॥
बंदौं प्रथम महीसुरचरना ❀ मोहजनित संशय सब हरिना ॥३॥
सुजनसमाज सकल गुनखानी ❀ करौं प्रनाम सप्रेम सुबानी ॥४॥

गुरुका चरणको रज (धूलो) मृदु (नबिझाउने-मुलायम) र राम्रो अञ्जन हो, दृष्टिका सकल-दोषलाई हटाउने नयनामृत हो ॥ १ ॥

त्यसैका सेवनले विवेक (ज्ञान) रूपी नेत्रलाई निर्मल पारेर संसारको दुःख छुटाउने रामचरित्रको वर्णन गर्दछु ॥ २ ॥

मोह (अज्ञान) बाट पैदा भएका सब सन्देहलाई हरण गर्ने ब्राह्मणका चरणलाई [स्वर्गीय देवता र गुरुको वन्दना गरिसकेपछि अरू वन्दनीय जनभन्दा] पहिले वन्दना गर्छु ॥ संपूर्ण सद्गुणका खानि (निधि) स्वरूप भएका सज्जनवर्गलाई प्रेमका साथ मधुर वचनले प्रणाम गर्छु ॥ ३ ॥ ४ ॥

साधु सरिस सुभ चरित कपासू ❀ निरस बिसद गुनमय फल जासू ॥५॥
जो सहि दुख परछिद्र दुरावा ❀ बंदनीय जेहि जग जसु पावा ॥६॥

सज्जनको चरित्र कपासजस्तो असल हुन्छ, [किनभने] जसको फल (परिणाम र गेडा) नीरस (संसारसुखविमुख र रूखो) भएर पनि विशद (स्वच्छ र सेतो) भईकन गुणमय (सद्गुणपूर्ण र धागै-

---

❀ मन्त्रसिद्धि गरिसकेका सज्जनबाट कृपापूर्वक सिद्धांजन पाएर निधि भेट्टाईकन कृतार्थ भएका मानिसको कथा यत्रतत्र लेखिएको देखिन्छ, कथा मात्र पनि होइन; निधिदर्शन गराउने विधि पनि यत्रतत्र लेखिएको देखिन्छ, परन्तु त्यसमा प्रवृत्त भएका कोही देखिएनन् । भारतवर्षको निधिविज्ञान घुम्दै घुम्दै रूपान्तर लिएर द्वीपान्तर पुगीकन संमानित भइरहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धागाको स्वरूप हुनजाने) हुन्छ, जो कपासतुल्य भएको सज्जनवर्ग दुःख सहेर पनि अर्काको छिद्र (गोप्य अङ्ग र बिग्रने मौका) ढाकिदिन्छ, जसले दुनियाँमा तारीफ गर्न लायक भएको सुयश पाएको छ।। ५-६ ।।(क)

मुद मंगल मय संत समाजू ❀ जो जग जंगम तीरथराजू ।।७।।

रामभगति जहँ सुरसरिधारा ❀ सरसइ ब्रह्म बिचार प्रचारा ।।८।।

बिधि निषेध मय कलिमल हरनी ❀ करमकथा रबिनंदिनि बरनी ।।९।।

हरि हर कथा बिराजति बेनी ❀ सुनत सकल मुद मंगल देनी ।।१०।।

सन्तहरूको समाज आनन्द र मङ्गल यी २ पदार्थका मिश्रणले बनेको हुन्छ, मानौं त्यो समाज दुनियाँभरीमा हिंड्ने (जंगम) तीर्थराज हो ।। ७ ।। जहाँ रामभक्तिरूपी भागीरथीको धारा, ब्रह्म विचार ब्रह्म-प्रचाररूपी-सरस्वतीको धारा, कलिमल हरण गर्ने विधिमय (विहित = यो गर्नु भनी वताइएका) र निषेधमय (निषिद्ध = यो नगर्नु भनी वताइएका) कर्मका कथारूपी रविनन्दिनी (यमुना) को धारा वर्णन गरिन्छ । श्रवण मात्रले सकल आनन्द सकल मङ्गल दिने हरिहरकी कथारूपी वेनी (३ नदीको संगम = त्रिवेणी) विराजमान छ, । [एकै ठाउँमा डल्लिरहने तीर्थराज प्रयागभन्दा यत्र-तत्र डुलेर लोकोपकार गर्ने सन्तसमाज-रूपी तीर्थराज सेवनीय छ] ।। ८ ।। ९ ।। १० ।।

बट बिश्वासु अचल निज धरमा ❀ तीरथराज समाज सुकरमा ।।११।।

सन्तसमाजरूपी तीर्थराज प्रयागमा दृढविश्वासरूपी अक्षय वट रहन्छ । त्यो वटवृक्षको निश्चलपना

(क) कपासको प्रशंसाष्टक

(१) शीतोष्णवातवर्षा सहेर वनमा प्रफुल्लता ल्यायौ ।
ऐंटाका अन्तरमा रहेर कति यातना पायौ ।।

(२) धुनियौ धमाधम अनी बटारियौ योग्यमा गनियौ ।
चर्खाका सुइरामा चढेर नाच्यौ र तानमा भरियौ ।।

(३) ठोकेर ठीक गरियौ पिटाइयौ काटिइयौ सिइयौ ।
दिनरात दैवगतिले निर्दयतासाथ गाथले दलियौ ।।

(४) रजकीय राज्य भोग्यौ ध्याम्पामा गुंसिएर रह्यौ ।
शौकीन-सभ्यहरूका इस्त्रीका चोटलाई सह्यौ ।।

(५) दुर्जनसमेत सबको दुर्मत हररोज राखि दियौ ।
हितका निमित्त सबको रूप हजारौं मजा बुझेर लियौ ।।

(६) चिथडा भएपछि पनि जडाउरीको स्वरूप लियौ ।
बिचरा गरीबगुरुवाहरूको गुजरा गराइदियौ ।।

(७) परतन्त्रता बिहोर्‍यौ सहिष्णुका श्रेणीमाथि चढ्यौ ।
तिम्रो कर्म छ कत्रो ! काहीं काहीं कात्रो भया र उठ्यौ ।।

(८) तिम्रा मुकाबिलाको चीज कुनै पाउनेछैनौं ।
स्यावास् कपास ! तिम्रो यो उपकार बिर्सनेछैनौं ।।

(९) आदर्शरूप तिम्रो दर्शन हररोज गर्दैछौं ।
'मङ्गल अवश्य मिल्ला' भन्ने बलियो उमेद धर्दैछौं ।।

।। इति शुभम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबहि सुलभ सब दिन सब देसा ❀ सेवत सादर समन कलेसा ॥१२॥
अकथ अलौकिक तीरथराऊ ❀ देइ सद्य फल प्रगट प्रभाऊ ॥१३॥

स्वधर्म हो, त्यो तीर्थराजको समाज (यात्रीगण) सुकर्म (पुण्यकर्म) हुन् , त्यो सन्तसमाज तीर्थराज सबैलाई सबै दिन सबै ठाउँमा सुलभ छ, त्यो सन्तसमाज तीर्थराज आदरका साथ सेवा गर्नेको सकल क्लेश शमन (नाश) गर्दछ । त्यो सन्तसमाजरूपी तीर्थराज अकथनीय (वर्णन गर्न नसकिने) र अलौकिक (लोकोत्तर) छ, प्रकटप्रभाव भएको त्यो तीर्थराज सद्यः (तुरुन्तै) (फल पुण्य र पुण्यजन्य ऐहिक पारलौकिक सुख) दिन्छ ॥ ११-१३ ॥

दोहा–सुनि समुझहिं जन मुदितमन मज्जहिं अति अनुराग ।
लहहिं चारिफल अछत तनु साधुसमाज प्रयाग ॥२॥

सज्जनहरू यो सन्तसमाजरूपी प्रयागको माहात्म्य सुनेर त्यसको मर्म बुझ्दछन् र प्रसन्न हुन्छन्, अनि खूब प्रेमका साथ त्यस प्रयागमा गोता लगाउँछन् (मिलन जान्छन्) र अक्षततनु (शरीर छँदैमा—यही जन्ममा) धर्म, अर्थ, काम, मोक्ष, यी ४ फल पाउँछन् ॥ २ ॥

चौ०–मज्जनफलु पेखिअ ततकाला ❀ काक होहिं पिक बकउ मराला ॥१॥
सुनि आचरज करै जनि कोई ❀ सतसंगति महिमा नहिं गोई ॥२॥
बालमीकि नारद घट योनी ❀ जिन निज मुखनि कही निज होनी ॥३॥

सज्जनसमाजरूपी तीर्थराजमा मज्जन (स्नान) गर्नाको फल तत्कालैमा देखिन्छ [के भने] [त्यहाँ मज्जन गर्नाले] काग पनि कोइली हुन्छ, बकुल्लो पनि हंस हुन्छ । यो कुरा सुनेर कसैले पनि आश्चर्य नमान्नु❀

सत्सङ्गको महिमा छिपेको छैन ॥ वाल्मीकि, नारद, अगस्त्य, यिनले आफ्ना मुखले आफ्नो आफ्नो होनी (हाल) बताएका छन् ॥ १ ॥ २ ॥ ३ ॥

---

(१) आदिकवि-वाल्मीकिले 'म अघि निन्दनीय आचरण गर्ने व्याधा थिएँ, साधुहरूको अनुग्रह पाएर हजूरको उल्टो नामाक्षर 'मरा' रूपी मन्त्र जप्ताजप्तै भक्तवत्सल दयासागर हजूरका करुणाले जगदादरणीय मुनिपुङ्गव र आदिकवि हुनगएँ भनी श्रीरामजीका हजूरमा विन्ति चढाएका छन् ।

(२) नारदमुनिले 'म अघिल्ला जन्ममा दासीपुत्र थिएँ, सज्जन साधुहरूले गरेका हरिकथाको कीर्तन सुन्न पाउँदा र उनको पूरापात खान पाउँदा मलाई भगवद्भजनमा रुचि लाग्यो, एकपटक सुनेबमोजिमको भगवान्‌को स्वरूप मेरो हृद-यमा झलमल्ल झल्क्यो । मेरो मन पल्क्यो, त्यो रूप फेरि फेरि पनि हेरौं भनेर धेरै प्रयत्न गरें परन्तु देख्न पाइनँ। 'यस जन्ममा तिमीले अब दर्शन पाउँदैनौ १ फेर दर्शन दिएर तिमीलाई पल्काएको हो' भन्ने आकाशवाणी सुनें, हताश भएर कीर्तन गर्दागर्दै मेरो शरीर छुट्यो । कालान्तरमा मेरो जीव ब्रह्माजीका काखबाट उत्पन्न भएर नारद नामले प्रख्यात भयो [म ब्रह्मपुत्रको अवस्थामा पुगें] । ऐले वीणा बजाउँदै हरिकीर्तन गर्दै आनन्दका साथ घुमिरहेको मस्त छु" भनी व्यासजीलाई आफ्नु २ जन्मको वृत्तान्त बताएका छन् ।

(३) 'स्ववेंश्या (उर्वशी-अप्सरा) लाई देख्ता कामान्ध भएका मित्रावरुण (देवविशेष) का घडामा स्खलित भएका वीर्य (शुक्र) बाट मेरो उत्पत्ति भएको हो । सत्सङ्गका प्रभावले भगवद्भक्ति र भगवत् कृपा पाएँ भनी रामभक्त-शिरोमणि अगस्त्य महामुनिले शङ्करजीका हजूरमा विन्ति चढाएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलचर थलचर नभचर नाना ❀ जे जड़ चेतन जीव जहाना ॥४॥
मति कीरति गति भूति भलाई ❀ जब जेहि जतन जहाँ जेहिं पाइ ॥५॥
सो जानब सतसंग प्रभाऊ ❀ लोकहुँ बेद न आन उपाऊ ॥६॥

संसारमा जलचर थलचर नभश्चर जड चेतन अनेक प्रकारका जति जीव छन्, [ती जीवहरूमा] जुन जीवले जहिले जुन प्रयत्नले जहाँ जो मति (सद्बुद्धि) कीर्ति सद्गति ऐश्वर्य भलाइ (कल्याण) पाएका छन्,-तिनै जीव सत्सङ्गको प्रभावलाई [ठीक २] जान्दछन्। अर्को [मति कीर्ति गति भूति भलाइ प्राप्त गराउने] उपाय छैन ॥ ४ । ५ । ६ ॥

जलचर[१]-थलचर[२]-नभचर[३]-जड[४]-चेतन[५] यी ५ प्रकारका अघिल्ला चौपाईमा बताइएका जीवले यथा-क्रम मति[१]-कीर्ति[२]-गति[३]-भूति[४] भलाइ[५] पाएका छन्।

बिनु सतसंग बिबेक न होई ❀ रामकृपा बिनु सुलभ न सोई ॥७॥
सतसंगति मुद मंगल मूला ❀ सोइ फल सिधि सब साधन फूला ॥८॥
सठ सुधरहिं सतसंगति पाइ ❀ पारस परस कुधातु सुहाई ॥९॥

विनासत्सङ्गत विवेक (यथार्थ ज्ञान) हुँदैन, रामजीको कृपाविना त्यो (सत्सङ्ग) सुलभ हुँदैन। सत्सङ्ग आनन्द र मङ्गलको मूल (जरो=उत्पादक) हो, त्यसको=सत्सङ्गरूपी मूल हुने आनन्दमङ्गलरूपी वृक्षको फल सिद्धि (मुक्ति) हो, फूल साधन (तप-स्वाध्याय-शौच-यज्ञ-दानप्रभृति) हो ॥ ८ ॥ सत्सङ्ग पाएर दुर्जन पनि सुध्रन्छ। पारसमणि (स्पर्श मात्रले लोहालाई सुवर्ण बनाइदिने मणि)को स्पर्श गरेर कुधातु (लोहा) पनि शोभायमान हुन्छ (सुवर्णै हुन्छ) ॥ ९ ॥

बिधिबस सुजन कुसंगति परहीं ❀ फनिमनि सम निज गुन अनुसरहीं॥१०॥
बिधि हरि हर कबि कोबिद बानी ❀ कहत साधुमहिमा सकुचानी ॥११॥
सो मो सन कहि जात न कैसें ❀ साकबनिक मनिगन गुन जैसें ॥१२॥

[(१) "जलचर—राघव नाउँ भएको ठूलो एउटा माछाले लोककण्टक रावणका निष्ठुरताले समुद्रमा डुबाइएकी कौसल्यालाई उनका पिता कोशलराजाका हजूरमा दाखिल गरेको थियो, कौसल्याको दशरथसंग विवाह भएपछि उनबाट रामजी पैदा हुनुभएको हो। रामजीले त्यो लोककण्टक रावणलाई मार्नुभयो, त्यो राघव माछाले मति (सद्बुद्धि) पाएको सत्सङ्गले हो।

(२) थलचर—गजेन्द्रले सद्गति पाएको वृत्तान्त भागवत भारतादिमा प्रसिद्धै छ। गजेन्द्रले पूर्वजन्मको सत्सङ्गका प्रभावले सद्बुद्धि उद्बुद्ध भएर कीर्ति पाएको हो।

(३) नभचर—जटायुले दण्डकारण्यनिवासी मुनिजनहरूको सङ्ग पाएर सद्गति पाएका हुन्।

(४) जड (पाषाण) रूपले रहेकी अहल्याले पतिप्राप्ति निजलोकप्राप्तिरूप ऐश्वर्य पाएको उनका अघिका सत्सङ्गका प्रभावले हो।

(५) चेतनजीव—हनूमान्‌ले भलाइ (कल्याण) पाएको सत्सङ्गैका प्रभावले हो।]" भनी कोही टीकाकार पूर्वोक्त २ चौपाईमा यथासंख्य अलङ्कार मान्दछन्।

"सत्सङ्गका प्रभावले ५ प्रकारका जीवमध्ये प्रत्येक जीवले मति-कीर्ति-सद्गति-भूति-भलाइ सब कुरा पाउन सक्छ। पूर्वोक्त जीवहरूमध्येमा उदाहरण गरिएका जीवले १।१ थोक मात्र पाए र ?, मति पाउनेले कीर्ति-भूति-भलाइ-सद्गति पाएन र ? तस्मात् यहाँ यथासंख्य अलङ्कार मानेर सत्सङ्गको प्रभावमा संकोच पार्नु मुनासीव छैन" भनी कोही भन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैवसंजोगले सज्जनहरू कुसङ्गमा परे पनि सर्पका फणाका मणिजस्तै आफ्नै गुणको अनुसरण गर्दछन् (आफ्नो गुण छाड्दैनन्) (सर्पको संसर्ग भए पनि मणिमा विषको संपर्क रहँदैन प्रत्युत त्यो मणि अनेक गुणपूर्ण रहन्छ ॥ १० ॥ ब्रह्मा विष्णु महेश्वर कवि-पण्डित यिनकी वाणी पनि साधुको महिमा भन्नुपर्दा संकुचित हुन्छिन् ॥ ११ ॥ त्यो (साधुमहिमा) मबाट बयान गर्न कसरी सकिंदैनभने ? जसरी सागपात बेच्ने पसलेबाट हीरा पन्ना माणिक प्रभृति मणिको गुण वर्णन गर्न सकिदैन त्यसै गरी [विचरा आलू भन्टाहरूको चर्चाले जिन्दगी बिताउने पसले हीरा पन्नाहरूको गुण के जानोस् र वर्णन गरोस्] ॥ ७-१२ ॥

दो०—बंदौं संत समानचित हित अनहित नहि कोउ ॥
अंजलिगत सुभ सुमन जिमि सम सुगंध कर दोउ ॥३॥
संत सरलचित जगतहित जानि सुभाउ सनेहु ।
बालबिनय सुनि करि कृपा रामचरण रति देहु ॥४॥

म अब समानचित्त (समदृष्टि) भएका कसैका उपर पनि शत्रु र मित्रभाव नगर्ने सन्तलाई वन्दना गर्छु । जो सन्त दाहिने बायाँ दुवै हातलाई सुगन्धित पार्ने अञ्जलिमा रहेका फूलजस्ता हुन्छन् । [अञ्जलिमा रहेका खुशबूदार (खूब मीठो बास्ना आउने) फूल दुवै हातलाई समभावले सुगन्धित पार्दछन् । यो हात मलाई बोटबाट चुँडेर ल्याउने हुनाले शत्रु हो—

पृष्ठ ११ लाइन ७ मा 'गर्दछ' र ॥५॥ को बीचमा थपः—[सबैलाई खुशी पार्ने आफ्नु व्रत कायम गर्दछ]

पृष्ठ ११ लाइन १६ मा 'गर्छु' को सट्टाः—गरिएको छ, [के भने ?]

पृष्ठ १२ लाइन २७,२८ मा 'धर्मशास्त्रले भनेको छ' को सट्टाः—धर्मशास्त्रले पनि भनेको छ ।

पृष्ठ १४ लाइन १० मा 'सम्झी' को सट्टा—सम्झिएर

पृष्ठ १५ लाइन १५ मा '॥८॥' पछि थपः—(क)

पृष्ठ १५ लाइन २६ को (क) को सट्टा :—(ख)

पृष्ठ १५ फुटनोटमा साबिकको सट्टा :—

(क) (१) चतुर्थ-अष्टम-द्वादश स्थान पाउँदा असल ग्रह पनि खराब गनिन्छन् । अरू स्थान पाउँदा ठिक्कैका र असल गनिन्छन् ।

(२) हर्रो-बर्रो-अमला-सूँठो-मरीच-पिप्ला प्रभृति मामूली औषधि पनि योगवाही भएका चन्द्रोदय-अभ्रक प्रभृति उत्तम औषधिको सहयोग पाउँदा उत्तम हुन जान्छन् ।

(३) मामूली पानी नालमा पर्दा नालै हुन्छ, सूर्य स्वाती नक्षत्रमा रहेका समयमा समुद्र र ताम्रपर्णी नदीका सिपीमा पर्नगयोभने त्यही मोतीको दाना बन्दछ ।

(४) फूल-अत्तर प्रभृतिमा लाग्दा वायु (हवा) आदरणीय हुन्छ, मल-मूत्र प्रभृतिमा लाग्दा परिहरणीय हुन्छ ।

(५) ठूला-बडाले पहिरेको खाँडी कोराको वस्त्र (खद्दर) र साधुसन्तले पहिरेको वृक्षवल्कल-कौपीन पनि संमानित हुन्छ, दुर्जनहरूले पहिरेको भडकदार चहकिलो उत्तमोत्तम वस्त्र पनि अदर्शनीय (हेर्न मुनासीब नहुने) हुन्छ ।

(ख) यस्ता प्रकारले जड-चेतन-यावत्पदार्थमा भगवद्भाव (राममयता) जानेर वन्दना गर्ने महात्मा तुलसीदासको योगारूढ (योगका उच्चकोटिमा पुगेको) अवस्था भागवत एकादश स्कन्धका निमिजायन्तसंवादमा बताएको अवस्था सँग मिल्दछ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवत्त्वां भावमात्रे भगवत्यपि भावताम् ।
भावयन्नेव भवति महाभागवतो जनः ॥

पृष्ठ १६ लाइन ५ मा 'चार प्रकारका' अगाड़ि थप :—❀

पृष्ठ १६ मा साबिकको फुटनोट (स्वं वायुमग्निं''''''प्रणमेदनन्यः) खारेज ।

पृष्ठ १६ मा नयाँ फुटनोट थप :—

❀ प्राणीका खानि (उत्पत्ति स्थान) ४ छन्—जरायु (सालनाल) बाट पैदा हुने—मनुष्य,चौपाया-पशु, वानर, प्रभृति प्राणी जरायुज कहिन्छन्, तिनमा वानरको जुनि (भेद) चारलाख (४,००,०००) छ । चौपाया पशुको भेद तीसलाख (३०,००,०००) छ ।

स्वेद (पसीना) बाट कृमि, कीट, पतङ्ग, मच्छड, जुम्रा, लिखा प्रभृति प्राणी स्वेदज कहिन्छन्, तिनको भेदसंख्या एघारलाख (११,००,०००) छ ।

अण्ड (फुल) बाट पैदा हुने प्राणीमध्येमा जलचर (माछा कछुवा गोही प्रभृति) को भेदसंख्या नौलाख (९,००,०००) छ, यिनीहरू अण्डज कहिन्छन् ।

अण्डबाटै पैदा हुने पक्षीहरू पनि अण्डज कहिन्छन्, तिनमा कोही नभश्चर (आकाशगामी), कोही जल्चर (पानीमा रहने), कोही उभयचर (पानी आकाशमा रहने) हुन्छन्, तिनको भेदसंख्या दशलाख (१०,००,०००) छ ।

पृथ्वीबाट उम्रने-तृण-गुल्म-लता-वृक्ष-वानस्पत्य-वनस्पतिहरू उद्भिज्ज-प्राणी कहिन्छन्, तिनको भेदसंख्या बीसलाख (२०,००,०००) छ । ती सबैलाई स्थावरयोनि भन्दछन् । पूर्वोक्त सबै जुनि (योनि) भोगेपछि जीवले मनुष्ययोनि पाउँदछ । [४ प्रकारका जुनिको भेदसंख्या ८४,००,०००]

स्थावरां विंशतिर्लक्षं नवलक्षं च वारिगाः ।
कृपयो रुद्रलक्षाणि दशलक्षाणि पक्षिणः ॥
त्रिंशल्लक्षाणि पशवश्चतुर्लक्षाणि वानराः ।
योनीरेताः प्राप्यजीवो मानुषत्वं प्रपद्यते ॥ [धर्म शा०]

पृष्ठ १७ लाइन २ मा '॥११॥' र 'अर्काको' बीचमा थपः—(**क**)

पृष्ठ १७ लाइन ३ मा '॥१२॥' पछि थपः—(**ख**)

पृष्ठ १७ लाइन ७ मा 'पोजिशन' को सट्टाः—**पुरानु अवस्था**

पृष्ट १७ लाइन २३ मा 'ठट्टा उडाउन्' र '॥२॥' को बीचमा थपः—**त्यस्तो नीचता हटाउने ठेका कसैले लिएको छैन]**

पृष्ठ १७ लाइन २३ मा (क) को सट्टाः—(**ग**)

पृष्ठ १७ लाइन २८ मा 'योग्य अधिकारीलाई' को अगाडिको '(क)' को सट्टाः—(**ग**)

पृष्ठ १७ मा फुटनोटको शुरुमा थपः—

(क) जस्तोसुकै भए पनि आफ्नु कविता आफूलाई मनपर्दछ [अरूलाई मनपर्दैनभने कत्रो खाँचो] आफ्ना प्राक्तन कर्मले पीडित भएका [असल सन्तान त्रिहोनें सद्भाग्य नभएका] प्राणीलाई कानु-कालो-गँडहा-नेप्टे-चिप्रे-छ्याके-छ्वाँके जस्तोसुकै भए पनि आफ्नु सन्तान प्यारै लाग्छ ।

जिह्वाकण्डू (जिभ्रो चिलाउने रोगविशेष) ले पीडित भएका [योग्यता नहुँदैमा पनि रचनाका रहरले जिभ्रो सकसकाएर फतफताइरहने] मानिसलाई दोषपूर्ण, कर्णकटु, भावसौन्दर्यहीन, रीतिहीन, निर्गुण, नीरस भए पनि आफ्नै कविता मनपर्दछ,—अर्काको सुन्दर-मधुर-सरस कविता उपयुक्त हुँदैन, मकैको खोयोजस्तै खस्रो, विरूप, रूखो आफ्नु कविता खूब उपयुक्त हुन्छ] ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काणकृष्णाद्वित्रगण्डाऽवटीटाप्रक्लिन्नाक्षीसक्षतादन्तुराऽपि ।
स्वैराचारैः प्राक्तनैः पीडितानांप्रीत्यैस्वीयासन्ततिर्मानवानाम् ॥
दोषैःपूर्णदुःश्रवादुष्टभावारीत्याहीनानिर्गुणानीरसापि ।
उक्तिः स्वीयारोचतेनान्यदीयाजिह्वाकण्डूपीडितेभ्योजनेभ्यः ॥

(ख) मात्सर्य-मद-ईर्ष्याले रहित भएका र आफ्ना बुद्धिका गाम्भीर्यले अर्काको बोध (स्याकत) जान्ने कोही धन्य पुरुष मात्र अर्काको सूक्ति पाएर प्रसन्न हुन पाउँछन् [अरूहरूलाई यो प्रसन्नता परम दुर्लभ छ]।

निर्मात्सर्यानिर्मदानिर्विरोधाधीगाम्भीर्याऽऽसादितान्यावबोधाः ।
धन्याःकेचित्केचिदेवान्यदीयाः सूक्तीः प्राप्यप्रीतभावंभजन्ते ॥

पृष्ठ २१ लाइन १७ मा 'भन्दछन्' र '॥१॥' को बीचमा थप :—※

पृष्ठ २१ लाइन २६ मा 'लाई कृतार्थ गर्दछन्' को सट्टा :—**को आगमन प्रयासलाई सफल गराउँछन्।**

पृष्ठ २१ लाइन ३१ मा 'पछिताउनु हुन्छ' को सट्टा :—**पछिताउन लाग्नुहुन्छ।**

पृष्ठ २१ लाइन ३२ मा 'मामूली मानि' को सट्टा :—**मामूली मानिसमा भक्ति गरेर त्यसैका बयानमा।**

पृष्ठ २१ मा फुटनोट थप :—

※ जन्मभूमिमा कदर नहुनामा कारण अतिपरिचय (ज्यादा हिमचिम) हो। अतिपरिचय र बराबर हिमचिम भयोभने अपमान अनादर हुन्छ, अर्थात् सुलभ वस्तु उत्तमोत्तम भए पनि आदर गरिंदैन। मलयपर्वतमा बस्ने भिल्लनारीहरू (किरातिनीहरू) श्रीखण्डको दाउरा बाल्दछन्।

अतिपरिचियादवज्ञा सन्ततगमनादनादरो भवति।
मलये भिल्लपुरन्ध्री चन्दनतरुकाष्ठमिन्धनं कुरुते ॥

पृष्ठ २२ लाइन १मा 'स को बयानमा' खारेज

पृष्ठ २३ लाइन २ मा 'हुन्' र '॥८॥' को बीचमा थप :—**['भनिति मोरि सब गुनरहित' भनेर खास मैले आफ्नु अयोग्यता कबूल गरेपछि पनि मेरा कवितामा खोट लाउने मानिस मभन्दा जड र मभन्दा मन्दबुद्धि नै हो]**

पृष्ठ २७ फुटनोटको (ख) मा 'ब्रह्मलोकमा' को सट्टा :—शेषशायी भगवानका अगाडि खडा

पृष्ठ ३० लाइन २४ मा 'चरण' को सट्टा :—**चरणमा**

पृष्ठ ३२ लाइन ३२ मा 'नारायण शक्तिरूपा' र 'जानकीजी' को बीचमा थप :—**(नारायणी)**

पृष्ठ ३२ फुटनोटको अन्तिम लाइनपछि थप :—

अतएव "शरणागतदीनार्तपरित्राणपरायणे। सर्वस्यार्तिहरे देवि नारायणी नमोस्तुते" यो मंत्रद्वारा अद्यावधि आर्तभक्तहरू रक्षित हुँदैछन्।

पृष्ठ ३४ लाइन १७ मा "नाम" पछि थप :—**(अध्यात्म)**

पृष्ठ ३४ लाइन २० मा 'आएपछि' र गणेशजी' को बीचमा थप :—ब्रह्माजीले

पृष्ठ ३५ लाइन ३ को 'रघुपति' देखि लाइन ६ को 'बाँच्तैन' को सट्टाः—**तुलसीदास भन्दछन्, रघुपति रामचन्द्रकी भक्ति वर्षाऋतु हो, सुदास = भक्त (परमकिङ्कर) शालिधान हो, [हिउँदमा हुने जौ चना मटर गहुँ जस्तो होइन, वर्षा ऋतु भएनभने यो मरिहाल्छ]। [१ ऋतुमा दुई महीना हुन्छन्] भक्तिरूप वर्षाऋतुमा "रा" यो श्रावण महीना हो,—"म" यो भदौ हो [यी दुई महीना राम्ररी पायो (जानेर-जप्योभने) सुदास (सद्भक्त) सप्र्यो, नत्र हर्गिज बाँच्तैन !]**

पृष्ठ ३५ लाइन २१ को 'वर्णन' पछि थपः—**(उच्चारण)**

पृष्ठ ३६ लाइन १९ मा 'नामद्वारा' को सट्टाः—**नामजपद्वारा**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ३९ लाइन ३३ मा 'डिग्री पढे' को सट्टा---**धारा उचो पुगे**

पृष्ठ ४० लाइन २४ मा 'हरिनाम' को सट्टाः—**रामनाम**

पृष्ठ ४२ लाइन १६ पछि र लाइन १७ को माथि थपः—**मासपारायण प्रथम विश्राम**

पृष्ठ ४३ लाइन २० र लाइन २१ को बीचमा थपः—संस्कृत श्लोक

पृष्ठ ४३ लाइन २४ मा 'स्मर्तॄणां' को सट्टाः—स्मर्तृणां

पृष्ठ ४३ लाइन २४ र २५ को बीचमा थपः—

भाषा श्लोक

श्मशानै छ क्रीडास्थल सहचर प्रेतहरू छन्
छ मुण्डैको माला तनभरि चिताभस्म अझ झन् ।
रहोस् लौ त्यस्तै त्यो चरित प्रभुको खूब अभलो
त्यही संझी संझी जगत लिन यो सक्तछ भलो ॥

पृष्ठ ५० लाइन ३० मा 'कारणवश' र 'तिनले' को बीचमा थपः—निर्गुणको उपासनापट्टि रुचि नगरेर सगुणको उपासनामा हठ गरेको हुनाले

पृष्ठ ५९ लाइन ३ मा 'विचारले' र 'खूब सुन्दर' को बीचमा थपः—**रचिएका**

पृष्ठ ७० लाइन २९ को 'डर' देखि लाइन ३१ को 'लाज' सम्मको सट्टाः—**['मेरो परीक्षा यो लिन खोज्दछ ए' भन्ठान्नुहुन्छ कि भन्ने] डर र ['यस्तो बूढो भएर पनि यत्ति कुरो नजान्ने' भन्नुहुन्छ कि भन्ने] लाज लाग्दछ**

पृष्ठ ७३ मा साविकको फुटनोट खारेज र त्यसको सट्टाः—

(क) चकोरपक्षी चन्द्रमाको किरण चुस्तछ, आगाका फिलुङ्गा पनि चपाइदिन्छ । चन्द्रोपासक त्यो पक्षी अद्भुत गुणका प्रभावले सर्वादरणीय भएको छ । कुनै कविले—

'चन्द्रमा अमृतको पिण्ड (डल्लो) हो' भन्ने पण्डितवर्गकी वाणी सत्य हो [किनभने–] आगाको फिलुङ्गो चपाएर दग्ध हुनलागेका चकोरहरू पूर्वदिशामा चन्द्रमा देखिनेबित्तिकै [चन्द्रकिरण चुस्न] चुचो चञ्चल गरिरहेका हुन्छन् भनी चकोरलाई अमृतप्रेमी भनेर आदरदृष्टिले वर्णन गरेका छन्, जस्तै—

पीयूषपिण्ड इति पण्डितवर्गवाणी सत्या फुलिङ्गचयचर्वणदह्यमानाः ।
चन्द्रे चकासति पुरन्दरदिग्विभागे चञ्चूपुटं चटुलयन्ति चिरं चकोराः ॥ [सूक्तिसंग्रह]

कुनै कविले भने—

"दिशाहरू स्वभावैले हँसिला (उज्याला) भएका हुन् [चन्द्रमाले उज्याला पारेका होइनन्], चन्द्रकमल पनि स्वभावैले फक्रेका हुन् [चन्द्रले फकाएका होइनन्], पेटपाला (खंचुवा) चकोरहरू चन्द्रिकारूपी दहिसातु पिइरहन्छन् [त्यति जाबो कुराले चन्द्रको तारीफ गर्न सकिंदैन, चन्द्रिका दहिसातु हो, त्यो खाने चकोर सतुवा-भोजी तुच्छ पक्षी हो]। चन्द्रमा अत्रिमुनिका नेत्रबाट पैदा भएका हुन्' भन्ने विश्वसनीय-शास्त्रीय वचनका आधारमा ती (चन्द्रमा) आँखाका चिप्राका ढिका (डल्ला) स्वरूपै ठहरिन्छन् । त्यस्ता चन्द्रमामा दुनियाँले अमृतकिरण-पीयूषरश्मि-सुधादीधिति, इत्यादि पदवी जोरेर प्रेम बढाएको देख्ता मलाई बडो अफसोस लाग्दछ" यो आशयको उद्‌गार पनि निकालेको जस्तै छ ।

स्मेरा दिशः, कुमुदमुद्भिरं, पिबन्ति ज्योत्स्नाकरम्भमुदरम्भरयश्चकोराः ।
आः ! कीदृगत्रिमुनिलोचनदूषिकायां पीयूषदीधितिरिति प्रथितोऽनुरागः ॥ [मुरारि महाकवि]

(*) अगस्त्यऋषि उर्वशी अप्सराका रूपसौन्दर्यले मोहित भएका मित्रावरुणनामक देवताको स्खलित भएको वीर्य घड़ामा गिर्न गएर पैदा भएका हुन् । यिनको महत्त्व साह्रै ठूलो छ । यिनले बढेर सूर्यगति रोकिदिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विन्ध्यपर्वतलाई यथास्थित पारेर दुनियाँको दुःख हटाएको वृत्तान्त स्कन्दपुराणका काशीखण्डमा विस्तारपूर्वक लेखिएको छ। यिनैले इल्वल र वातापि नाम भएका दुष्ट दैत्यलाई हजम पारेर हजारौं तपस्वीहरूको हत्या हटाइदिएका छन्। अद्यावधि यी महात्मा तारारूपले आकाशमा दक्षिणपट्टि सूर्य हस्त नक्षत्रमा जाँदा उदाउँछन्, रोहिणीमा पुग्दा अस्ताउँछन्। यी उदाएमा यिनको पूजा अर्घदान गर्नाले सबैको र विशेष गरेर राजाको कल्याण हुन्छ भनी बृहत्संहितामा लेखिएको छ। यिनको पूजन-अर्घदान-प्रार्थनाविधि धर्मशास्त्रका प्रत्येक निबन्धमा लेखिएको छ।

स्मरणादपि पापमपाकुरुते किमुत स्तुतिभिर्वरुणाङ्गरुहः।
मुनिभिः कथितोऽस्य यथाऽर्घविधिः कथयामि तथैव नरेन्द्रहितम् [बृहत्संहिता]

यसै कारणले जगद्गुरु भगवान् शङ्करजी सपत्नीक भएर यिनका आश्रममा जानुभयो। केही दिन त्यहीं बस्नुभयो, मित्रतापूर्ण राममाहात्म्यचर्चा-गरेर सहर्ष फर्कनुभयो।

पृष्ठ ७४ लाइन २३ मा 'लालच (उत्कण्ठा) गर्न लाग्दा' को सट्टा :—**लालची (उत्कण्ठा गर्ने) भएका छन्।**

पृष्ठ ७६ लाइन ३ मा 'गरेर' देखि लाइन ५ को 'भन्दै' सम्मको सट्टा :—**गरेर यिनै लीला विहारको कीर्तन स्मरण गर्ने जनलाई पवित्र पार्ने भएका प्रभुको सदा जय रहोस् बारंबार यसो भन्दै**

पृष्ठ ७७ लाइन १९ मा '॥२॥' पछि थप :—※

पृष्ठ ७७ मा फुटनोट थप :—

× वेदहरू 'अर्थात अदिशो नेतिनेति' यस्ता प्रकारले ब्रह्मको निरूपण गरेर उनका अगोचरता प्रभृतिका कीर्तिको गान गर्दछन्। पुराणशास्त्रहरू, "त्यो ब्रह्म देवता पनि होइन, दैत्य-दानवहरू पनि होइन, मनुष्य पनि होइन, पशु पनि पक्षी पनि होइन, स्त्री पनि पुरुष पनि नपुंसक पनि होइन, मामूली प्राणी पनि होइन, गुण पनि कर्म पनि होइन, सत् पनि असत् पनि होइन, संसारवर्ती यावत् पदार्थ होइन होइन भन्दा भन्दा जो वस्तु शेष रहन्छ (जसलाई नमानी सुखै पाइँदैन, जुन वस्तु नभएका खण्डमा, देव-दैत्य-दानव मनुष्य-पशु-पक्षी-स्त्री-पुरुष-नपुंसक-मामूली प्राणि-गुण-कर्म-कार्य-कारणस्वरूप यो जगत्को सृष्टि-स्थिति-प्रलय हुनसक्तैन) तथा जो सर्वस्वरूप छ, ईश्वर त्यही हो, यसका महत्त्वको वर्णन गर्न सकिदैन, केवल जयजय भनेर उसको स्तुति गरिन्छ" यो आशय भएका—

स वै न देवासुर मर्त्यतिर्यङ् न स्त्री न षण्ढो न पुमान् न जन्तुः।
नायं गुणः कर्म न सन्नचासन्निषेधशेषो जयतादशेषः [श्रीमद्भाग० ८।३।२४]

इत्यादि वचन देखाउँछन्।

पृष्ठ ७८ लाइन १७ मा 'भएको छ' को सट्टा :—**भएको थियो**

पृष्ठ ८० लाइन ३ मा 'देख्नुभयो' को सट्टा :—**देख्नुहुन्थ्यो**

पृष्ठ ८१ लाइन १० मा 'मासपरायण–द्वितीय विश्राम' को सट्टा :—**[मासपारायण २ दिन]**

पृष्ठ ८२ लाइन १७ मा 'मेरो भेट' र 'हुँदैन' को बीचमा थप :—**[स्त्री पुरुषका नाताले सहवास]**

पृष्ठ ८२ लाइन २४ मा 'प्रण गर्दछ' को सट्टा :—**प्रण गर्न सक्तछ**

पृष्ठ ८६ लाइन २९ मा '॥७४॥' पछि थप :—**[सतीको यो प्रार्थना सुनेर शंकरजी बोल्नुभयो]**

पृष्ठ ८८ लाइन २२ मा 'भएका' र 'दुःखले' को बीचमा थप :—**पति परित्यागका**

पृष्ठ ९० साबिकको फुटनोटको (ख) को सट्टा

सतीदेवीको यो चरित्रबाट
बाबूले यज्ञ गर्दा सब दिदी बहिनी डाकिई रद्द पर्दा
निम्तासिम्ता नगर्दा पनि गई हठले बाबुको मन् न पर्दा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बेपर्दा भै सतीले रिस गरि बहुतै यज्ञका बीच मर्दा
जान्यौ ? सज्ञान-जन्हो : पर-गृह नगए लोभले बुद्धि हर्दा ।।
[पुरुषार्थकल्पवल्ली]

दुनियाँले यस्तो उपदेश लिनुपर्दछ ।

पृष्ठ ९३ लाइन २१ मा 'पार्वतीका'' को अगाड़ि थप :—''देवर्षि नारदको वचन असत्य हुँदैन,'' [यो कुरा सबैले जानेका थिए] पार्वतीले त्यो वचन (नारदले बोलेको वचन र आफूले अघि देहत्याग गर्दा रामजी-संग प्रार्थना गरेको वचन) हृदयमा राखिछाडनुभएको थियो । अतएव

पृष्ठ ९५ लाइन १५ को 'मदिरा' देखि लाइन २० को 'जीव) र ?' सम्मको सट्टा :—

मदिरा गङ्गाजीका पवित्र जलले बनाएको हो भनेर जाने पनि सन्तहरू त्यो मदिरा कहिल्यै पिउँदैनन् [किनभने ? गङ्गाजल पवित्र हो तापनि अपवित्र मदिराका पदार्थमा मिल्न गएको छ । जसरी निर्मल ब्रह्म शरीरमा रहँदा मलिन जीव हुन्छ] [फेरि त्यो मदिरा] गङ्गाजीका प्रवाहमा मिल्न जाँदा पनि [गङ्गाजीका जलप्रवाहको अन्तर्गत भएको त्यो मदिरा] पवित्रै हुन्छ, त्यो कसरी ? [त्यति जात्रो मदिराले त्यत्री गङ्गाजीलाई अपवित्र पार्न सक्तैन—अर्थात् ठूलामा एक जीउ भई मिल्न गएको सानो पनि ठूलो हुन्छ । सानामा एक जीउ भई मिल्न गएको ठूलो पनि थोरै भइदिएको हुनाले सानो हुन्छ ।] ईश (ईश्वर) र अनीश (जीव)

पृष्ठ १०२ लाइन ६ मा 'पर्वत पुत्रि' को सट्टा :—गिरिराजकिशोरी

पृष्ठ १०४ लाइन १२ मा 'ठहर्दछन् !' 'खसछन् !' को सट्टा :—ठहर्दछन् र ? [खस्रछन् र ?]

पृष्ठ १०४ लाइन २५ देखि २८ सम्मको सट्टाः—कन्याले सुन्दर वर रोज्नुपर्छ (त्यो नहुने भयो—शिवलाई सारा संसार विरूपाक्ष भन्दछ) । कन्याका बाबुले शास्त्र इलम जानेको वर रोजी दिनुपर्दछ (त्यो नहुने भयो—शिवले कसैलाई गुरु मानेर केही पढे गुनेको कुरा सुनिएको छैन) । कन्याकी माताले धन दौलत भएको वर रोज्नुपर्दछ (त्यो नहुने भयो—शिवाजी धनवान् भएदेखि दिगम्बर (नङ्गा) र श्मशानवासी कपालधारी किन हुन्थे ?) । कन्यापक्षका बान्धवले कुलघराना रोज्नुपर्दछ (त्यो नहुने भयो—शिवजीका आमा बाबु को छन् ? कोही जान्दैन) अरू इष्ट-मित्रले भोजभतेर राम्रो रोज्नुपर्दछ (त्यो पनि नहुने भयो—दिगम्बरका घरमा भोज भतेरको आडम्बर किन हुन्थ्यो ?) यो कुरा हामीले फर्माएर भनेको होइन है—

पृष्ठ १०६ लाइन ३ मा (र पार्वतीको बीचमा थप्नेः—यति भनेर फेरि

पृष्ठ १०७ लाइन १० मा 'जन्मिन्' को सट्टाः—जन्म लिइन्

पृष्ठ ११२ लाइन ७ मा 'ठण्डापना' को सट्टाः—शीतलता

पृष्ठ ११३ लाइन ४ मा 'डराए ।' र 'असुरहरू' को बीचमा थपः—(ख)

पृष्ठ ११३ मा फुटनोट थपः—

(ख) कामदेव दग्ध हुँदा देवताहरू किन डराए ?

''कामदेवद्वारा शंकरजीको समाधि भङ्ग गराएर पार्वतीसँग दाम्पत्य गराईकन शङ्करपुत्रको आविर्भाव गराउ र तारकासुरका उपद्रवबाट बच्नेछौ'' भन्ने ब्रह्माजीको आज्ञाअनुसार देवताहरूले फुल्याई फकाई सुन्याई-कन शङ्करजीको समाधि भङ्ग गर्नाका निमित्त कामदेवलाई पठाएका हुन्, कामदेवले संमोहनास्त्रको प्रयोग गरे । शंकरजीको समाधि छुट्यो, नेत्र उघार्नुभयो, ललाटको तृतीय नेत्रबाट प्रचण्ड अग्निज्वाला निस्क्यो, त्यही नेत्राग्नि-ज्वालाले तुरन्तै कामदेवलाई भस्मीभूत पाऱ्यो, 'प्रभु' ! क्रोध रोक्नुहोस्–रोक्नुहोस्' यस्ता देवताका आर्तवचनले आकाशमा फैलिने टाइम नै पाएका थिएनन् (त्यति चाँडो कामदाह भयो)'' । भनी कवि-कुलमुकुटमणि कालीदासले पनि भनेका छन् । कामदेवलाई फुल्याई फकाई समाधि भङ्ग गर्न पठाउने देवताहरूले डराउनै पर्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रोधं प्रभो ! संहर संहरेति यावद् गिरः खे मरुतां चरन्ति ।
तावत्स वह्निर्भवनेत्रजन्मा भस्मावशेषं मदनं चकार ॥ [कुमारसंभव]

पृष्ठ ११४ लाइन ६ मा 'शंकर-प्रार्थना' झिकिएको

पृष्ठ ११४ लाइन १९ मा 'अभिलाषा यो छ' को सट्टा :—**अभिलाषा यस्तो छ**

पृष्ठ ११४ लाइन ३० मा 'स्वीकार' पछि थप :—**[अनुग्रह]**

पृष्ठ ११५ लाइन १६ मा 'कामदेव' को सट्टा :—**कामदेवलाई**

पृष्ठ ११५ लाइन १६ र १७ को बीचमा थप :—**मासपारायण तृतीय विश्राम**

पृष्ठ १२० लाइन २८ मा 'बूढाबाँ (बलिया बाङ्गा)' को सट्टा :—**पाका (बलियाबाङ्गा समझदार)**

पृष्ठ १२१ लाइन १९ मा "।।२।।" पछि थप :—**ख**

पृष्ठ १२१ मा फुटनोट थप :—

(ख) दुलहीका आमाहरू जन्ती पर्सन जाने चलन भारतवर्षमा कहीं २ अद्यावधि छँदैछ ।

पृष्ठ १२९ मा साविकको फुटनोटको सट्टा :—

(क) साइत गरेर हिंडेका व्यक्तिलाई आपस्त व्यक्तिले पुऱ्याउन जाँदा टाढा २ सम्म जान हुँदैन [जलाशय पुगेपछि फर्कनुपर्छ] आपस्तलाई लिन जाँदा त टाढा २ सम्म जानुपर्छ । अनुगमन र अभिगमनको (पुऱ्याउन जाँदाको र ल्याउन जाँदाको) यो नियम प्राचीन आचारशास्त्रमा लेखिएको छ ।

यमिच्छेत्पुनरायान्तं न तं दूरमनुव्रजेत् ।
आयान्तं सुहृदं ज्ञात्वा प्रीत्यादूरमभिव्रजेत् ॥ [आचार–]

(ख) "उत्तम देवताहरूको संभोग श्रृङ्गार वर्णन गर्दा बाबूआमाको संभोग बखानेजस्तो अत्यन्त अनुचित हुन्छ,

रतिः संभोगश्रृङ्गाररूपा उत्तमदेवताविषया नवर्णनीया । तद्वर्णनं हि पित्रोः संभोगवर्णनमिवात्यन्तमनुचितम् ।
[साहित्यसागर कर्णधार–मम्मट भट्ट]

पृष्ठ १३३ लाइन ३० मा 'भनेको' र त्यही' को बीचमा थप :—**वस्तु**

पृष्ठ १३४ लाइन ७ मा 'भन्नुभयो' को सट्टा :—**विन्ति गर्नुभयो**

पृष्ठ १३४ लाइन २० मा 'शशिभूषण !' र 'जसको' बीचमा थप :—**हे नाथ !**

पृष्ठ १३४ साबिकको फुटनोटको सट्टा :—

(१) गीत-वाद्य-नृत्य-नाट्य प्रभृति ६४ कलाको वर्णन वात्स्यायनसूत्रमा संक्षेपले गरिएको छ । तिनको विस्तृत वर्णन शैवतन्त्रमा छ ।

(२) पुरुषवर्गमा रहनुपर्ने मुख्य (पौरुष) गुण—शोभा १, विलास २, माधुर्य ३, गाम्भीर्य ४, धैर्य ५, तेज ६, ललित ७, औदोर्य ८ यी आठ हुन् ।

शूरता[१] (भयशून्यता), दक्षता[२] (कर्मकुशलता), सत्यभाषिता[३], महोत्साहता[४], जनानुरागिता[५], दीन-दयालुता[६], प्रबलस्पर्धिता, यी[७] गुणको एकत्र यथासम्भव स्थिति भएमा यौटा अनिर्वचनीय सुन्दरेता हुन्छ, त्यही सुन्दरता पौरुषगुणमध्येको प्रथम गुण 'शोभा १' कहिन्छ ।

हिंडाइ र हेराइमा गम्भीरता, बोलाइमा स्मितपूर्वाभिभाषिता (हाँसेर पहिले बोल्ने बानी) गराउने पौरुष गुण 'विलास २' कहिन्छ ।

व्यग्रताको अवस्था परेमा पनि व्याकुल नगराउने गुण 'माधुर्य ३' कहिन्छ ।

भय-शोक-क्रोध-हर्षले पीडित नभएर निर्विकार राख्ने गुण 'धैर्य ५' कहिन्छ ।

पराइले गरेको अपमान निन्दा सहन नसक्ने,—गराउने गुण 'तेज ६' कहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वचन र वेष (भेष) मधुर (जनप्रिय)) गराउने गुण 'ललित,' कहिन्छ ।

मीठो बोलेर दिने,—शत्रुमित्रमा समानता राख्ने—गराउने गुण 'औदार्य ८' कहिन्छ ।

पृष्ठ १४३ लाइन ३१ मा 'टाढा छ' पछि थप '—**भनी खगोलवेत्ताहरू भन्दछन्**

पृष्ठ१४७ लाइन २६ र २७ को बीचमा थप := **मासपारायण चतुर्थ विश्राम, नवाह्पारायण प्रथम विश्राम**

पृष्ठ १४८ लाइन ३ का प्र० नवाहको सट्टा:—[**नवाह. प्र. वि. १**]

पृष्ठ १५१ लाइन २४ मा 'दिइन' पछि थप :—**तदनुसार जालन्धर दोस्रो जन्ममा रावण भयो, त्यसको दुर्वारण नामक मन्त्री कुम्भकर्ण भयो ।**

पृष्ठ १५८ लाइन १ देखि ४ सम्म साबिकको सट्टा :—**नारदले सब लक्षण हेरेर मनमा विचार गरे, त्यो विचार मनैमा राखे [प्रकट गरेनन्] [कस्तो विचार गरेभने'] "यी कन्यालाई जसले वरण गर्ला त्यो पुरुष अमर हुनेछ, त्यसलाई युद्धभूमिमा कसैले जित्ने छैन, यी शीलनिधिकी कन्या जसलाई वरण गर्लिन्, त्यसलाई सकल चराचर जगत्ले सेवा गर्नेछ" [यस्तो विचार गरेपछि] केही कुरा बनाएर राजासँग बोले ॥३॥४॥५॥**

पृष्ठ १५८ मा साविकको फुटनोटको सट्टा :—

× स्वयंवरमा कन्याले वरण गर्छन् , पुरुष वरण गरिन्छन्, [कन्या कर्त्री हो, पुरुष कर्म हो] त्यो कुराको होश नराखेर पहिलो वाक्यको विचार मनमा भयो, अलि बेरपछि दोस्रो वाक्यको उचित विचार मनमा आयो ।

महात्मा नारदजी त्स वेलामा राजकन्याका सौन्दर्यले मोहित हुनुभएको थियो । के गर्नु ! अवस्थाले गर्दा विचार लर्बरिन गयो ।

पृष्ठ १६२ लाइन १० मा 'अपहत्या गरेर' को सट्टा :—[**अपहत्याले**]

पृष्ठ १६३ लाइन १२ मा "अपकार' र 'गर्‍यौ' को बीचमा थप :—[**आशा भङ्ग**]

पृष्ठ १७३ लाइन १५ मा '॥१॥२॥' पछि थप :—[**अनि—**]

पृष्ठ १७३ लाइन ३२ मा 'यो वचन सुनेर (विष्णु भगवान्ले) राजा !' को सट्टा :—(**यो वचन बोले, त्यो सुनेर विष्णु-भगवानले) "राजा !"**

पृष्ठ १७६ लाइन २४ र २५ को बीचमा थप :—**मासपारायण पञ्चम विश्राम**

पृष्ठ १७८ लाइन २५ मा '[वात्स्या०]' को सट्टा :—[वात्स्यायनसूत्र]

पृष्ठ १७८ मा लाइन २७ र २८ को बीचमा थप :—श्रोत्रत्वक्चक्षुर्जिह्वाघ्राणानामात्मसंयुक्तेनमनसाधिष्ठितानांस्वेषुस्वेषु-विषयेष्वानुकूल्यतःप्रवृत्तिःकामः [वात्स्यायनसूत्र]

पृष्ठ १७९ को फुटनोटमा अन्तिम लाइन रूपले थप :—एषां समवाये पूर्वः पूर्वो गरीयान्

पृष्ठ १८० लाइन २४ मा 'गर्नुपर्दछ' र 'ब्रह्मज्ञान'को बीचमा थपः—आज्ञाको उल्लङ्घन गरेर राम्रै काम गरे पनि ईश्वर प्रसन्न हुँदैन, आज्ञाविरुद्ध गरिएको काम लोकदृष्टिले राम्रै देखिए पनि न्यायदृष्टिले हेर्दा अति नराम्रो ठहरिन्छ ।

पृष्ठ २०४ मा लाइन ३० पछि थपः—(**मासपारायण षष्ठ विश्राम**)

पृष्ठ २०५ लाइन २८, २९ को सट्टाः—

अलुब्धैर्दानशीलैश्च सतीभिः सत्यवादिभिः ।
गोभिर्विप्रैश्च वेदैश्च सत्तभिर्धार्यते मही ॥ [स्कन्द पु० काशी० २।९०]

पृष्ठ २११ लाइन ९ मा 'श्रृङ्गी ऋषि' र 'लाई' को बीचमा थपः—[**ऋष्यश्रृङ्ग**]

पृष्ठ २१९ लाइन १७ को अन्त्यमा थपः—ॐ

पृष्ठ २१९ मा फ़ुटनोट थप :—

× लक्ष्मणजीको नाम सबभन्दा पछि किन राखियो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"नामकरणमहोत्सवका दिन महाराज दशरथका प्रार्थना अनुसार राजगुरु वशिष्ठ महर्षि सहर्ष भई उपस्थित भएर राजभएको थियो । वहाँका अगाड़ि ३ जना महारानीहरू आफ्ना आफ्ना प्रिय पुत्रलाई काखमा राखेर बस्नुभयो । राजगुरुले अरू विधिविधान समाप्त गरेर कौसल्या महारानीका नगीचमा गईकन प्रथम राजकुमारको नाम 'राम' राख्नुभयो, रामजीको नाम राख्नेवित्तिकै तृतीय कुमार प्रथम कुमारतर्फ हेरेर चिच्याई रुन लाग्नुभयो, सुमित्रा महारानीले फुल्याउन सक्नुभएन । केही सीप लागेन । कौशल्या महारानीले लिएर बायाँ काखमा राख्ता टप्प चूप लागेर मुहार हँसिलो पार्नुभयो । [न्वारानका दिनदेखि नै रामजोको साहचर्य शुरू गर्नुभयो] । अनि राजगुरुले कैकेयीका समीप गईकन द्वितीय कुमारको नाम 'भरत' राख्नुभयो र सुमित्रा महारानीका समीप गईकन चतुर्थ कुमारको नाम 'शत्रुघ्न' राख्नुभयो, [वल्ल २ चूप लागेका तृतीय कुमारलाई रुवाएर फेरि सुमित्राका काखमा ल्याईकन फेरि रुवाएर क्रमोचित नामकरण गर्नुभन्दा व्युत्क्रमको दोष सहन गरेर पछिबाट प्रसन्नवदन भएका कुमारको नामकरणलाई समुचित ठान्नुभयो], अनि फेरि कौशल्या महारानीका समीप गईकन तृतीय कुमारको नाम 'लक्ष्मण' राख्नुभयो भनी गोस्वामीजीका रचनाको तात्पर्यानुसन्धान गर्ने रामानुजसंप्रदायी साधुहरूले भनेका छन् ।

पृष्ठ २२४ लाइन १४ को अन्त्यमा थप :—(क)

पृष्ठ २२४ लाइन २३ को '(क)' र फुटनोट खारेज

पृष्ठ २२४ लाइन २६ को अन्त्यमा थप :—(ख)

पृष्ठ २२४ मा फुटनोट थप :—

(क) "एकाग्र पारेका मनले जसलाई खोज्दा खोज्दा यतिका दिनसम्म हामी थकित भएका थियौं, वडो अफसोसको कुरा हो, त्यो वस्तु फेला परेको थिएन । आजभने त्यही वस्तु दशरथ महाराजका पटाङ्गिनीमा खेल्ने भएर हाम्रा दुवै आँखाका अगाडि पर्न आयो, क्या दया ! वडो मोज भयो"–"यो आशयले कुनै भक्तका मुखबाट—

श्रान्ता अभूम सुचिरं हन्त ! हृदा यं विचिन्वन्त :
पङ्क्तिरथाजिरचारी स एव दिष्ट्याऽद्य चक्षुषोः पुरतः ॥

यस्तो उद्गार निस्कनुपर्दछ ।

(ख) 'हत्पति नभेट्टिएको योगिहरूका तलाशमा जो ही ।
दहिले ल्त्पतिएको अहिले त्यो खास देखियो ओहो !'

त्यो अवस्थामा दर्शन पाउने ज्ञानवान् भक्तले यस्तो उद्गार निकालेको होला ।

पृष्ठ २२५ फुटनोटको अन्तमा थप :—आफ्ना प्रिय पुत्रहरूलाई अति परिश्रम परेको देख्ता पुत्रवत्सला जननीहरू आज पनि प्रेमले फतक्क गल्दछन् ।

पृष्ठ २३० लाइन २२ पछि थप :—

अर्थ

बाबु ! रघुनन्दन ! यसलाई मारिदिनाले सबैको व्याकुलता हट्तछ, सबै सुखी हुन्छन् । त्यसो हुनाले यसको वध पुण्यदायक छ । हे नरोत्तम ! तिमीले स्त्रीवध गर्नामा घृणा गर्नु मुनासीब छैन, राज्यभार धारण गर्नालाई [परमेश्वरबाट] खटिएका मानिसको यो [दुष्ट निग्रहद्वारा शिष्टको रक्षण गर्नुरूप कर्म] सनातन धर्म हो । हे ककुत्स्थकुलनन्दन ! यो पापिनीलाई मार, यसमा धर्म बिलकुल छैन । हे जनपाल ! अघि पृथ्वीको नाश गर्न खोज्ने—विरोचन दैत्यकी छोरी—मन्थरा-नाम्नी—दुष्टा स्त्रीलाई इन्द्रले मारे भन्ने कुरा जगत्प्रख्यात छ ।

पृष्ठ २३२ लाइन ५ को अन्त्यमा थपः--[**मुनिले भने कि—**]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ २३२ लाइन १० को अन्त्यमा थप :—**[यो वचन सुन्दा रामजीले त्यो शिलालाई पाउले छुनुभयो]**

पृष्ठ २३४ मा लाइन ११ र १२ को बीचमा थप :—**(मासपारायण सप्तम विश्राम)**

पृष्ठ २३४ लाइन् १७ मा 'विश्वामित्रजीले भने कि' को सट्टा :—**विश्वामित्रजीले भन्नुभयो कि**

पृष्ठ २३४ मा लाइन २३ मा 'देखिए', र 'तिनले' को बीचमा थप :—**विनताकी छोरी सुमति सगर राजर्षिकी कान्छी रानी हुन्। तिनले पैदा गरेका ६० हजार पुत्र वैनतेय (गरुड) का भानिज हुन्। अतएव भानिजहरूको त्यो दुरवस्थामा**

पृष्ठ २३६ लाइन १८ को अन्त्यपछि थप :—**[विश्वामित्रजीले रामजीलाई सुनाएको वृत्तान्त यत्ति हो] टीकाकार को वक्तव्य**

पृष्ठ २३७ लाइन २३ मा '(सुन्दरकाण्ड हेर्नुपर्दछ)' को अगाड़ि थप :—**संस्कृत रामायणको**

पृष्ठ २३७ लाइन २४ मा 'कलिमा' को सट्टा :—**त्रेतायुगमा**

पृष्ठ २३८ लाइन १९ मा 'ऐले' र 'जानुभएको छैन' को बीचमा थप :—**अट्ठाईसौं कलिमा**

पृष्ठ २३९ लाइन ३० को अन्त्यमा थप :—❀

पृष्ठ २३९ मा फुटनोट थपः—

❀ यस्ता प्रकारसँग वर्णन गरिएको अतिपवित्र जनकपुर कराल कलिकालका प्रभावले आज तुच्छातितुच्छ गाउँको रूपमा वर्तमान थियो, केवल यत्रतत्र रहेका जीर्णशीर्ण अनेकानेक पोखरी देख्ता र आरोग्यकर जलवायु पाउँदा यो भूमि उही जगजननी जानकीजीकी जन्मभूमि हो भन्ने संभावनासम्म गरिन्थ्यो। अब नेपाल सरकारका सुदृष्टिले यो स्थानको उत्तरोत्तर सुधार हुनलागेको छ। रेलसमेत पुगेको हुनाले अब आस्तिक जनहरू किशोरीजी र रामजीको दर्शन र पवित्र भूमिको स्पर्शनले आफूलाई कृतार्थ गराउन पाउँदछन्।

पृष्ठ २४५ लाइन १८ मा 'मारीच राक्षसको प्रचंड' को सट्टाः—**मारीच र सुबाहु-राक्षसको**

पृष्ठ २४६ लाइन १७,१८ को सखि !'''[दर्शन पाइने थियो], को सट्टाः—

सखि ! मलाई मनमा वडो पीर लाग्यो, त्यसो भइदिएका खंडमा यही नाताले कहिलेकाहीं तायी आउने थिए [नत्रता फेरि दर्शन कहिले पाइएला र ?]

पृष्ठ २५१ को फुटनोटमा (क) पछि थप प्यारागाफः—

(क) सयानी (होशियार-बाठी) भएकी यी-सखीले धमाधम फूल टिप्नलागेका राम-लक्ष्मणलाई देखेकी हुन्, देख्नेबित्तिकै आएर किशोरीजीका समक्षमा, '२ कुमार बगैंचा हेर्न आएका रहेछन्' भनिन्, 'फूल टिप्न लागेका छन्' भनिनन्। त्यति मात्र भन्दा 'फूल टिप्न ता साधारण मालीहरूका छोकडाहरू पनि आउँछन्' भन्ठानेर किशोरीजीको लापरवाही होला भन्ने विचार गरीकन वहाँको प्रवृत्ति गराउनाका निमित्त 'बगैंचा हेर्न आएका' भनीकन २ कुमारको यौवनारम्भ र विलासप्रियता देखाएकी हुन्। त्यति कुराले पनि किशोरजीको इङ्गित आकारमा परिवर्तन नभएको देख्ता २ कुमारका तारीफको सीमा देखाइन्।

पृष्ठ २५२ लाइन ६ र ७ मा 'पार्वति !'''''हो कि ?" को सट्टाः—

[गिरिनन्दिनी !] प्राचीन प्रीति कोही जान्दैन [हो कि ?]

पृष्ठ २५२ लाइन २० को अन्त्यमा थपः—*

पृष्ठ २५२ फुटनोटको अन्त्यमा थप :—

उद्यानका नवलतातिर जानकीका चञ्चल् दृगन्ततिर दृष्टि दिईरहेका।
राजीवनेत्र रघुनन्दन मात्र मन्मा राजी रहून् कुसुम पात्र लिईरहेका ॥ [राघवालङ्कार]

[यहाँ कविगत रामविषयकभाव (प्रीति = भक्ति) अङ्गी (मुख्य) छ,—त्यस भावमा रामगत जानकी-विषयक रतिभाव अङ्ग छ। नवलतानिर उभिएकी र दृष्टि चञ्चल पारिरहेकी जानकीजीका परिस्थितिले नवलताको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै जानकीजीको आश्रयाभिलाषा बुझाउँछ,—त्यस्ती जानकीजीमा दृष्टि दिइरहेका र फूल टिप्ने काम चटक्क छाडेर फूलको पात्र मात्र लिईकन पक्क परिरहेका—रघुनन्दनजीका परिस्थितिले जानकीविषयक रघुनन्दनगत रतिभाव बुझाउँछ ।]

सहृदय सज्जनहरूले एक छिन विचार गरेर शृङ्गाररसको स्वाद लिनुपर्दछ ।

पृष्ठ २५७ लाइन ९, १० मा '(छेड हाने भन्ठानेर) हाँसी' को सट्टा :—**[गहिरो कुरा गरें भन्ठानेर] हाँसी***

पृष्ठ २५७ फुटनोटको अन्त्यमा थप :—

* 'यही वेलामा भोलि आउँला' यस वाक्यबाट वक्तृवैशिष्ठ्यले (छटेल सखीको वाक्य हुनाले) 'यस्तो मोज मानिरहेकी किशोरीजीलाई 'जाउँ' यस्तो विरहजनक वाक्य के सुनाऊँ ? भोलि यही वेला (फूल टिप्ने समय) पारेर आउँला र रघुनन्दनको चिरदर्शन गरौंला' भनेर सौहार्द देखाएको पनि बुझिन्छ । 'कति हेरिरहेको ? आज वेर भयो, मुमा रिसानी होला, बरु भोलि आउँला, आज जाउँ' यस्तो व्यङ्ग्य पनि बुझिन्छ ।

रघुनन्दनजीले सुन्ने गरी—'भोलि यही वेला आउँला' भनेर समयसंकेत गर्दा किशोरीजीलाई अभिसरणको उपदेश गरेको पनि बुझिन्छ ।

रघुनन्दनकै उद्देश्य गरेर 'आज हामीहरू माताजीका डरले जान लाग्यौं, भोलि पनि आउनेछौं रघुनन्दनजी ! आजको अपराधमा क्षमा गरेर भोलि पनि दर्शन पाउँ र आजै जस्तो भोलि पनि कृतार्थ हुन पाऊँ'' यस्तो अभिप्राय पनि बुझिन सक्तछ । इत्यादि ।

पृष्ठ २५८ लाइन २० मा 'हजूर सदा' को सट्टा :—**हजूर चेतनारूपले सदा**

पृष्ठ २५८ को फुटनोटको अन्त्यमा थप प्याराग्राफ :—

''देवमूर्ति हाँस्योभने राष्ट्रलाई परचक्रको भय हुन्छ, राष्ट्रपतिको अत्यन्त अनिष्ट हुन्छ'' भनी यत्रतत्र उत्पातप्रकरणमा लेखिएको छ तापनि कुनै भक्तिमान् भक्तले पूजा-स्तुति गर्न लागेका वेलामा देवमूर्तिको हँसाइ कल्याणकारक हुने रहेछ भनी बुझ्नुपर्दछ ।

पृष्ठ २६१ लाइन ३२ को 'भने' को सट्टा :—**भन्नुभयो ।**

पृष्ठ २६१ मा लाइन ३२ पछि थप :—**(मासपारायण अष्टम विश्राम) (नवाह द्वितीय विश्राम)**

पृष्ठ २६४ लाइन १८ मा 'प्यारा थिए' पछि थप :—**[गजबको कुरा हो परनिन्दक पनि सर्वप्रिय ?]**

पृष्ठ २६६ लाइन ७ मा 'भने' को सट्टा :—**भन्नुभयो**

पृष्ठ २६९ लाइन २१ मा 'भए' माथि थप अङ्क :—॥१॥

पृष्ठ २६९ मा फुटनोट थप :—

(१) साक्षात् श्रीको देहसम्बन्ध पाई आभूषण्कै देखियो खूब शोभा ।
आभूषण्मा अन्त जस्तै प्रशस्तै श्रीमा शोभा गर्दिने छैन शोभा ॥

पृष्ठ २७१ लाइन ११ को अन्त्यमा थप :—**(क)**

पृष्ठ २७१ लाइन २४ को 'राजाहरू' माथि थप :—*

पृष्ठ २७१ मा विद्यमान फुटनोटमाथि थप फुटनोट :—

(क) प्रश्न—

इष्टदेवतालाई प्रणाम गरेर हिंडेका राजाहरूको इष्टसिद्धि किन भएन ?

उत्तर—

कम्मर कसेर आकुल भईकन (हडबडाएर–अधीर भईकन) इष्टदेवलाई प्रणाम गरेर हिंडेका हुनाले राजाहरूको इष्टसिद्धि भएन । पहिले इष्टदेवतालाई प्रणाम गरेर दैवीशक्ति हासिल गर्नुपर्दथ्यो,—अनि मनोबल पूर्ण पारेर कम्मर कस्नुपर्दथ्यो, अनि गम्भीरता धीरताका साथ धनु उचाल्ने प्रयत्न गर्नुपर्दथ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

❀ महाराज जनकजीको परम वचन वन्दीगणले सुनाउनेवित्तिकै संमिलित भएका विचारवान् राजाबाहेक मूढ राजाहरू तँछाड कि मछाड गरेर धनुतर्फ पुगिहाले, 'यसरी हूल किन गर्छौ ? क्रमैसित बाहुबल देखाऊन' भन्न कसैले सकेन, सबैले धनुमा हात पुर्‍याए, त्यो अलौकिक दिव्यधनु दशहजार राजाहरूका हातले समातिने ठाउँ दिने दीर्घ (लामू) भयो, परन्तु उठाउन कसैले सकेन,

'मनहि पाइ भट बाहुबल, अधिक अधिक गरुआई'

मानौं भट (योद्धा) का बाहु पाएर त्यो धनु अधिक (बढ्ता लामू) हुन्थ्यो, योद्धाहरूको बल पाएर अधिक गह्रौं हुन्थ्यो [अर्थात् समात्ने ठाउँ दिनलाई पर्याप्त लामू हुन्थ्यो, उचाल्ने बलको प्रयोग हुन लागेमा अधिक गह्रौं हुन्थ्यो] किशोरीजीको प्रार्थनाअनुसार दिव्यधनुले त्यति काम गर्नैपर्थ्यो ।

'वार-वार विनती सुनि मोरी करहु चाप गुरुता अति थोरी' भनेर किशोरीजीको प्रार्थना भइरहेको थियो, यस्तो वाक्य कुनै टीकाकारले गरेको छ । त्यो व्याख्या परमउचित हो ।

पृष्ठ २७३ लाइन २५ को अन्त्यमा थप :—❀

पृष्ठ २७३ को अन्त्यमा फुटनोट थप :—

❀ यहाँ गोस्वामीजीले काव्यार्थापत्तिनामक अलङ्कारको सुन्दरता देखाइएको छ । यसको विषयमा—

(१) "धिक्कारपूर्वक विचार कुनै नराखी
'निर्वीर भूतल भएछ' भन्यो कसैले ।
सम्भ्रान्त-संमिलित-राजसमाजमा यो
वर्दास्त दुर्वचन गर्नु कसोरि ! मैले—॥

(२) ब्रह्माण्डमण्डल अखण्ड कुनै भकुण्डो—
जस्तै उठाइकन पट्कनसम्म सक्छु ।
यो क्षुद्र रुद्रधनु खूब बखानिएको
के चीज हो ! र अपमान सहीरहन्छु—" ॥

(३) "यो उक्तिले जनकलाइ प्रसङ्ग गर्ने—
सौमित्रिलाइ मनभित्र लगेर राखौं ।
जातीयगौरव निरन्तर चाह गर्ने
उत्साहको रस अलीकति लौन चाखौं ॥ [राघवालंकार]

यस्तो भाव लिएर वीर कुमारहरूले उचित चेष्टा गर्नुपर्छ ।

पृष्ठ २८२ को फुटनोटको अन्त्यमा थप :—

मसक आँटेर समीपमा पुगे बडेबडे वीर हसक नै भए ।
निभेछ वीरत्व भुसुक्क भूमिमा भनेर भूमीपति दिक्क भैगए ॥
अनी कुनै कोमल बालमूर्तिले थपक्क आएर पुलुक्क हेरियो ।
जुरुक्क पारेर तनक्क तानियो पटक्क भो चाप चटक्क फेकियो ॥

[राघवालङ्कार, असंभव]

पृष्ठ २८३ को फुटनोटको अन्तिम ६ लाइन (चातकपक्षीका'' 'जगत्प्रसिद्ध छ । खारेज

पृष्ठ २८५ लाइन २९ को अन्त्यमा थप—❀

पृष्ठ २८५ को फुटनोट थप :—

❀हातका गहनामा जडेका मणिहरू पनि पत्थरै हुन् । यी पनि चरणस्पर्शले अहल्याजस्तै परमसुन्दरी युवति भइदिए र तिनका सौन्दर्यले रामजी आकृष्ट हुनुभयोभने मेराउपरको प्रेममा बट्टा लाग्ला कि भन्ने दहशतले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

किशोरीजी पाउ छुन डराउनुभयो । यस्तो प्रेमाद्वैत चाहने किशोरीजीको प्रेम देखेर रघुवंशमणि [रघुवंशका मणिस्वरूप भएका —अर्थात् मणिबाट उत्पन्न भएका कुनै युवतिहरूले प्रेमपूर्वक पतिभावको प्रार्थना गर्दा प्रत्याख्यान गर्न असजिलो मान्नुपर्ने अवस्थामा रहेका रामजी] मनै मनमा हाँस्नुभयो ।

पृष्ठ २८९ मा लाइन २९ र ३० को बीचमा थप :—**(मासपारायण नवम विश्राम)**

पृष्ठ २९३ लाइन २४ मा '(परशुरामको' माथि थप :--❀

पृष्ठ २९३ मा फुटनोटमा थप :—

❀विश्वामित्र र परशुरामको परिचय संक्षेप

तपस्याका प्रभावले ब्रह्मर्षि कहलाएका विश्वामित्र मुनि क्षत्रियकुलतिलक—'गाधि' नामक राजाका पुत्र हुन् । तिनै गाधि राजाकी 'सत्यवती' नाम भएकी कन्या थिइन्, ती कन्याको 'ऋचीक' नामका महर्षिसग विवाह भयो र तिनबाट 'जमदग्नि' नामका ऋषि पैदा भए । तिनले 'रेणुका' नाम भएकी राजकन्यासँग विवाह गरेर 'परशुराम' नामक पुत्र पैदा गरेका हुन् । नाता (संबन्ध) ले विश्वामित्र मुनिले परशुरामलाई भागिनेयपुत्र (भानिजका छोरा —अर्थात् नाति) भन्नुपर्‍यो । परशुरामले विश्वामित्र मुनिलाई पितामहीभ्राता (बज्यैका भाइ = मामाबाजे बूढामामा) भन्नुपर्‍यो । यही संबन्ध संझेर परशुरामले विश्वामित्रमुनिलाई "(मामाबाजे !) बूढामामा ! तिम्रा मुलाहिजाले (तिमीले आपस्त मानेको हुनाले) यी दुर्मुख (लक्ष्मण) लाई नमारीकन छाड्नुपर्‍यो, नत्र (बूढामामा भए पनि तिम्रो शीलस्वभाव असल नभएका भए) यसलाई यही कुठारले काटेर गुरुका (शंकरका) ऋणबाट मुक्त हुनेथिएँ ।" भनेका हुन् [गुरुको प्यारो भएको धनु भाँचिदिने दुष्टलाई बलवान् भएका शिष्यले मारिदिएनभने शिष्यको टाउकामा गुरुऋण लागिरहन्छ ।]

पृ० २९६ मा लाइन २५, २६, २७ को सट्टा :—

हे मुनिराज ! म तपाईंको सेवक हुँ, रिस छाड़ेर अब दया गर्नुहोस् । रिसाउनाले भाँचिएको धनु जोरिंदैन । राजहोस् । [उभिंदा २] पाउ दुख्न लागेका होलान् । [यो धनु] ज्यादै पियारो थियोभने उपाय गर्नुहोस् । [के भने ?] कोही ठूलो गुणी (इलमी-सिपालु सिकर्मी) बोलाएर जोर्न लगाउनुहोस् [ज्यालालाई धन्दा मान्नुपर्दैन] ॥ १ ॥ २ ॥ ३ ॥

पृष्ठ २९७ लाइन १९ मा 'छेडछाड गर्दैन' पछि थप :—**[जिस्क्याउँदैन]**

पृष्ठ २९८ लाइन ६ मा 'कसैमा' को सट्टाः—**कसैका उपर**

पृष्ठ ३०२ लाइन १, २, ३ को (यति भनेर'''''आश्चर्य भयो)को सट्टाः—**[यति भनेर परशुरामले आफूले लिएको] त्यो वैष्णवधनु दिंदाखेरि आफ्ना स्वामी विष्णुभगवान् रामचन्द्रसंम पुग्यो र [विनायत्न] चढ्यो [सज्ज भयो], परशुरामका मनमा आश्चर्य भयो ॥ ८ ॥**

पृष्ठ ३०३ लाइन २५ मा 'खेल्ने भएका' को सट्टाः—**खेलिरहने भएका**

पृष्ठ ३०५ लाइन २३,२४ मा (साँचिकै''''भयो) को सट्टाः—**[ती कृत्रिम कदली स्तम्भमा साँचिकै केराका बोटको भ्रान्ति हुने भयो]**

पृष्ठ ३१८ मा लाइन १९ र २० को बीचमा थपः—**(मासपारायण दशम विश्राम)**

पृष्ठ ३२९ को अन्तिम लाइनमा 'हेर्न पाएँ' को सट्टाः—हेर्न पाएँ भनी मनै मनमा भन्न लागे ।

पृष्ठ ३३८ लाइन ९,१० मा 'तिनै चरणलाई भाग्यवान''धुन लागेका' को सट्टाः—**भाग्यवान् भएका राजा जनकजीले तिनै चरण कमल धुनलागेका**

पृष्ठ ३४४ मा लाइन ९ र १० को बीचमा थपः—**(मासपारायण एकादश विश्राम)**

पृष्ठ ३४७ लाइन ३० पछि थपः—रामायणमा लेखेको छ भनेर यो चलन चलाउनपछि नलाग्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ३४९ लाइन ७ मा (झिकाए) माथि थप :—❀

पृष्ठ ३४९ मा फुटनोटमा थपः—

(❀) अघिअघिका समयमा यो भारतवर्ष गोधनले परिपूर्ण थियो, पछिपछि [पाण्डवका पालासम्म] पनि एक एक राजाका गोठमा लाखौं गाई रहन्थे । [राजा-विराटका यौटा गोठबाट १ लाख गाई, अर्को गोठबाट साठी हजार गाई कौरवहरूद्वारा लुटिंदा गुप्तवास गरेर रहेका पाण्डवहरूले कौरवहरूलाई परास्त गरेर ती गाई फर्काएको वृत्तान्त नजान्ने हिन्दू विरलै होलान् । गोमाताहरू (हिन्दुस्तानमा लक्ष्मी नै संझिन्थे । प्रत्येक घरमा कैयौं गाई रहन्थे । प्रतिदिन हज्जारौं गाईको वध भइरहेर शयकडौं वर्ष वितिसकेको यो समयमा पनि भारतभूमिको अस्ता-यमान सौभाग्यले यताउति हजार गाईदान भएको समाचार सुन्न पाइँदैछभने उस बखतका प्रतापशाली, श्रद्धालु, उदार, समृद्ध-सम्राट् दशरथले ४ लाख गाई दान गर्नु आश्चर्य होइन कि– त्यो कुरा नपत्याएर 'यो कुरा अत्युक्ति हो' भन्नु नै आश्चर्य हो ।

पृष्ठ ३५६ लाइन २० मा 'अत्यन्त स्नेह' को सट्टाः—[ठूलो] प्रेम

पृष्ठ ३५८ लाइन २७ मा 'पुरप्रवेश' को सट्टाः—**वधूप्रवेश**

पृष्ठ ३६१ लाइन १ मा 'लिएर' को सट्टाः—**लिईकन**

पृष्ठ ३६१ लाइन २ मा 'भईकन'को सट्टाः—**भएर**

पृष्ठ ३६४ लाइन १२ मा 'सबैलाई' को सट्टा :—**सबै देवताहरूको**

पृष्ठ ३६७ लाइन १६ मा 'म' र 'कसरी' को बीचमा थपः—**[नाममात्रको कवि]**

पृष्ठ ३७० मा लाइन ७ र ८ को बीचमा थपः—**(नवाह पारायणे तृतीय विश्रामः)**

पृष्ठ ३७४ मा लाइन ९ र १० को बीचमा थपः—**(मासपरायण द्वादश विश्राम)**

पृष्ठ ३७७ मा सात्विकको फुटनोटको सट्टाः—

(क) यी ४ चौपाईमा गोस्वामीजीले रूपकालङ्कारको पुल बाँधेर रसिक सहृदय सज्जनहरूलाई आह्लादसागरको पार पुऱ्याउने प्रयत्न गरेका हुन् । अयोध्यानगरीको समृद्धि देखेर त्यसलाई समुद्र तुल्याएपछि पनि नअघाएर-शुचि 'अमोल, सुन्दर असल जातका नरनारीरूप मणिहरूको सत्ताले अयोध्यालाई समुद्रभन्दा श्रेष्ठ तुल्याए, [मामूली समुद्रका मणि सबै सुजाति, सबै शुचि, सबै अमोल, सबै सुन्दर हुँदैनन्] यो रूपक देखाएर अयोध्याका धनजनसमृद्धिको र धर्माचरणको कार्यकारणभाव अतिमनोहररूपले देखाइएको छ । धन्य गोस्वामीजी ! ।

पृष्ठ ३७९ लाइन ११, १२, १३ र १४ को सट्टाः—

यो कुरा मैले जस्तो अरूले अनुभव गरेन, प्रभुका पवित्र चरणको पूजा गरेर सब पाएँ ॥ ६ ॥ अब मेरा मनमा एउटा ठूलो अभिलाषा छ, त्यो पनि तपाईंका अनुग्रहले पूर्ण हुनेछ" [यस्ता वचन सुन्दा] मुनिवर वशिष्ठले राजा प्रसन्न भएका र प्रेमपूर्ण भएका बुझेर 'हे नरेश ! (हे राजन् !) आज्ञा होस् [कुन अभिलाषा छ ?] [भनेर फेरि भन्नलागे] ॥ ७ ॥ ८ ॥

पृष्ठ ३८१ लाइन १० देखि लाइन १३ को सट्टाः—

ल्याओ भनेर नाम गनी-गनीकन नाना प्रकारका औषधि, औषधिमूल, फूल, फल-पात इत्यादि मंगल-पदार्थ फर्माए [के के ? भने] श्वेत चमर, व्याघ्रचर्म, अनेक वर्णका वस्त्र, अनेक प्रकारका ऊनी वस्त्र, पट्टवस्त्र, अनेक प्रकारका रत्न र अनेक प्रकारका मंगल पदार्थ जगतमा राजाका राज्या-भिषेकमा जे जे योग्य हुन्छ, त्यो त्यो चीज ॥ १ ॥ २ ॥ ३ ॥ ४ ॥

पृष्ठ ३८२ लाइन ३० मा पृष्ठ ३८३ को सातौं चौपाई सार्ने ।

पृष्ठ ३८४ लाइन १३ मा 'राजाले' को सट्टाः—**महाराजले**

पृष्ठ ३८४ लाइन २२ मा 'आश्चर्य' को सट्टाः—**खेद**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ३८५ लाइन २५ मा '(किन आएँछु' को अगाड़ि थपः—**मनले**
पृष्ठ ३८६ लाइन १७ को अन्त्यमा थपः—❀
पृष्ठ ३८६ मा फुटनोट थपः—

❀ मन्थराको परिचय

अघि देवासुरसंग्राम भएका वेलामा असुर (दैत्य) वर्गलाई इन्द्रादि देववर्गले परास्त गरेपछि असुराङ्गना (दैत्यस्त्री) हरू युद्ध गर्न खडा भए। त्यो देखेर परास्त भै सकेका असुरहरू फेरि युद्धमा सामेल भए, घोर युद्ध भयो। स्त्री-सेनामा खास दैत्यराज विरोचनकी छोरी दैत्यराज—बलिकी बहिनी मन्थरा नाम भएकी वीरनारी अग्रसर (अगुवा) थिइन्। तिनको अद्भुत पराक्रमले देववर्गलाई हताश पाऱ्यो, बडेबडे शूरवीर देवताहरूको तिनले सातो लिइन्। आखिर केही सीप नलाग्दा 'स्त्री भए पनि जगत्पीडा गर्ने यस दुष्टालाई मार्नैपर्छ, मार्छु' भनी विष्णुभगवान्को आज्ञाअनुसार इन्द्रले त्यो मन्थरालाई वज्र हानेर मारेका थिए। त्यो पृथ्वीमा जन्म लिएर नामसमेत उही प्रसिद्ध गरीकन कैकेयीकी दासी हुन आएकी थिई। आफ्ना दाज्यू बलिलाई राजपदबाट च्युत गराएर पातालमा धसाइदिने विष्णुलाई राज्यच्युत गराउन र वनवासी गराउन प्रयत्न गर्नलागेकी छ। ईश्वरेच्छाअनुसार त्यसले सरस्वतीको सहायता पनि पाई। जन्मान्तरमा पनि निश्चल प्रकृतिले पछ्याउन छाड्दैन।

पृष्ठ ३८७ लाइन २५ मा 'घमण्ड' र 'छैन' को बीचमा थपः—**रहेको**
पृष्ठ ३८७ लाइन ३२ मा 'राजाको,' र 'अनि' को बीचमा थपः—र लक्ष्मणको
पृष्ठ ३८७ लाइन ८ को अन्त्यमा थपः—❀
पृष्ठ ३८८ मा फुटनोट थप :—

❀ स्वामिहितैषिणी—मन्थराका वचन सुन्नेबित्तिकै झस्केर निहुरीकन [अप्रिय अनुचित कुराको चर्चा फैलिएला र अशान्तिको मूलकारण वैमनस्य उठ्‌ला भन्ने डर मानेर] 'अर्घेली ! घरफोरा ! चूपलाग्, फेरि यस्तो कुरा गरिस्भने तेरो जिब्रो उखेल्न लाउनेछु', इत्यादि रूपको वाग्दण्ड मन्थरालाई दिएर 'यो कुरा साँचो हो-भने म खूब खुशी छु, रामजी आफ्नी आमाको भन्दा बढ्ता मेरो प्रेम गर्दछन्, अर्को जन्ममा रामजीलाई मेरा छोरा, सीतालाई मेरी बुहारी विधाताले गराइदिउन्', इत्यादि कुरा गर्ने गङ्गाजलपवित्रहृदया—माननीय मधुर-वचना—कैकेयी महारानीलाई अलि बेरपछि 'भोलि बिहान रामचन्द्र मृगचर्म र वृक्षवल्कल पहिरेर जङ्गल गएनन्भने तिम्रा अगाडि छुण्डिएर कि विष खाएर मर्नेछु' इत्यादि कर्णकठोर वचन बोल्ने र जगन्निन्दनीय गराउने बुद्धिदेवता-सरस्वतीमाताका चरणयुगलमा सभक्ति प्रणाम गरेर जगद्धितैषी सज्जनवर्गले 'अचिन्तनीय प्रभावे ! जगज्जननि ! भगवति ! सरस्वती ! सदासर्वदा हामीलाई सरल हृदय र मधुरभाषी गराएर हामीद्वारा जगत्मा शान्ति स्थापना गरिदिनुहोस्' यस्तो प्रार्थना प्रतिदिन गर्नैपर्छ।

पृष्ठ ३९० लाइन १० मा 'घत' अगाड़ि थप :—**[जूवा खेल्दा]**
पृष्ठ ३९२ लाइन ५ मा 'थाहा पायौ' माथि थप :—❀
पृष्ठ ३९२ लाइन २० मा 'बास' को सट्टा :—**सेवा**
पृष्ठ ३९२ को फुटनोटमा थप प्याराग्राफ

❀ राजा दशरथले अघिल्ला दिन ऐना हेर्दा रामजीलाई यौवराज्याभिषेक दिने मनसुबा उठ्यो। राम्रो साइत भोलिपल्टै निस्क्यो, त्यही साइतमा यौवराज्याभिषेक हुने भयो। समय नहुनाले छोरा (भरत शत्रुघ्न) संधी (जनकराज) ससुरा (केकयराज-कोशलराज) जुवाइँ (ऋष्यश्रृङ्ग) छोरी (शान्ता) रामजीका विद्यागुरु (विश्वामित्र) लाई पनि निमन्त्रण सूचना केही भएन, दिनभर भोलिको महोत्सवलाई बरबन्दोबस्त मिलाउने काम गर्नुपरेको थियो। घरफोरा मन्थराले '१५ दिनदेखि राज्याभिषेकको सर्जाम तयार हुन लागेको छ, तिमी-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुस्सूले थाहा पाइनौ भनेर सरासर झूटो बोलेकी हो। कैकेयीले त्यसैको पत्यारमा १५।१५ दिनसम्म तयारी भएकोमा पनि मैले थाहा नपाउनु भनेर रिसाउनु मनासीवै थियो। यही असत्यभाषणको फल मन्थराले शत्रुघ्नजीबाट पाउनेछ।

पृष्ठ ३९७ लाइन २३ मा 'भए)। हेर' को बीचमा थप :—**भारद्वाजजी**

पृष्ठ ३९९ लाइन ५ को अन्त्यमा ॥३॥ को माथि थप :—❀

पृष्ठ ३९९ मा फुटनोट थप :—

(*) दशरथजीका कामकिङ्करताले बोलाएका यिनै वचनलाई मनमा लिएर—"जसको अधीन भएको मानिस चिताउन पनि नहुने अनुचित कर्म गर्न खोज्दछ, त्यस्तो विवेकको शत्रुस्वरूप मकरकेतु (कामदेव) लाई 'तुष्यतु दुर्जन:' भन्ने न्यायले नमस्कार गर्दछु [प्रकारान्तरले त्यसबाट बच्न सकिंदैन, नमस्कारले कदाचित् प्रसन्न भइदियोभने बचिएला] भन्ने आशय लिएर कसैले—

अचिन्त्यं कर्म पुरुषो यद्वशः कर्तुमिच्छति।
तस्मै विवेकरिपवे नमो मकरकेतवे ॥ [सूक्ति-संग्रह]

यस्तो उद्गार निकालेको छ।

पृष्ठ ४०० लाइन ३ मा 'काम्न' को सट्टा :—**टन्कन**

पृष्ठ ४०० लाइन ११ मा 'नपाइने छ' माथि थप :—(१)

पृष्ठ ४०० लाइन २४ मा 'स्वभाव' माथिको '१' को सट्टा :—(२)

पृष्ठ ४०० को फुटनोटमा साविकको नं० (१) को सट्टा :—(२)

पृष्ठ ४०० को फुटनोट (१) :—

(१) बडो मुस्किलले—जान्न सकिने—अनेक शास्त्र पनि परिश्रम गर्ने मिहिनेतीहरू) पक्का जान्दछन्, विभ्रम (स्त्रीका नखरा = ठूलो भ्रम) स्वीकार गर्ने भएपछि स्त्रीका चरित्र जान्न सक्तैनन्।

दुर्ज्ञेयान्यपि शास्त्राणि जानन्त्येव कृतश्रमा:।
न जानन्ति चरित्राणि स्त्रीणां स्वीकृतविभ्रमाः ॥ [सूक्ति.]

पृष्ठ ४०१ मा लाइन १९ र २० को बीचमा थप :—**(मासपारायण १३ विश्राम)**

पृष्ठ ४०२ लाइन २७, २८, २९ र ३० मा 'राजा दशरथ......(भरतको कुरा)' को सट्टा :—

राजा दशरथलाई यस्ता प्रकारले मनै मनमा दुःखित भएका देखेर, दुर्बुद्धि कैकेयी नराम्रो तरहले (एकतमास सँग) हेरीकन, मनमा रिस लिएर बोल्नलागिन् ॥ १ ॥। [महाराज!] "भरत तपाईंका छोरा होइनन् कि! मलाई बेसाएर मोल तिरेर ल्याएको हो कि! [म मोल दिएर ल्याएकी कमारी हुँ कि! मबाट जन्मेको छोरो भरत दासीपुत्र हो कि!]॥ २ ॥ [किनभने!] जुन [भरतको कुरा]

पृष्ठ ४०२ को फुटनोट खारेज

पृष्ठ ४०३ लाइन १ मा 'गरेको' पछि थप :—?

पृष्ठ ४०३ लाइन २४ मा '(इनाम) दिए।' को सट्टा :—(इनाम = मुक्तिपद) दिए।

पृष्ठ ४०६ लाइन ३ को '॥ १ ॥...(मेरो)' को सट्टा :—॥ १ ॥ २ ॥ **प्यारी तिमी [आफूलाई] सिपालु (बुद्धि भएकी) छु [भन्ने] संझेर मनमा विचार गर [मेरो]**

पृष्ठ ४०६ को अन्तिम लाइनको 'अध्या.' को सट्टा :—अध्यात्मरामा.।

पृष्ठ ४०७ लाइन १९ मा 'यो वचन' को सट्टा :—**यो आर्त (दुःखी) वचन**

पृष्ठ ४०८ लाइन १६ मा 'तिम्रा' को सट्टा :—**तेरा**

पृष्ठ ४०८ लाइन २४ मा 'तिम्रो' को सट्टा :—**तेरो**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ४०९ लाइन ५ मा "किन (वंशको) ध्वंस गर्छेस्" को सट्टा :—**किन (वंशको ध्वंस गर्ने) ढिपी गर्दछेस् ?**

पृष्ठ ४०९ को अन्तिम लाइनको सट्टा :—सबै व्याख्यानको औचित्य विचार पाठकाधीन छ ।

पृष्ठ ४१५ लाइन २४, २५ मा '(नमानेर)'.....'छाड्नू' को सट्टा :—**नमानेर [आफ्नो] शील-स्नेह छाडेर घरमा रहून्**

पृष्ठ ४१६ लाइन २० मा 'अनि' र 'बोल्नुभएको' बीचमा थप :—**फेरि**

पृष्ठ ४१८ लाइन ३२ मा 'पूजनीया' र 'महारानी'को बीचमा थप :—शैव्या

पृष्ठ ४१८ लाइन ३३ मा 'उचित' र 'फल' को बीचमा थप :—अभीष्ट

पृष्ठ ४२३ को फुटनोट २ को पछि थप :—

धिक्ते चरित्रं जीमूत ! वर्धिता इतरे द्रुमाः ।
अर्का दुरालभा एते नीता जीवित संशयम् ॥ [सु. सं.]

पृष्ठ ४२५ लाइन २४ मा 'अवध देश' र 'अभागी' को बीचमा थप :—**[भने]**

पृष्ठ ४२६ लाइन १२ मा 'आँखाले पलकको झैं' को सट्टा :—**पलकले आँखाको झैं**

पृष्ठ ४२९ मा लाइन ११ र १२ को बीचमा थप :—**(मासपारायण १४ विश्राम)**

पृष्ठ ४४२ लाइन २८ मा 'शंकित' माथि थप :—❀

पृष्ठ ४४२ मा फुटनोट थप :—

(*) यस्तो अद्भुत—पत्याउन नसकिने—स्त्रीजनदुर्लभ धैर्य माताजीले गर्नुभयो । अलि बेरमा स्वाभाविक पुत्रवात्सल्यले जोर गर्‍योभने 'वन जान हुँदैन' यस्तो कठोर आज्ञा हुन बेर लागोइन भनेर लक्ष्मणजी शङ्कित भईकन दौडनुभएको हो ।

पृष्ठ ४५३ लाइन ६, ७ मा "मुनिहरूको".....'छैन" को सट्टा :—**[रामजीका श्रीमुखबाट] "मुनिहरूको व्रत वेष, आहार गरेर चौद्ध वर्ष वनमा बस्नु; ग्रामवास उचित छैन"**

पृष्ठ ४५५ लाइन २९ पछि थप :—**[लक्ष्मणगीताको आरम्भ]**

पृष्ठ ४५७ मा लाइन १७ र १८ को बीचमा थप :—**(मासपारायण १५ विश्राम)**

पृष्ठ ४५७ लाइन १८ पछि थप :—**[लक्ष्मणगीता समाप्त]**

पृष्ठ ४५८ मा लाइन २५ मा ३०३-३०४ को सट्टा :—**४०३-४०४**

पृष्ठ ४६० लाइन १९ मा '॥३॥४॥ पछि थप :—❀

पृष्ठ ४६० मा फुटनोट थप :—

(१) "निष्ठुर भएर जङ्गलतर्फ धपाएपछि अत्र केकी लोलोपोतो !" इत्यादि वचन लक्ष्मणजी बोल्न लाग्नुभयो र रामजीले हट्कनुभयो ।

पृष्ठ ४६८ को लाइन १४ मा 'शंकरजीलाई' र 'श्रीभागीरथीलाई' को बीचमा थप :—**संझेर**

पृष्ठ ४७८ मा लाइन ७ र ८ को बीचमा थप :—**(मासपारायण १६ विश्राम; नवाह पारायण चतुर्थ विश्राम)**

पृष्ठ ४७९ लाइन ७ मा 'गराउनुभयो' माथि थप :—

पृष्ठ ४७९ मा फुटनोट थप :—

(*) किशोरीजीको यही अवस्था संझेर राघवालङ्कारको स्वभावोक्तिका प्रसङ्गमा—

(१) "जङ्गली छौं सबै बुद्धिले हीन छौं रूप देख्ता सबै चित्तमा छक्क छौं ।
माफ पाऊँ कसुर् पाउमा पर्दछौं स्वामिनि ! प्रीतिले सोधनी गर्दछौं ॥

(२) वीर छन् शूर छन् तेजिला छन् दुवै चन्द्रको मेघको तुल्यता धर्दछन् ।
साहिनाले हुनन् यी हजुरको कुनै लौन को हुन् ! हजुर् भन्नु के पर्दछन् !"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(३) यी मधुर् नम्रता मुग्धता झल्कने ग्रामनारीहरूका वचन् सुन्नुभो ।
हेर देवर् उ हुन् नाम हो लक्ष्मण ख्यात छन् गौर छन् लौ बुझ्यौ ! भन्नुभो

(४) नम्र पारी रसीलो हँसीलो गरी छेक्नुभो क्यै वदन् वस्त्रका छेउले ।
नाथका माथमा ताकि कर्के गरी हेर्नुभो क्यै अनी नेत्रका कोणले ॥

(५) देहका प्राणका नाथ यी हुन् भनी बोल्नुभो स्पष्ट नै बोलि वेगर् पनी ।
सभ्यताका कुनै कल्पका रीतिले क्या मजा गर्नुभो लौ किशोरीजिले ॥

यो उदाहरण दिइएको छ ।

पृष्ठ ४८२ लाइन १९ मा 'लाग्दथे' को माथि थप :—*

पृष्ठ ४८२ मा फुटनोट थप :—(*) अलभ्य वस्त्रका लाभको मौका गुमेपछि मानिसहरू थक्कथक्क गर्दै २ हत्केला माड्न लाग्दछन् ।

पृष्ठ ४८७ लाइन १ मा '(तमाशा)' को सट्टा :—**नाटक**

पृष्ठ ४९२ लाइन १९ को अन्त्यमा थप :—(त)

पृष्ठ ४९२ मा फुटनोट थप :—(त) अनसूयाको परिचय अरण्यकाण्डका आरंभमा टिप्पणीबाट दिएको छ ।

पृष्ठ ४९३ मा लाइन २४ र २५ को बीचमा थप :—**(मासपरायण १७ विश्राम)**

पृष्ठ ५२४ लाइन २६ को अन्त्यमा थप :—**[त्यस्तो काम किन गर्थ्यौं]**

पृष्ठ ५२७ लाइन २६ मा '(हाय ! हाय !''''''भन्नुपर्दछ)' को सट्टाः—**[हाय ! हाय ! यस्ता चकचकीमा रहेका यिनको मरणोत्तर अब के गति होला नि ! भन्नुपर्दछ]**

पृष्ठ ५२७ लाइन २९ मा ठग्दाठग्दा''''''ठगियो नि ! को सट्टाः—**ठग्दा ठग्दा स्वधर्माचरण नगरेबापत यहाँ पनि ठगियो, यहाँ पनि नरक निवास गर्नु परेर ठगियो नि !**

पृष्ठ ५३० लाइन ४ मा 'पुरुले' को सट्टाः—**पूरुले**

पृष्ठ ५३० लाइन ३३ मा 'पुरुले' को सट्टाः—पूरुले

पृष्ठ ५३० लाइन ३५ मा 'पुरुलाई प्रधान''''''दिएर' को सट्टाः—पूरुलाई प्रधान साम्राज्य गद्दी र उनको यौवन दिएर।

पृष्ठ ५३२ मा लाइन २५ र २६ को बीचमा थपः—**(मासपारायण १८ विश्राम)**

पृष्ठ ५३५ लाइन १०, ११ मा 'यी प्राणलाई' खारेज

पृष्ठ ५४० लाइन ११ मा 'त्यसलाई' र 'छाडेर' को बीचमा थपः—**[चटक्क]**

पृष्ठ ५४५ लाइन २ मा 'जित' को सट्टा :—**इष्टसिद्धि**

पृष्ठ ५४५ मा फुटनोटमा थप प्याराग्राफ :—

ज्योतिर्विद्याको अङ्ग शकुन विद्या हो, शकुनविद्याको ज्ञान भएका मानिस प्रत्येक काममा शकुनको सहारा लिन्थे र तिनका सबै काम प्रायः सिद्ध हुन्थे । यो विद्याको प्राचीनकालमा पूर्ण प्रचार थियो । अशिक्षित व्याधा-चोर डाँकू माझीपर्यन्तमा शकुनज्ञान थोरबहुत थियो । शकुन जान्ने व्यक्ति राजा-प्रजा सबैका आदरणीय हुन्थे । आज त्यो विद्याको अज्ञानले गर्दा पदेपदे कार्यनिष्फलता फलिरहेको छ । समयले धेरै शकुन-ग्रन्थ लुप्त भए तापनि बृहत्संहिता प्रभृति कतिपय ग्रन्थ अझ पाइँदैछन् । तिनको अनुसन्धान गरेर लोकोपयोगी हुन चाहने मानिसको सृष्टि चाँडै भैदिए हुन्थ्योः ।

पृष्ठ ५४६ लाइन २८ मा 'के थियो भने' सट्टाः—यस्तो थियो

पृष्ठ ५५१ लाइन १४ मा 'सूर्य महाराज''''''जसका' को सट्टा :—**सूर्य महाराज (दशरथ) जसका**

पृष्ठ ५६० लाइन २७ मा 'सफल भए' को सट्टा :—**फल्यो**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ५६० लाइन ३० मा (फलमाथि फल फल्यो) को सट्टा—[**फलमाथि फल फल्यो—फलमाथि समयान्तरले फल्ने फल, भूषनसफल (भईंकटहर) जस्तो मीठो हुन्छ ।**

पृष्ठ ५६६ मा लाइन १६ र १७ को बीचमा थपः—(**मासपारायण १९ विश्राम**)

पृष्ठ ५७५ लाइन १७ मा 'अर्कै' पछि थपः—[**वैधव्यदशानुसारको**]

पृष्ठ ५७८ लाइन ४ मा 'सहस्रबाहु ''''''राजा त्रिशंकु' को सट्टा :—**सहस्रबाहु[२] (राजा-कार्तवीर्य) देवराज[३] (इन्द्र) राजा-त्रिशङ्क[४]**

पृष्ठ ५७८ को फुटनोटमा थपः—

(२) सहस्रबाहु (कार्तवीर्य राजा) खास विष्णुभगवान्का सुदर्शनचक्रका अंशले पैदा भएका [चक्रावतार] हुन् । तिनले राज्य गर्दा भूमण्डल सुखी थियो, दत्तात्रेय महामुनिका उपदेशले योगसिद्धि पाएका ती राजा प्रजा-हरूमा कहीं कसैले अकार्य (गर्न नहुने–धर्मविरुद्ध काम) मनले चितायोभने तुरन्त चक्रधारी भएर खड़ा हुन आउँथे (अकार्य चिताउने मानिस कायल हुन्थ्यो) । तिनको नामस्मरण मात्रले पनि चोरिएको हराएको माल-मत्ताको पत्ता लाग्दथ्यो, पाइन्थ्यो । त्यस्ता प्रतापी, धार्मिक ती राजा पछि राजमदले र लोभले पछार्दा जमदग्नि मुनिकी कामधेनु गाईको जबर्दस्तीका साथ हरण गरेबाबत परशुरामजीका कठोर कुठारधाराको बाटो गरी परलोक पुगे ।

(३) देवराज इन्द्रको राजमदका बारेमा २२३ पृष्ठको टिप्पणी हेर्नुपर्छ ।

(४) त्रिशंकुराजाको राजमदको वृत्तान्त ३७३ पृष्ठको टिप्पणीमा संक्षिप्त छ ।

पृष्ठ ५७९ लाइन ९ मा '(क)' पछि थपः—[**यति बोलेर**]

पृष्ठ ५७० लाइन २ मा 'मारिदिनेछु' को सट्टाः—**मारिदिने हुँ**

पृष्ठ ५८० लाइन २० मा 'देवताहरूको वचन' को सट्टाः—**देवताहरूको यो वचन**

पृष्ठ ५८२ लाइन ९ को अन्त्यमा थपः— **देवताहरूले भने**]

पृष्ठ ५८२ लाइन १४ मा 'जान्दछ' पछि थपः—[**यस्ता तरहका**]

पृष्ठ ५८६ मा लाइन ३ र ४ को बीचमा थपः—(**मासपारायण २० विश्राम; नवाह्न पारायण पंचम विश्राम**)

पृष्ठ ५९० लाइन २९ मा 'ताँदाबाट' र 'राम्रो' को बीचमा थपः—**वीणाबाट बज्नुपर्ने**]

पृष्ठ ५९१ लाइन २२ मा 'सुद्धि बुद्धि थिएन' र '॥५॥' को बीचमा थपः—[**स्पष्ट बोलेर आशिष दिन सक्नु-भएन**]

पृष्ठ ५९२ लाइन १८ मा 'क्या होभने' र 'जमीन' को बीचमा थपः—**मानौं**

पृष्ठ ५९८ लाइन ८ मा 'दिन्थे' को सट्टाः—**दिन लाग्थे**

पृष्ठ ६०१ लाइन २ को अन्त्यमा थपः—[**यस्तो विचार गर्दा गर्दा**]

पृष्ठ ६०१ लाइन १० मा 'भरतजी''''''आज्ञा' को सट्टाः—**भरतजी गएर गुरुका चरणकमलमा प्रणाम गरीकन आज्ञा**

पृष्ठ ६०२ लाइन २१ मा 'भवितव्यतालाई' को सट्टाः—**विधाताको वचनलाई[१]**

पृष्ठ ६०२ को फुटनोटमा थपः—

(१) ब्रह्मर्षिवर वशिष्ठजीले विश्वामित्रलाई "लौ ब्रह्मर्षि भयौ" नभनुञ्ज्याल विश्वामित्र ब्रह्मर्षि हुन सकेनन्. विधाताले (ब्रह्माले) भनेको कुरा सदर भएन ।

पृष्ठ ६०३ लाइन २१ मा '[रामजी फर्कनुहुन्छभने]' को सट्टाः—[**रामजी फर्कनुहुन्छभने चौध वर्ष मात्र होइन कि**]

पृष्ठ ६१० कों लाइन १९ को "संझेर भने" माथि थपः—ॐ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ६१० मा फुटनोट थपः—

* अम्बरीष र दुर्वासाको वृत्तान्त ५६८ पृष्ठको टिप्पणीमा लेखिएको छ।

पृष्ठ ६२५ लाइन ३० मा 'गर्ने होइनन्' को सट्टाः—गर्ने व्यक्ति होइनन्

पृष्ठ ६३२ लाइन ८ मा 'शिथिल भए' र '॥५॥' को बीचमा थपः—[तिनले अरू बोल्नसकेनन्]

पृष्ठ ६३७ लाइन २ मा 'हड़बड़ाए' र 'मनमा' को बीचमा थप :—तिनले

पृष्ठ ६५३ लाइन १ मा 'छ' र) तिमीको बीचमा थपः—तिमीले धन्दा मान्नुपर्दैन

पृष्ठ ६५४ लाइन ४, ५ मा 'बचावटको कोशिशस्वरूप' को सट्टाः—ज्यान जोगाउने यत्नस्वरूप

पृष्ठ ६६३ मा लाइन १२ र १३ को बीचमा थपः—(मासपारायण २१ विश्राम)

पृष्ठ ६६७ लाइन ७ मा 'भयो' माथि थपः—❀

पृष्ठ ६६७ को टिप्पणी खारेज, त्यसको सट्टाः—(❀) यो कथा ५६८-५६९ पृष्ठको टिप्पणीमा लेखिएको छ।

पृष्ठ ६६९ लाइन ६ मा ॥४॥ पछि थपः—(क)

पृष्ठ ६६९ मा फुटनोट थप

अत्रि र अनसूयाको परिचय

(क) ब्रह्माजीका तत्तत् अङ्गबाट प्रजापतिहरूको उत्पत्ति हुनलाग्दा वहाँका नेत्रबाट अत्रि मुनिको उत्पत्ति भएको हो। वहाँले ब्रह्माजीका आज्ञाअनुसार धेरै कालसम्म तपस्या गरेपछि कर्दमकी कन्या अनसूयासंग विवाह गरेर प्रजावृद्धिका निमित्त फेरि तपस्या गर्दा ब्रह्मा-विष्णु-महेश्वरका अंशबाट दत्त, चन्द्र, दुर्वासा नामका ३ पुत्र पैदा गर्नुभयो। वहाँ पेले ब्रह्माजीका आज्ञाअनुसार संसारसाम्राज्यका रक्षापुरुष (रक्षक अधिकारीपुरुष) गराएर खटाइएका—सप्तर्षि मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, वशिष्ठमध्येका द्वितीय रक्षापुरुष भएर तृण-गुल्म-लता-वृक्ष-वानस्पत्य-वनस्पतिरूपले रहेका ६ प्रकारका उद्भिज्ज जातिको र नदी-समुद्रको अध्यक्षता लिईकन विराजमान हुनुभएको छ।

वहाँकी पत्नी अनसूयाले पनि पतिका आज्ञाअनुसार धेरै तपस्या गरेर संसारका स्त्रीवर्गमा सर्वोच्च प्रभावका साथ ठूलो ख्याति (यश) पाउनुभयो। वहाँले दशवर्षसम्म अनावृष्टि भएर संसारमा हाहाकार परेका वेलामा आफ्ना तपोबलले कन्दमूल-फलफूलको सृष्टि गरेर क्षुधाव्याकुल भएका ऋषिमुनिहरूको प्राणत्राण गर्नुभयो, त्यसै वेलामा जलाभावले व्याकुल भएका तपस्वीहरूको रक्षाका निमित्त आफ्ना मन्त्रसिद्धिका प्रभावले गङ्गाजीलाई आफ्ना आश्रममण्डलमा बोलाउनुभयो। वहाँकै प्रीतिका निमित्त गङ्गाजी १ अंशले मन्दाकिनी नामले प्रसिद्ध भएर प्रवाहित हुनुभएको छ।

उहाँकी एउटी पतिव्रता ब्राह्मणी सखी थिइन्, तिनका पति अतिकामुक दुश्चरित्र र व्याधिपीडित (रोगी) थिए। तिनले १ दिन वेश्याकहाँ जाने मनसुवा गरे, स्वयं हिंड्न सक्तैनथे, पत्नीलाई 'म वेश्याकहाँ जान्छु, मलाई बोकेर लैजाउ' भने, पत्नीले 'हवस् पतिदेव !' भनेर रात्रीका अन्धकारमय समयमा पतिलाई बोकेर हिंड्दा बाटामा—चोर-डाँकूहरूको गिरफ्तारीमा विनाविचार पक्रडिएर विनाविचार शूलीको सजा पाएर छुंडिइरहेका माण्डव्यऋषिलाई अचानक घच्चा लाग्नजाँदा तिनले वृत्तान्त थाहा पाएपछि यस्तो दुःखमाथि पनि घच्याएर दुःख दिने तँ 'भोलि विहान सूर्योदय भएपछि विधवा भएस्' भन्ने सराप दिए। पतिप्राणा ती सतीले पतिको मनसुवा पूर्ण गराएर तिनलाई घरमा थन्क्याईकन आफ्नी सखी अनसूयालाई त्यो वृत्तान्त बताइन्। अनसूयाले 'त्यसो हो भने सूर्योदयै नहोस्' भन्ने प्रतिशाप दिइन्। सूर्य उदाएनन्। दश दिनको समय सूर्यदर्शन नभई बित्यो, स्थावरजङ्गम जगत्का आत्मा भएका सूर्य नउदाउनाले अभूतपूर्व आत्मलोप हुनलाग्दा त्रैलोक्यमा हाहाकार मच्चियो र देवताहरूले प्रार्थना गरेपछि अनसूयाले ब्राह्मणको शापलाई व्यर्थ गराईकन पतिव्रताका पतिलाई आफ्ना तपोबलले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदाचारी नीरोग चिरजीवी गराउने संकल्प (आँट) गर्नुभयो। संकल्पानुसार शाप पनि छुट्यो, ब्राह्मण पनि ठीक भए, सूर्य पनि उदाए। त्यस्ती अद्‌भुतप्रभावा अनसूयाको र जनकनन्दिनीको सम्वाद वाल्मीकीय-रामायणमा [२।११७] विस्तारपूर्वक लेखिएको छ। प्रत्येक आर्यमहिलाले हेर्नुपर्दछ।

पृष्ठ ६७५ को अन्तिम लाइनमा 'स्तुति गर्नुभयो' को सट्टाः—**स्तुति (तारीफ) गर्नुभयो**

पृष्ठ ६८८ लाइन २१ मा 'हुनुहुन्छ' पछि थपः--[**भनी निवेदन गरे**]

पृष्ठ ६९२ लाइन १६ मा '[रामलक्ष्मण सम्वाद]' को सट्टाः--[**राम-लक्ष्मण सम्वाद-रामगीता प्रारम्भ**]

पृष्ठ ६९५ लाइन १४ मा '॥४॥' पछि थप :—[**रामगीता समाप्त**]

पृष्ठ ६९५ को फुटनोट खारेज

पृष्ठ ६९८ लाइन १७ मा 'भनी' माथि थपः--(ख)

पृष्ठ ६९८ मा फुटनोट थप :—

(ख) दुष्कर भएको यौटा कुनै काम सिद्ध गर्दा विनाप्रयास अर्को काम सिद्ध भएको वर्णन गरिएमा मानिएको तेस्रो विशेषालङ्कारको उदाहरणमा राखिएको—

[मत्तमयूरच्छन्द]

जङ्गल्‌विच्मा लक्ष्मणले शूर्पणखाको यौटै काटे नाक, रुँदै त्यो पर भागी।
लङ्कावासी-रावणजीका दशगोटा नाकै काटे लौ भनि चिच्याउन लागी॥

राघवालङ्कारको यो श्लोक यहाँ प्रासङ्गिक होला।

पृष्ठ ७०० को सात्त्विकको फुटनोटको सट्टा :—

(१) प्रातःकालमा सूर्य उदाउँदाखेरि मन्देह नाम भएका अनेकानेक राक्षस सूर्यलाई रोक्न जान्छन्। धार्मिकहरूले सूर्यनारायणलाई चढाएका अर्घ (जलाञ्जलि) तिनै राक्षसका टाउकामा वज्ररूप भएर गिर्दछन् र ती मर्दछन्।

(१) रुन्धन्ति ब्रध्नमुद्यन्तं मन्देहा नाम राक्षसाः।
पतन्ति तोयाञ्जलिभिर्वज्रैरिव समर्पितैः॥

पृष्ठ ७१३ फुटनोटको अन्तिम लाइन 'लाएर)' र 'रामजीतर्फ' को बीचमा थपः--धनुले कुटीका द्वारमा रेखा खिचेर

पृष्ठ ७१४ लाइन २३ मा '(धर्साभित्रबाट' माथि थप :—१

पृष्ठ ७१४ मा फुटनोट थप :—

(१) लक्ष्मणजीले 'रक्षन्तु त्वां विशालाक्षि! समग्रा वनदेवताः' भनेर काटेको धर्सोमा दैवीशक्ति रहेको थियो। भूत-प्रेत-पिशाच-राक्षसहरू त्यो धर्सोभित्र पस्न सक्तैनथे। भोजन गर्दा, श्राद्ध गर्दा, भ्रातृपूजाहरू गर्दा जल-तैल प्रभृतिले रेखा गर्ने चलनबाट प्राचीन आचार बुझिन्छ। रेखी हाल्ने चलन पनि रक्षार्थै हो। त्यसमा—मन्त्रपाठ र मनोयोग आवश्यक छ। मन्त्रशास्त्रमा रेखाको महिमा देखिन्छ.

पृष्ठ ७१९ मा लाइन ८ र ९ को बीचमा थप :—**नवाह पारायण षष्ठ विश्राम**

पृष्ठ ७२१ लाइन ११ मा 'मान्नेछैनन्' पछि थप :—'खुशी हुनेछन्

पृष्ठ ७२१ मा खारेज गरिएको :—लाइन २७ को 'खञ्जन' लाइन २८ को 'नेत्र' लाइन ३० को 'नेत्र' लाइन ३० को 'खञ्जन'

पृष्ठ ७२१ लाइन २७ मा 'सुन्नेछ।' र 'सुगा' को बीचमा थप :—त्यस्तै

पृष्ठ ७३० लाइन १ मा 'सत्सङ्ग' माथि थप :—(१)

पृष्ठ ७३० लाइन २८ पछि फुटनोट थप :—

(१) नौ (९) लक्षण भएकी भक्तिको पहिलो जग सत्सङ्ग हो, सत् र असत् छुट्याउन आजकाल मुश्किल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। सत्सङ्ग गर्दछु भनेर श्रद्धा राख्ने मानिस दुःसङ्गमा पर्न जान्छ र भ्रष्ट भईकन बरबाद हुन्छ, साधु (सत्) को भेष लिएर दुनियाँ ठग्ने असाधु (दुर्जन) धेरै हुन्छन्। "सुख-दुख, मान-अपमान, प्रभृति द्वन्द्वमा समान भाव गर्ने, शान्त चित्त भएका, क्रोधरहित, सर्वत्र मित्रभाव गर्ने, परोपकारी, ईश्वरानुरागी, खानुपिनुको कुराबाहेक अरू कुरामा वास्ता नराख्ने—कुलकुटुम्बमा र स्त्री-पुत्र-धनसंयुक्त भएको घरमा समेत विशेष प्रीति नगर्ने, शरीरयात्रा (देहधारणको निर्वाह) देखि बढ्तामा ज्यादा तृष्णा नगर्ने, यस्ता व्यक्ति खोजेर सत्सङ्ग गर्नुपर्दछ। सत्का लक्षण छैनन्भने ढाँचै ढाँचामा छुक्किन हुँदैन. पहिलो जगै ठीक भएनभने माथिमाथि पुग्नसकिँदैन. यी पूर्वोक्त लक्षण-श्रीमद्भागवत पञ्चम स्कन्धका पञ्चमाध्यायमा डेढ श्लोकले देखाइएका छन्—

"महान्तस्ते समचित्ताः प्रशान्ता विमन्यवः सुहृदः वार्ति साधवो ये ॥
येवा मयीशे कृतसौहृदार्था, जनेषुदेहम्भर केषु ॥
गृहेषु जायात्मजरातिमत्सु न प्रीतियुक्ता यावदर्थाश्च लोके" ॥

यही रामायणमा श्रीरामजीले नारद मुनिलाई सन्तका लक्षण बताउनुभएको छ. [७४१ पृष्ठ हेर्नु]

पृष्ठ ७३१ लाइन ९ मा 'भएर' र 'हात्तीको' बीचमा थप :—**मत्ता**

पृष्ठ ७३३ लाइन ९ मा 'लाग्दछ' माथि थप :—※

पृष्ठ ७३३ मा फुटनोट थप :—

(※) शास्त्रं सुचिन्तितमपि परिचिन्तनीयं, स्वाराधितोऽपि नृपतिः परिशङ्कनीयः ।
अङ्केस्थिताऽपि युवतिः परिरक्षणीया, शास्त्रे नृपे च युवतौ च कुतो वशित्वम् ॥

नीतिको यो श्लोक र आठौं नवौं चौपाई तुल्यार्थक छन् ।

पृष्ठ ७३८ लाइन २९ मा '॥८॥' पछि थप :—(क)

पृष्ठ ७३८ मा फुटनोट थप :—

(क) 'हे राम ! हजूरका अनन्त नामको तारतम्य (अधम-मध्यम-उत्तम भाव) हामीहरूका बुद्धिको गोचर छैन (हाम्रो बुद्धिले यो नाम अधम श्रेणीको,—यो मध्यम श्रेणीको, यो उत्तम श्रेणीको भनेर निर्णय गर्न सक्तिन) तापनि 'राम' यो नाम अरू नामभन्दा ज्यादा गुणको धाम (भवन) छ भन्ने निश्चय ता अवश्य हुन जान्छ, किनभने ! हजूरले ३ फेर जन्म लिंदा त्यही नाम लिइबक्सेको छ। परशुराम, दाशरथिराम, बलराम यी ३ जन्म हजूरैका हुन्, यी तीनै जन्ममा रोजेर लिएको 'राम' यो नाम हजूरलाई खूब मन परेको रहेछ भन्ने कुरा लाटाले पनि थाहा पाएको छ, तस्मात् त्यही राम भन्ने हजूरको नाम भक्तिपूर्ण भएर जपछु' भन्ने आशयको—

अस्मदाद्यविषयेऽपि विशेषे राम ! नाम तव धाम गुणानाम् ।
अन्ववन्धि भवतैव हि कस्मात् खल्विदं ननु जनुस्त्रितयेऽपि ॥

यो श्लोकले श्री रामनामको महिमा देखाएर कवितार्किक चूडामणि भक्त—श्रीहर्षजीले स्तुति गर्नुभएको छ.

[नैषध १६ सर्ग]

पृष्ठ ७४३ मा लाइन १४ र १५ को बीचमा थप :—**(मासपारायण २२ विश्राम)**

पृष्ठ ७४६ लाइन २६ मा 'कालकूट विष' को सट्टा :—कालकूट (हालाहल) विष

पृष्ठ ७४६ लाइन ३० को 'यो कथादेखि लाइन ३२ को 'चराचरमहेश्वरः' सम्म खारेज र त्यसको सट्टा :—वहाँका कण्ठको त्यो नीलो दाग परहितसिद्धि गर्दा पर्नगएको हुनाले विचारवान्का दृष्टिमा बडो राम्रो ठहरिन गयो। ठीक हो—

परे आपत्मायी सुरहरू मरे लौ ! भनि हरे !
हजुर्ले हालाहल् पनि पिउनुभो हर्षित भई ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गला त्यस्तो दागी भइकन गयो देखिन भलो
भलाईका लागी कहिं परिदिने दाग छ भलो।।

[महिम्न स्तवच्छाया]

पृष्ठ ७४७ लाइन ४ मा 'छाडौंला' को सट्टा :--छाडौंला" **[सुग्रीवको यो आज्ञा सुनेपछि]**

पृष्ठ ७४७ लाइन २० मा 'सुनेर' को सट्टा :--सुनेपछि

पृष्ठ ७५३ लाइन २५ मा '(क)' पछि थप :--(१)

पृष्ठ ७५३ लाइन २९ पछि र ३० लाइन माथि फुटनोट थप :--

क (२) दुर्जनहरूको मैत्री उखुका फेददेखि आँख्लैपीछे माधुर्य घट्तै गएर टुप्पासम्म पुग्दा बिलकुल फीका हुन जाने रस जस्तै उत्तरोत्तर फीका हुन जान्छ। सज्जनको मैत्री टुप्पादेखि आँख्लैपीछे माधुर्य बढ्दै गएर फेदसम्म पुग्दा खूब गाढा हुन जाने रस जस्तै उत्तरोत्तर गाढा हुन्छ।

इक्षोरग्रात्क्रमशः पर्वणिपर्वणि यथा रसविशेषः।
तद्वत्सज्जन मैत्री विपरीतानां च विपरीता ॥

क (३) सज्जनहरूको मैत्री मध्याह्नउपरान्तको छाया झैं उत्तरोत्तर लामू हुँदै जान्छ, दुर्जनहरूको मैत्री सूर्योदयकालको छाया झैं आरम्भमा लामू देखिएर उत्तरोत्तर छोटो हुँदै जान्छ।

आरम्भगुर्वी क्षयिणी क्रमेण लघ्वापुरा वृद्धिमती च पश्चात्।
दिनस्य पूर्वार्ध परार्धभिन्ना छायेव मैत्री खलसज्जनानाम् ॥

क (४) अपूताको घर शून्य हुन्छ, मित्र नहुने मानिसको जिन्दगी शून्य हुन्छ, मूर्ख मानिसका दशै दिश शून्य हुन्छन्, कङ्गाली मानिसका हकमा जम्मै जगत् शून्य हुन्छ—

शून्यमपुत्रस्य गृहं मित्रविहीनस्य जीवनं शून्यम्।
मूर्खस्य दिशः शून्याः सर्वं शून्यं दरिद्रस्य ॥ [मृच्छकटिक]

इत्यादि नीतिवचनको आलोचना गर्नसक्ने सज्जनले गहिरो विचार गरेर मित्रलाभमा प्रयत्न गर्नुपर्दछ।

सीताविरहले व्याकुल भएका रघुवीरको र निर्वासनदण्डले पीडित भएका सुग्रीवको मैत्रीलाई आदर्श मानेर 'प्रत्येक मानिसले निष्कपट मैत्रीद्वारा आफ्नू हितको मार्ग बनाउनु आवश्यक छ' भन्ने उपदेश यो किष्किन्धाकाण्डबाट लिनुपर्दछ।

पृष्ठ ७६८ लाइन २२ पछि नयाँ फुटनोट थप :—

(क्) (१) मैत्री भएको ४।४ महीनासम्म पनि मीतज्यूको भेटघाट बिलकुल नपाउँदा रामजीले लक्ष्मणसँग 'भाई लक्ष्मण ! शौकीन वानरसँग मितेरी गरेको लाभ ता खेद (पश्चात्ताप) मात्र पो हुन आँट्यो कि ?' भनेर चिन्ता प्रकट गरीकन—सुग्रीवलाई सन्देश पठाउँदा 'कपिराज ! मारिएको बालि जुन बाटोले गएथ्यो, त्यो बाटो साँघुरो भएको छैन [फराकिलो छ, त्यही बाटो गरेर अर्को व्यक्ति पनि हिंड्नसक्तछ] कायदामा चल, सज्जन ! बालिको बाटो नपछ्याउ' यस्तो उद्गार गर्नुभएको छ।

खेदाय केवलमियं प्रजनिष्यते किं
शाखामृगस्य सुखिनः सखिता कृतेति।
सन्देहतः शरदि संलपतः सचिन्तं
वन्दे महापुरुष ! ते चरणारविन्दम् ॥
न स संकुचितः पन्था येन बालि हतो गतः।
समये सौम्य ! तिष्ठस्व ! मा बालिपथमन्वगाः ॥

[वा. रा.]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ७६८ साबिकको फुटनोट (क) को सट्टा (क)२

पृष्ठ ७६८ लाइन २८ को 'यही प्रसङ्गलाई'··'गरेको छ' सम्मको सट्टा :—**यही प्रसङ्गलाई लिएर महापुरुष (रामजी) को वन्दना गरी क्रोध चढेका वेलामा शान्ति लिनुपर्दछ।**

पृष्ठ ७७१ लाइन १ मा 'भइहाल्छ' माथि थप :—(*)

पृष्ठ ७७१ मा फुटनोट थप :—

(*) कान्ताकटाक्षविशिखा न लुनन्ति यस्य चित्तं न निर्दहति कोपकृशानुरुग्रः।
नाकर्षतिस्म विषयान् प्रति लोभपाशः सर्वं जगद्विजयते सहसा सधीरः॥
यो नीतिको श्लोक पनि करीब करीब यही आशयको छ।

पृष्ठ ७७२ लाइन ४ मा 'बोलाए' पछि थप :—[अनि अह्राए-]

पृष्ठ ७७७ साबिकको फुटनोट खारेज, त्यसको सट्टा :—

*यताउति अलमलिंदैमा अवधि (१ महीनाको मियाद) बितिसक्यो, जानकीजीको पत्ता लागेन, फर्केर गईकन उग्र दण्डदिने सुग्रीवका हातबाट मर्नुभन्दा समुद्रका किनारमा बसेर प्रायोपवेशको आश्रय लिएर ईश्वर-कृपाले कोही उपाय फेलापार्नु वेश होला कि भन्ने आशा गरिरहेको वेलामा गिद्ध देखियो, सबैलाई खान्छु भन्छ, खान ता हामीलाई के खाल्र तर प्रायोपवेशन गर्न आँट्ता यो अलच्छिना गिद्ध देखिएकोले प्रायोपवेशन सफल होला भन्ने आशा हरायो, लाचारीका साथ त्यसै प्राण छाड्नुपर्‍यो भनेर वानरवीरहरू डराए। गिद्ध देखेर त्यसका वचन सुनेर डराएका होइनन्, 'सगुण ईश्वरका उपासक वडभागी हुन्' भन्ने जाम्बवान्को वचन संझेर सीताहरणका समयमा रामसेवाका निमित्त रावणद्वारा प्राण छाड्ने जटायु वडभागी भए। हामी अलपत्र पर्‍यौं केही सेवा गर्न सकिएन, अभागी रहेछौं—भन्ने आशयले अङ्गदले यो उद्‌गार निकालेको हो। ईश्वरको अघटितघटनापटुतालाई धन्यवाद छ, अलच्छिना ठानिएको त्यही गिद्ध वाचनिक सहायता गरेर परमलच्छिनको बन्यो!

पृष्ठ ७८० लाइन ११ मा '॥६॥' पछि थप :—(क)

पृष्ठ ७८० मा फुटनोट थप :—

(क) सबै–वानरवीरहरू समुद्रलङ्घनमा हतोत्साह भएर जिल्ल परेका वेलामा "हे महावीर! हनूमन्! 'पहाड फोड्न सक्तछन्, समुद्र पिउन सक्तछन्, ब्रह्माण्डमण्डललाई उल्टाउन सक्तछन्, ब्रह्मा-इन्द्र प्रभृति ठूला २, देवतालाई तृणबराबर गराउनसक्ने त्यस्ता ती शङ्करकिङ्कर (महारुद्रका भक्त)का हकमा अशक्य कुरा केही छैन" भनेर वेदवेत्ताहरु भक्तको स्तुतिद्वारा जसको स्तुति गर्दछन्, भक्तिमान् भएका कोही २ जसलाई जान्दछन् (प्रत्यक्ष देख्न पाउँदछन्) तिमी उनै (महारुद्र) भएर पनि यस्तो संकष्ट परेका वेलामा हाम्रो उपेक्षा किन गर्छौ! बालकअवस्थैमा सूर्यमण्डलको ग्रास गर्ने तिमी होउ, रिस छाडेर शान्त भएका इन्द्रले पूजिएका तिमी होउ, आकाशमा दौडिरहेका सूर्यले पढाइएका तिमी होउ, संपूर्ण विद्याले अलंकृत भएका तिमी होउ, तिमी वरदिने ब्रह्माले सम्मान गरिएका छौ, तिमी वीराग्रणी भन्ने पदवीले भूषित भएका छौ, तिमी कपीन्द्र सुग्रीवले (दुष्कर कार्यमा) अघिसारिएका छौ, तिमी श्रीरामचन्द्रमा चित्त लगाइरहेका छौ, तिमी जवान छौ, धीर छौ, सिपालु छौ, संसारमा तिमीजस्तो (प्रतापी) कोही छैन, बाबू; सबै बान्धवलाई खुशी गराउ, फुर्ती गर, वेग लिएर समुद्र नाघिदेउ," भनी प्रताप थाहा पाउने बूढा; प्रसन्न भएका ऋक्षपति (भल्लूकराज) जाम्बवान्ले प्रशंसा गरिएका र तत्कालैमा मनमा खूब उत्साह लिएर खूब बढ्न लागेका पवनकुमार हाम्रो कल्याणकर्ता रहून्" भनी दुष्कर कार्यको आरम्भमा उनको प्रार्थना गर्नु वेश होला।

"भिन्दन्ति शैलानुदधीन्पिबन्ति ब्रह्माण्डपिण्डं परिवर्तयन्ति।
तृणीकृतब्रह्मपुरन्दराणां किं दुष्करं शङ्करकिङ्कराणाम्"॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इति स्म यं वेदविदः स्तुवन्ति विदन्ति यं केचन भक्तिमन्त ।
स एव सन् संप्रति संकटेऽस्मिन्नुवेक्षते किं निकटे भवन्नपि ॥
शिशुत्वजग्धार्यममण्डलोऽसि प्रशाम्यदाखण्डलपूजितोऽसि ।
पियद्व्रजद्भासरशिक्षितोऽसि समस्तविद्यासमलङ्कृतोऽसि ॥
वरप्रदब्रह्मसमर्हितोऽसि वीराग्रगण्यत्त्वविभूषितोऽसि ।
कपीन्द्र सुग्रीव पुरस्कृतोऽसि श्रीरामचन्द्रार्पितमानसोऽसि ॥
युवासि धीरोऽसि विशारदोऽसि न कश्चन त्वत्सदृशोऽस्ति लोके ।
सर्वाँ स्त्वमामोदय वत्स ! वन्धूँस्त्वरस्व लङ्घस्व जवेन सिन्धुम् " ॥
इति प्रभावं विदता जरावता प्रसीदता जाम्बवता प्रशंसितः ।
मुदेऽस्तु नः प्रोत्सहमानमानसः प्रवर्धमानः पवमाननन्दनः ॥

पृष्ठ ७८१ लाइन १ मा 'रामजी' शब्द खारेज ।

पृष्ठ ७८१ लाइन ५ मा 'गाउँछन्'को सट्टा :—**गाउनेछन्**

पृष्ठ ७८१ मा लाइन १५ र १६ को बीचमा थप :—**[मासपरायण २३ विश्राम]**

पृष्ठ ७८३ को लाइन ७ को 'श्लोकाः ३' खारेज ।

पृष्ठ ७८३ लाइन ७ पछि र लाइन ८ माथि थप लाइन :—**[शार्दूलविक्रीडित छन्द १]**

पृष्ठ ७८३ लाइन १६ र लाइन १७ को बीचमा थप लाइन :—**[वसन्ततिलका छन्द १]**

पृष्ठ ७८३ लाइन २१ र लाइन २२ को बीचमा थप लाइन :—**[मालिनी छन्द १]**

पृष्ठ ७८६ लाइन २८ मा [लंकादर्शन] शब्द खारेज ।

पृष्ठ ७८९ लाइन ५ मा 'शकेन' को सट्टाः—**सकेनन्**

पृष्ठ ७८९ लाइन १६ मा 'हनुमानजीले'को अगाडि थप :—**[अनि]**

पृष्ठ ७९० लाइन २२ मा ॥८॥' पछि थप :—**[विभीषणको यो वचन जब सुने-]**

पृष्ठ ७९० लाइन ३१ मा 'माझमा' र 'जिभ्रो'को बीचमा थप :—**बिचरा**

पृष्ठ ७९२ लाइन १६ मा '[रावण-सीता संवाद]' शब्द खारेज ।

पृष्ठ ७९३ लाइन २१ मा 'लामू' र 'जो' को बीचमा थप :—**प्रभुजीको**

पृष्ठ ७९५ लाइन २२ को '(अनि भनिन्)' शब्द खारेज ।

पृष्ठ ७९७ लाइन १७ मा [सीताहनूमत्संवाद] शब्द खारेज ।

पृष्ठ ८०७ लाइन २९ मा 'उनन्चासै' पछि थप :—**(४९)**

पृष्ठ ८०८ लाइन १९ मा "सृष्टि गरेको हो" माथि थप :—❀

पृष्ठ ८०८ मा फुटनोट थप :—

"मुखादग्निरजायत" वेद ।

पृष्ठ ८११ लाइन ३० मा 'गरेर' माथि थप :—**(१)**

पृष्ठ ८११ मा फुटनोट थप :—

(१) "स्त्रीको रक्षक [पाति इति पतिः यस्तो निर्वचनको अनुसार] पति हो । आज पति भनाउँदो मबाट रक्षा नपाएर सीताले आफ्नु रक्षा आफैले गर्नुपर्‍यो, मेरो सत्तालाई धिक्कार छ ? यौटी स्त्रीको रक्षा गर्न नसक्ने भएर पनि पतिभाव संझने मेरो निर्लज्जतालाई धन्यवाद छ।" इत्यादि रूपले यो आठौं चौपाईबाट रामजीका दैन्य-ग्लानि-चिन्ता-व्रीडा प्रभृति संचारी भाव झल्कन्छन् , तिनबाट विप्रलम्भ शृङ्गारको पुष्टि हुन्छ । गहिरो विचार गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ८१६ लाइन २३ र २४ को भन्दैदेखि अयोध्यादि पनिसम्मका शब्दहरूको सट्टा :—"**कोसलनाथ—रामजीकी जय" भन्दै**

पृष्ठ ८१७ लाइन २२ मा (अति मधुर) अगाड़ि थप :—**नीतिपूर्ण र**

पृष्ठ ८२० लाइन ३ मा 'यी' र 'नरक'को बीचमा थप :—(३)

पृष्ठ ८२० लाइन ४ मा '॥३७॥' पछि थप—*

पृष्ठ ८२० लाइन ३२ मा '॥३९॥' पछि थप :—**[विभीषणले यति बोलेपछि]**

पृष्ठ ८२० मा फुटनोट थप :—

*त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ।
एतैर्विमुक्तः कौन्तेय ! तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥

[भगवद्गीता]

पृष्ठ ८२१ लाइन १५ या 'भन्दछन्' माथि थप :—*

पृष्ठ ८२१ लाइन ३२ मा 'मेरा' र 'अन्नले'को बीचमा थप :—**आधारमा मेरा**

पृष्ठ ८२१ मा फुटनोट थप :—

*वेद र पुराणहरू मात्र होइन् कि अनुभवी कवीश्वरहरू पनि—
सर्वस्य द्वे सुमतिकुमती संपदापत्तिहेतू—भन्दछन् ।

पृष्ठ ८२६ को फुटनोट खारेज ।

पृष्ठ ८३१ लाइन २२ मा 'भन्नुभयो कि—' पछि थप :—**[ए दूत !]**

पृष्ठ ८३२ लाइन १९ मा (जिल्ल परेको) छ' पछि थप :—**[किन हो !]**

पृष्ठ ८३३ लाइन १९ मा "अठार पद्म :—[१८००००००००००००००]

पृष्ठ ८३६ लाइन २७ मा 'स्वीकार गरे ।' पछि थप :—त्यो गयो ।

पृष्ठ ८३७ लाइन २९ मा '(पिटे'को सट्टा :—**ताडना गरे**

पृष्ठ ८३७ को फुटनोटको अन्त्यमा थप :—

गर्ग मुनिले पनि "बरालिएका (अनुचित परिस्थितिमा रहेका) यी ४ लाई ताडना गर्नुपर्छ" भनेका हुन्, त्यो कुरा मुनासीब पनि होला । दुर्वृत्त (बदमाश) भएकी शूर्पणखाको नाक काटियो, मन्थराले शत्रुघ्नका लात खूब खाई, 'मन्थरा' नाम भएकी विरोचनकी छोरी दैत्यराज बलिकी दिदीले अत्याचार गर्दा त्यो इन्द्रका हातबाट मारिई, विनाकारण कोही पनि ताडनाको अधिकारी छैन । कारण छभने ताडन न्याय प्राप्तै होला । ताडन पनि—कसैलाई वेंतले, कसैलाई अंकुशले, कसैलाई लट्ठीले, कसैलाई तीक्ष्ण वचनले यथायोग्य गर्नुपर्दछ, सबैलाई भकुर्नु हुँदैन ।

पृष्ठ ८३८ लाइन ५ मा 'भनेको छ' पछि थप :—**[त्यो असत्य हुने भयो]**

पृष्ठ ८३८ मा फुटनोटको अन्त्यमा थप :—

दस्यूपसर्गबहुलद्रुमकुल्यदेशनिःशल्यताकरकरस्थ महाशरस्य ।
सेतुं विधित्सत उदाधियः पयोधौ वन्दे महापुरुष ते चरणारविन्दम् ॥

पृष्ठ ८३९ मा लाइन १८ र १९को बीचमा थप :—**(मासपारायण २४ विश्राम)**

पृष्ठ ८४३ लाइन ३१ पछि थप :—हाँस्ताखेरि तन्दुरुस्तो र उत्साह बढ्दो रहेछ भनी आधुनिक अनुसन्धानवाला पनि भन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागेका छन्। हाम्रा हनूमान्‌जीलाई पनि यो कुरा थाहा रहेछ कि क्या हो। हनुमान्‌जीका विद्वत्ताको रामजीले पनि तारीफ गर्नुभएको छ। वाल्मीकीय रामायणको हनूमत्संवाद हेर्नुपर्दछ।

पृष्ठ ८४४ मा फुटनोट थपः—

* यो उक्तिबाट श्रीरघुनाथजीले श्रीशङ्करजीको अभिन्नता देखाएको बुझिन्छ। तदनुसार सम्मिलित कीर्तनलाई श्रेयस्कर संझेर दुनियाँले सम्मिलित कीर्तन गर्ला भन्ने आशा लिएर व्यासमहर्षिबाट धर्मराज (यमराज) ले आफ्ना दूतहरूलाई [हे दूतहो! गोविन्द! माधव! मुकुन्द! हरे! मुरारे!''इत्यादि नामको सप्रेम बराबर उच्चारण गर्ने व्यक्तिलाई तिमीहरूले यो लोक (यमलोक) मा ल्याउन हुँदैन, नल्याए भनेर] बताएको अष्टोत्तरशत (१०८) नामावली भएको हरिहरस्तोत्र स्कन्दपुराण-काशीखण्ड (अ० ८)मा प्रकाशित भएको छ। जस्तै—

गोविन्द माधव मुकुन्द हरे मुरारे शम्भो शिवेश शशिशेखर शूलपाणे।
दामोदराच्युतजनार्दन वासुदेव त्याज्या भटा य इति संततमामनन्ति ॥१॥
विष्णो नृसिंह मधुसूदन चक्रपाणे गौरीपते गिरिश शङ्कर चन्द्रचूड।
नारायणासुरनिवर्हण शार्ङ्गपाणे त्याज्या भटा य इतिसन्ततमामनन्ति ॥२॥
मृत्युञ्जयोग्रविषमेक्षण कामशत्रो श्रीकान्त पीतवसनाम्बुदनील शौरे!
ईशान कृत्तिवसन त्रिदशैकनाथ त्याज्या भटा य इति सन्ततमामनन्ति ॥३॥
लक्ष्मीपते मधुरिपो पुरुषोत्तमाऽऽद्य श्रीकण्ठ दिग्वसन शान्त पिनाकपाणे।
आनन्दकन्द धरणीधर पद्मनाभ त्याज्या भटा य इति सन्ततमामनन्ति ॥४॥
सर्वेश्वर त्रिपुरसूदन देवदेव ब्रह्मण्यदेव गरुडध्वज शङ्खपाणे।
त्र्यक्षोरगाभरण बालमृगाङ्कमौले त्याज्या भटा य इति सन्ततमामनन्ति ॥५॥
श्रीराम राघव रमेश्वर रावणारे भूतेश मन्मथरिपो प्रमथाधिनाथ।
चाणूरमर्दन हृषीकपते मुरारे त्याज्या भटा य इति सन्ततमामनन्ति ॥६॥
शूलिन गिरीश रजनीशकलावतंस कंसप्रणाशन सनातन केशिनाथ।
भर्ग त्रिनेत्र भव भूतपते पुरारे त्याज्या भटा य इति सन्ततमामनन्ति ॥७॥
गोपीपते यदुपते वसुदेवसूनो कर्पूरगौर वृषभध्वज भालनेत्र।
गोवर्धनोद्धरण धर्मधुरीण गोप त्याज्या भटा य इति सन्ततमामनन्ति ॥८॥
स्थाणो त्रिलोचन पिनाकधर स्मरारे कृष्णानिरुद्ध कमलाकर कल्मषारे।
विश्वेश्वर त्रिपथगार्द्रजटाकलाप त्याज्या भटा य इति सन्ततमामनन्ति ॥९॥
अष्टोत्तराधिकशतेन सुचारु नाम्नां संदर्भितां ललितरत्नकदम्बकेन।
सन्नायकां दृढगुणां द्विज! कण्ठगा यः कुर्यादिमां स्रजमहो! स यमं न पश्येत् ॥१०॥

पृष्ठ ८५३ मा लाइन १६ र १७ को बीचमा थप :—**(नवाह्न सप्तम विश्राम)**

पृष्ठ ८४५ लाइन २५ मा 'प्रकट भएको हो' को सट्टा :—प्रकट भएको हो भनी महानाटकमा पनि भनेको छ —

पृष्ठ ८५२ लाइन २८ मा 'भएका' र 'तारारूपी' को बीचमा थप :—**[अन्धकाररूपी मत्ता हात्तीका फुटेका गण्डस्थलबाट खसेर प्रकाशमान भएका]**

पृष्ठ ८५३ लाइन २ मा 'कसैले' र 'राहुले'को बीचमा थपः—**['सैंहिकेय' भन्ने नामबाट सिंहकी पोथीको छोरो भन्नलाई उचित हुने—]**

पृष्ठ ८५३ लाइन १८, १९ मा 'हुनू'''कालोपना सम्मको सट्टाः—**हुन्, [तिनले विरही भइबक्सेका हजूरलाई किन जलाउँथे ?] हजूरको मूर्ति [भक्तिवान भएका] तिनका हृदयमा रहन्छ, त्यसैको श्यामता (कालोपना)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ८६० लाइन २२, २३ मा 'सुन्नेबित्तिकै ''दिनुहुनेछ'' सम्मको सट्टाः–सुन्नेबित्तिकै [दाँतले घाँस च्यापेको, कुठार झुण्ड्याएको देख्ता] प्रभुजी तपाईंलाई अभय दिनुहुनेछ" [भने]

पृष्ठ ८६२ लाइन ४ मा 'ता' र 'डुवेर'को बीचमा थपः—यस्ता उल्लूले चुल्लूभर पानीमा

पृष्ठ ८६४ लाइन १२ मा 'गुणग्राही छौ' को सट्टा–गुणग्राही रहेछौ

पृष्ठ ८६४ लाइन २७ मा 'मीतबाबुलाई'को सट्टा—मीतबाबु तिमीलाई

पृष्ठ ८६५ लाइन ७ मा 'छोडाइदिए'को सट्टाः—छोडाइदिएका थिए

पृष्ठ ८६५ लाइन १२ मा 'छोडाए'को सट्टा—छोडाएका थिए

पृष्ठ ८६६ लाइन १९ मा 'सकस' र 'मानिस'को बीचमा थपः—[मामूली]

पृष्ठ ८७० लाइन १३ मा '॥४॥' पछि थपः—(१)

पृष्ठ ८७० मा फुटनोट थपः—

(१) व्यसनचयपरीतं मन्मथान्धं कदर्यं गुणनिवहविहीनं निःस्वमात्तापवादम् ।
अतिजरमतिरोगं क्रोधिनं विष्णुसेवाविमुखमखिलवेदाचारसंहारसक्तम् ॥-
निजतनुभरणौक व्याप्तं लोकनिन्दा निरतमतिमनेकानेक दुष्कर्मदुष्टम् –।
अपि वहु विलसन्तं संचलद्वाहुयुग्मं जनमवगतवेदाः सज्जनाः प्रेतमाहुः ॥

यसको अर्थ यिनै ४ चौपाई हुन् ।

पृष्ठ ८७८ लाइन २८ मा 'फौजलाई'को सट्टाः—फौजको

पृष्ठ ८८१ लाइन २७, २८ मा 'म''''खड्गले मार्नेछु'को सट्टाः—त्यसलाई भयानक खड्गले मै मार्नेछु

पृष्ठ ८८३ लाइन ० मा 'अनि दुवै भाईले'को सट्टाः—अनि ती दुवै भाई

पृष्ठ ८८६ मा लाइन ३१ पछि थपः—(मासपारायण २५ विश्राम)

पृष्ठ ८८९ लाइन ४ मा 'मर्म' र 'त्यसले'को बीचमा थपः—[खुट्टा समातेर पछार्ने इरादा]

पृष्ठ ८९७ को फुटनोटको अन्त्यमा थपः—

वाल्मीकि रामायणमा रहेको
देशेदेशे कलत्राणि देशेदेशे च बान्धवाः ।
तं तु देशं न पश्यामि यत्र भ्राता सहोदरः ॥
यो श्लोक यसको समानासर्थक छ ।

विमातृ भाईलाई पनि पितृरेतः सम्बन्धले सहोदर भन्नामा ठूलो बाधा पर्दैन । आदिमहाकवि वाल्मीकिजीको आशय यही पनि हुन सक्तछ ।

दशरथ महाराजले गरेका पुत्रेष्टियज्ञमा अग्निनारायणले दिएको पायसपूर्ण स्वर्णपात्रलाई नै उदर (पेट) मानेका खण्डमा चारै (४) भाई सहोदर हुन्छन् ।

पृष्ठ ९१३ लाइन २६ को अन्त्यमा थपः—❀

पृष्ठ ९१३ मा फुटनोट थपः—

(❀) अर्कालाई उपदेश गर्न सबै सिपालु हुन्छन् । आफूलाई त्यो उपदेश लिंदैनन् । अर्कालाई उपदेश गर्दा जुन पण्डित्यको आविष्कार गर्दछ, मानिसले त्यो पाण्डित्यलाई आफ्नै मनमा पनि राखे ता दुःखी को हुने थियो र ?

परोपदेशे पाण्डित्यं यदाविष्कुरुते मुखात् ।
चेत्तदेव हृदा दध्यात् को नु ? स्यात् क्लेशभाग् जनः ॥

पृष्ठ ९१६ लाइन ७ मा '॥२॥' को पछि थपः—[भगवद्गीता प्रारम्भ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ९१६ लाइन १९ देखि २६ सम्मको सट्टाः—'शौर्य र धैर्य त्यो रथका पांग्रा छन्, दृढ-सत्य[२] ध्वजा हो, दृढ-शील[३] पताका हो । ॥५॥ बल, विवेक; दम, परहित यी[४] घोडा हुन्, ती क्षमा[५], कृपा समता यी तीनरूपी डोरीले बाँधिएका छन् ॥६॥ ईश्वर-भजन[६] बुद्धिमान् सारथि हो, वैराग्य[७] ढाल हो, सन्तोष[८] खड्ग हो ॥७॥ दान[९] परशु बञ्चरो हो, बुद्धि[१०] प्रचंड शक्ति हो, दृढ-ज्ञान[११] मजबूत धनु हो ॥८॥ निर्मल स्थिर मन[१२] ठोक्रो हो, यम[१३] र नियम[१४] नाना प्रकारका वाण हुन् ॥९॥ ब्राह्मण र गुरुका चरणको पूजा[१५] अभेद्य कवच हो, यो बराबर विजयको अर्को उपाय छैन ॥१०॥ हे मित्र, जसका पासमा यो धर्मरूपी रथ रहन्छ, त्यसका जित्नुपर्ने वैरी कतै रहँदैनन् [विजय स्वतःसिद्ध हुन्छ, रथ मात्रै तयार गरेर सावधान रहे मनोरथ पुग्दछ] ॥१॥ (क)

पृष्ठ ९१६ मा साबिकको फुटनोट खारेज र त्यसको सट्टाः—

(क) धर्मरथको यो रुपक अत्यन्त राम्रो र अत्यन्त हितकारी छ । गहिरो विचार गरेर मनन गऱ्योभने मानिस परमोच्चश्रेणीमा पुग्नसक्तछ । यी ७ चौपाईको साधारण अर्थ माथि टीकामा देखाइएको छ. यिनको विस्तारपूर्वक खुलस्त अर्थ जान्नलाई योग्य विद्वान्‌को सहवास गर्नुपर्दछ । त्यस्तो अनुकूल नपर्ने—श्रद्धालु सज्जनले—

(१) 'धर्मरूपी रथका २ पाङ्ग्रा शौर्य र धैर्य हुन्—

धर्मविरोधी भएका दुर्जनको दमन गर्नलाई शौर्यको अत्यन्त आवश्यकता रहन्छ, धर्मरक्षण गर्दा परिआएका आपत्तिको सहन गर्नलाई धैर्यको पनि अत्यन्त आवश्यकता रहन्छ । शौर्य र धैर्य नभए निराधार भएको धर्मरथ अड्न सक्तैन

(२) धर्मरथको ध्वजा सत्य हो—

धर्ममा सर्वोपरि मानिएको सत्यधर्म छैनभने धर्मरथ ध्वजा नभएको रथजस्तै बुचो देखिन्छ, रथको शोभा बढाउने ध्वजा हो । वीरहरूका रथमा ध्वजा रहनै पर्दछ । ध्वजा काटियोभने वीरहरू आफ्नु नाक काटिए जस्तै लज्जित हुन्छन् । धर्मरथमा चढ्ने रथीले सत्यवादितालाई जगत्प्रख्यात गर्नुपर्दछ ।

(३) धर्मरथको पताका शील (सत्स्वभाव) हो—

शीलस्वभाव राम्रा तरहले फरफराइरहेको (जगत्‌मा प्रख्यात भइरहेको) छभने धर्मको शोभा हुन्छ, शील-स्वभाव मधुर छैनभने धार्मिक मानिसको धर्मकर्म पनि पताका नभएको रथझैं अनादरणीय र आदर्शहीन हुन्छ]

(४) धर्मरथका ४ घोडाका २ जोडी बल-दम, विवेक-परहित हुन् ।

धर्मरथलाई डुलाउँदा (धर्मप्रचार गर्दा) बल र दमरूपी २ घोडालाई पहिले जोत्नुपर्दछ, यथायोग्य दम (इन्द्रियनिग्रह) भयोभने धर्मरथ कथंचित् चल्नलाग्दछ अर्थात्—विद्याबल—बुद्धिबल—धनबल—जनबल—बाहुबलमध्येको यथालाभ बल र दम (स्वच्छन्दचारी हुन नदिने मनोनिग्रह) मिल्योभने धर्मरथ केही चल्दछ, यसलाई ठीक ठीक चलाउनलाई पूर्वोक्त २ घोडाका (बल दम) का अगाडि (मुहडामा) विवेक र परहितरूपी २ घोडा जोतेर धर्मरथलाई सर्वत्रगामी र मजबूत पार्नुपर्दछ ।

पूर्वोक्त २ घोडा (बल-दम) को जोडीले मात्र धर्मरथ ठीक चल्नसक्तैन । विवेक (ध्यानविचार) र परहित (परोपकार) रूपी २ घोडाको आवश्यकता रहन्छ । विवेक र परहित प्रवृत्ति रहेनभने त्यो धर्मरथलाई बीच २ मा अनेक बाधा पर्दछन् ।

(५) पूर्वोक्त ४ घोडा क्षमा (सहिष्णुता), दया (करुणा), समता (समदृष्टिता)—रूपी त्रिगुण (३ पयो गरी बाटिएका मजबूत डोरीले बाँधिएका हुनुपर्दछ ।

अर्थात्, पूर्वोक्त ४ घोडामा (विवेक-परहित, बल-दममा) क्षमा—दया—समतारूपी डोरी (लगाम) को नियन्त्रण रहनुपर्दछ । क्षमा—दया—समता नभएका बल—दम—विवेक—परहितहरू मिलेर धर्मरथलाई यथोचित चलाउन सक्तैनन्, यिनलाई मिलाउन (सम्मिलित पार्न) पूर्वोक्त त्रिगुण—बलियो डोरी अवश्य चाहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(६) यी ४ घोडालाई हाँक्ने सारथि ईश्वरभजन हो ।

क्षमा–दया–समतारूपी डोरी ईश्वरभजनका हातमा रहन्छ (ईश्वरभजनाधीन रहन्छ)। रथीको हित गर्ने सारथि सावधान भएर घोडा हाँक्तछ, अलिकति प्रमाद (गल्ती) भयोभने रथीको र घोडाको समेत अनिष्ट हुन आउँछ। ईश्वरभजनरूपी सारथि ता अत्यन्त गुणपूर्ण छ, त्यसले त्रिगुण भएको त्यो डोरी हातमा लिनेबित्तिकै कायदासाथ घोडा चल्दछन् , घोडाको गति ठीक ठीक रहन्छ, र रथी सुरक्षित रहेर पुग्नुपर्ने ठाउँमा पुग्दछ। ईश्वरभजन यथार्थ छभने क्षमा दया समता अवश्य रहेका हुन्छन् , यथार्थ छैनभने हातमा माला, गलामा कण्ठी, ललाटमा तिलक राख्नाले मात्र त्यो सारथि छकिंदैन र रथ हाँक्न मञ्जूर गर्दैन ।

(७) त्यो धर्मरथमा चढ्न खोज्ने रथी (धार्मिक) लाई चाहिने सर्जाममध्ये सर्वप्रथम (मुख्य) सर्जाम वैराग्यरूपी ढाल हो ।

सारा संसारलाई काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य नाम भएका कट्टर शत्रुले सदा पिरिरहेका छन् , धर्मरथमा चढ्न लागेका वेलामा ता झन् उपद्रव गर्छन् , तसर्थ पहिल्यै वैराग्यरूपी ढाल लिएर धर्मरथमा आरूढ हुनुपर्दछ, ऐहलौकिक सुख र पारलौकिक सुखको परिणाम दुःखै हो भन्ने दृढ ज्ञान भएर ती सुखमा तृष्णा नगर्नु नै वैराग्य कहिन्छ। कुनै आपत्ति परेका वेलामा हुने चित्तको अवस्थालाई वैमनस्य भन्नुपर्दछ, त्यो अवस्था वैराग्य होइन, राग (विषयाभिलाषा) बिलकुल हटेको अवस्था वैराग्य हो। सच्चा वैराग्य ता ठूलो भाग्यले पाइन्छ, त्यस्तो वैराग्य हुने सकसलाई कामक्रोधादिले विचलित गर्न सक्तैनन्। क्षणिक वैमनस्य (श्मशानवैराग्य) लिएर धर्मरथारूढ हुन खोज्दा कामादि शत्रुले घायल पारेर पछारिदिन्छन्। पूर्ण वैराग्य भएको (वीतराग) मानिस—आकाशका सारा ग्रहनक्षत्रमण्डल गिरे पनि, जम्मै धर्ती फाटे पनि, जम्मै पहाड हल्ले पनि, सब समुद्र जोरिए पनि, यो ब्रह्माण्ड तलको माथि, माथिको तल पर्ने गरी उल्टिए पनि केही हानि संझदैन, वीतराग भएको मानिस कसैमा पनि ममता (मेरो भन्ने भाव) राख्तैन, त्यस्तालाई कामादिले के गर्न सक्थे ?

पततु नभः स्फुटतु मही, चलन्तु गिरयो मिलन्तु वारिधयः ।
अधरोत्तरमस्तु जगत् का हानिर्वीतरागस्य ? ॥ [अप्पय दी. वैरा.]

(८) अर्को सर्जाम सन्तोषरूपी खड्ग हो ।

भाग्यानुसार सुखदुःखको भोग पाएमा एकरूप रहीकन वाह्यियात—अनागत वाह्यविषयको लालसा नगर्ने, सन्तोषरूपी अमृतले तृप्त भएको—रथीलाई कामादि ६ शत्रुले केही अनिष्ट गर्न सक्तैनन्। बरु उठेर आएका तिनै शत्रुहरू सन्तोष खड्गले छपाछप काटिन्छन् ।

बाह्यविषयको लालसा गर्ने मानिस कहिल्यै पनि अघाउँदैन, विषयलालसारूपी आगो दनदनाकार भएर दुनियाँ व्याकुल भइरहेको छ, प्रत्येक व्यक्तिलाई १।१ ब्रह्माण्डको आधिपत्य मिले पनि त्यतिले पुग्दैन ।

धन-धान्य र कामिनी अरू पृथिवीमा जति छन् मणीहरू ।
इ सब मइलाइ नै परे पनि भो भन्दिन क्या गजब् हरे ! ॥ [दत्तचर्या]

आखिरमा सबैले सन्तोषैको सहारा लिनुपर्छभने 'संतोषादनुत्तमसुखलाभ :' यस्तो दिव्यउपदेश लिएर पहिल्यैदेखि सन्तोषवृत्ति किन नलिनु ?

विधवा भएकी स्त्रीले आखिरमा पुनर्विवाह गर्नैपर्छ भने विधवा हुनेबित्तिकै किन नगर्नु ? अन्ते रण्डाविवाहश्चेदादावेव कुतो न हि' ।

(९) अर्को सर्जाम दानरूपी परशु (फर्सा-बञ्चरो) हो ।

धर्मरथमा चढेका रथीलाई नाना प्रकारका—जताततै फैलिएका विषयरूपी लतावितान (लहराका झाङ) ले अल्झाएर पुग्नुपर्ने ठाउँमा पुग्न विलम्ब पारिदिन्छ। त्यो रथीले दानरूपी परशु लिएर आफूसँग रहेका प्राणरक्षणका निमित्त चाहिने वस्तुबाहेक (यावद्वस्तुको छेदन गर्नुपर्छ, अर्थात् सबै अनावश्यक वस्तु लुटाएर बन्धनमुक्त हुने कोशिश गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(१०) अर्को सर्जाम बुद्धिरूपी शक्ति (बर्छा) हो ।

माथि बताइएका शस्त्र (खड्ग र फर्सा) = (सन्तोष-दान) कुण्ठित हुने (कुँढिने) अवस्था पनि कहिलेकाहीं दैवसंयोगले आइपर्छ, त्यस बखतमा बुद्धि (निश्चयात्मकविचार) रूपी शक्ति (बर्छा) चलाएर कामक्रोधादिलाई र विषयलतावितानलाई छिन्नभिन्न पार्नुपर्दछ ।

(११) अर्को सरजाम ज्ञानरूपी धनु हो ।

नगीचै (वर्तमान समयमा) आइपुगेर जाइलाग्ने शत्रुलाई खड्ग-फर्सा-बर्छाले परास्त गर्न सकिन्छ । टाढा र का शत्रुलाई मार्न बाणसंयुक्त धनु चाहिन्छ । वर्तमान समयका कामादि शत्रु तात्कालिक शत्रु हुन्, तिनलाई संतोष-दान-बुद्धिले परास्त गर्नुपर्दछ, अतीत अनागत भूतकालका र भविष्यत्कालका विषयको आधारमा वासनारूपले रहेका कामादि शत्रु टाढाका शत्रु हुन् । तिनलाई निर्मूल नष्ट पार्नाका निमित्त ज्ञानरूपी धनु चाहिन्छ । पछि बताइने यमनियमरूपी बाणको प्रहार गर्नलाई ज्ञानरूपी धनु पहिल्यै तयार रहनुपर्दछ ।

(१२) अर्को सर्जाम शुद्ध अन्तःकरण (मन) रूपी ठोक्रो हो ।

धोईधोईकन सफा पारेको (नित्यनैमित्तिक शास्त्रोक्तकर्म गर्दागर्दा निर्मल भएको) केही असल वस्तु राख्ता आफ्ना निर्मलताले राखिएको वस्तुलाई विकृत (खराब) हुन नदिने,—पछि बताइने दुर्लभ-रक्षणीय भएका—यमनियमादिरुप बाणको आधार भएको अन्तःकरणरूपी ठोक्रालाई धर्मरथका रथीले भिरिराख्नुपर्दछ ।

(१३) यम नियम प्रभृति साधन अन्तःकरणरूपी ठोक्रामा रहने विविध प्रकारका बाण हुन् ।

पूर्वोक्त वैराग्य-ढाल, सन्तोष-खड्ग,-दान-परशुले परास्त भए पनि कामादि छ शत्रु निर्मूल नष्ट हुँदैनन्, वासनारूपले रहेर फेरि पछ्याउने हुन्छन्, तिनलाई निर्मूल नष्ट पार्न शुद्ध अन्तःकरणरूपी ठोक्रामा रहेका (मैला-ठाउँमा रहेर खियासिया नलागेका) यमरूपी ५, नियमरूपी ५ बाणको प्रहार यथोचित गर्नुपर्दछ ।

अहिंसा १, सत्य २, अस्तेय ३, ब्रह्मचर्य ४, अपरिग्रह ५ यी ५ यम कहिन्छन् ।

शौच १, सन्तोष २, तप ३, स्वाध्याय ४, ईश्वरप्रणिधान ५ यी ५ नियम कहिन्छन् ।

कामादि छ शत्रुमध्ये काम-क्रोध-लोभरूपी ३ शत्रु कट्टर शत्रु हुन् ।

कामशत्रुले आक्रमण (हमला) गरेमा धर्मरथका रथीले—यममध्येका ब्रह्मचर्यबाण, अपरिग्रहबाण र नियम-मध्येको शौचबाण, र ईश्वरप्रणिधान बाणको प्रयोग गर्नुपर्दछ ।

[अर्थात् आठ प्रकारको मैथुन १०८-१०९ पृष्ठमा लेखिएको छ । त्यस्तो मैथुन छाड्नलाई सच्चा ब्रह्मचर्य भन्छन् । ब्रह्मचर्यबाणको प्रयोग गर्दा कामशत्रु केहि दब्दछ । नाना प्रकारका ऐशआरामका चीजबीज साथमा रहे भने त्यसले फेरि हमला गर्दछ, त्यस वेलामा अपरिग्रहबाणको प्रयोग गरेर त्यसलाई ठोक्नुपर्दछ, [अर्थात् कामो-द्दीपन गर्ने स्रक्चन्दनवनितादि यावद्वस्तुको त्याग गरेर अत्यावश्यक (प्राणधारणमात्रोपयोगी) भएका वस्तुको संग्रहरूपी अपरिग्रहबाणका प्रहारले कामशत्रुलाई प्राणमात्रावशेष पार्नुपर्दछ] त्यति गर्दा पनि त्यसले बखत बखतमा चट्पटाएर हैरानी दिन्छ, त्यस वेलामा शौच (अन्तःकरणशुद्धि) रूपी बाणको प्रयोग गर्नुपर्छ [अर्थात् सुखीहरूमा मित्रभाव, दुःखीहरूमा करुणभाव, पुण्यात्माहरूमा मुदिता (खुशी रहने प्रकृति) पापीहरूमा उपेक्षा (तटस्थता) लिएर मनलाई शुचि (निर्मल) पार्नुपर्छ] पूर्वोक्त ३ बाणको प्रयोगले पनि कामशत्रु बिलकुल नष्ट हुँदैन चञ्चल भएका मनका कुनामा लुकेर रहेको त्यो खूब चाम्रो छ, त्यसलाई मार्न ईश्वरप्रणिधानरूपी बाणको प्रयोग गर्नुपर्दछ [अर्थात् प्राणमात्रावशेष भएको कामशत्रुलाई एकता नभई ईश्वरचिन्तन गरेर मार्नुपर्दछ] क्रोधशत्रुले आक्रमण गरेमा यसमध्येको अहिंसाबाण, अपरिग्रहबाण, र नियममध्येको ईश्वरप्रणिधानबाणको प्रयोग गर्नुपर्दछ ।

[अर्थात् हरहालतमा प्राणीलाई पीडा नदिने अहिंसाव्रत लिएर क्रोधलाई जित्नुपर्दछ । परन्तु आफ्ना ऐश-आरामका निमित्त साथ राखिएका चीजबीजको कसैबाट अपहरण भएमा अहिंसाव्रत कायम रहन सक्तैन, त्यसलाई कायम राख्नाको निमित्त परिग्रह (भोगसामग्री) छाड्नुपर्दछ, अर्थात् अपरिग्रहबाणको प्रयोग गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वोक्त २ बाणको प्रयोगले पूणतया क्रोधविजय हुन नसक्ने हुनाले तेस्रो बाण (ईश्वरप्रणिधान)को प्रयोग गर्नुपर्छ । अर्थात् यथाकथंचित् अहिंसा र अपरिग्रह सिद्ध भए पनि ईश्वरप्रणिधान नहुञ्ज्याल क्रोधको विजय पूर्ण हुँदैन । अहिंसाव्रतीलाई र सर्वत्यागीलाई पनि कहिलेकाँहीं क्रोधशत्रुले पछारेको सुनिन्छ, ईश्वरमा एकतान चिन्तन भएका खण्डमा अहिंसाव्रत र अपरिग्रहताव्रत बलवान् भएर क्रोधशत्रुको विजयमा सफल हुन्छन्]।

लोभशत्रुले—आक्रमण गरेमा यसमध्येका अहिंसाबाण[१], सत्यबाण[२], अस्तेयबाण[३], अपरिग्रहबाणको[४] र नियम-मध्येका शौचबाण[५], सन्तोषबाण[६], ईश्वरप्रणिधानबाणको प्रयोग गर्नुपर्दछ [अर्थात् लोभले पिट्टा दिएका वेलामा प्राणी प्राणिहिंसा[१]पनि गर्दछ, असत्य[२] पनि बोल्दछ, चोरी[३] पनि गर्दछ, अनेकानेकवस्तुको[४] परिग्रह (संचय) पनि गर्दछ, चित्तलाई[५] सदासर्वदा धमिलो गराइराख्छ, आहिसे[६] हुन्छ, ईश्वरदेखि[७] विमुख रहन्छ र त्यो (प्राणी) अनन्तकालसम्म दुःखचक्रमा परिरहन्छ । त्यो लोभलाई परास्त गर्न सके अनन्तसुख पाउँछ । तसर्थ लोभलाई परास्त गर्न अहिंसा[१]-सत्य[२]-अस्तेय[३]-अपरिग्रह[४]-शौच[५]-संतोष[६]-ईश्वर[७]-प्रणिधानरूपी बाणको क्रमैले प्रयोग गर्नुपर्दछ]।

पूर्वोक्त ३ शत्रुलाई पूर्वोक्त बाणले परास्त गरेपछि मोह-मद-मात्सर्य यी ३ शत्रुमध्ये २ शत्रु प्रायः स्वयमेव मर्दछन् । अघिल्ला ३ शत्रु बाँचुञ्ज्याल यी ३ पछिल्ला शत्रुको चुरीफुरी खूब रहन्छ, क्रोध र काम जितिएपछि मद र मात्सर्य स्वयं मर्दछन्, एउटा मोह (अज्ञान) शत्रु हतपती मर्दैन । त्यसलाई मार्न नियममध्येका तपोबाण[१], स्वाध्यायबाण[२], ईश्वरप्रणिधानबाणको प्रयोग गर्नुपर्दछ ।

मोह संसारको मूल कारण हो, काम-क्रोध-लोभहरू यसैका शाखा हुन् । पहिले सब शाखालाई छिमोलेर मोहवृक्षको उच्छेदन गर्नु पर्दछ । मोहको उच्छेदन गर्नलाई तप[१]—स्वाध्याय[२] ईश्वरप्रणिधान[३] यी[४] ३ मुख्य साधन छन् । कृच्छ्रचान्द्रायणादिव्रत, उपवास, नियम, इत्यादि गरेर कायक्लेश सहँदा सहँदा देहात्मभाव छुट्न्लाग्छ (देहैलाई आत्मा ठानेर दुव्लाएँ, मोटाएँ, पछारिएँ दगुरें इत्यादि व्यवहार गराउने दुर्बुद्धि छुट्न लाग्छ), स्वाध्याय नियमका साथ वेद र वेदाङ्गको अध्ययन गरीकन दर्शनशास्त्रको अभ्यास) ले इष्टदेवताको साक्षात्कार (दर्शन) हुन्छ र ईश्वरप्रणिधानले (एकता नभई गरेका ईश्वरचिन्तनले) ईश्वरतादात्म्य पाइन्छ । ध्यानका प्रभावले ध्याता पनि ध्येयस्वरूप हुन्छ भन्ने कुरा कृमिकुह्मालकोटीले पनि जानेको छ, मानिसले नजान्नु आश्चर्य हो ।

परमानन्दपथका पथिक भएका धर्मरथका रथीले विप्र (ब्राह्मण) र गुरुको पूजन (आदर) रूपी कवच धारण गर्नुपर्दछ ।

अनन्तकोटिब्रह्माण्डपति—दयासागर ईश्वरले बताएबमोजिम विप्र र गुरुको यथोक्त पूजन भयोभने, त्यो पूजनका प्रभावले धर्मरथको रथीलाई शत्रुले गरेका कुनै प्रहारले भेदन छेदन गर्न सक्तैन, विश्वरूप महर्षिले उपदेश गरेका नारायणकवचका प्रभावले इन्द्र त्रैलोक्यविजयी भएझैं गुरुपूजक-विप्रपूजक धर्मरथको रथी संसारविजयी हुन्छ, खास गुरु बृहस्पतिको अनादर गरेबापत दैत्यहरूबाट परास्त भईकन त्रैलोक्यसाम्राज्यबाट च्युत हुँदा आखिरमा लाचारीका साथ विश्वरूपको पदपूजन गरेर इन्द्रले त्रैलोक्यसाम्राज्य थामेका हुन् । विप्रगुरुपदपूजनको महिमालाई—

नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमोनमः ॥

यो पौराणिकमन्त्रले संक्षिप्त गर्दछ"]।

यत्ति मात्रै बुझेर यथाशक्ति एतदनुसार चल्न सके प्राणीलाई कल्याण छ ।

पृष्ठ ९१७ लाइन ४ को अन्त्यमा थप :—**[भगवद्गीता समाप्त]**

पृष्ठ ९२६ लाइन २४ मा 'रामजी' र 'हाँसेर' को बीचमा थप :—**ऐलेसम्म रावणका डरले मेरो सहायता कसैले गरेन, ऐले रथ आइपुग्यो, बल्ल देवराजले मलाई पत्याएछन्, स्वार्थलाई धन्यवाद छ भन्ने आशयले]**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ ९३२ लाइन २७ मा 'ए नीच !' र 'ए कुबुद्धि !' को बीचमा थप :—**देवता-मनुष्य-मुनि-नागसंग विरोध गर्ने !**

पृष्ठ ९३७ लाइन २ मा 'फार्न' र 'लागे' को बीचमा थप :—**फहराउन**

पृष्ठ ९३८ मा लाइन ६ र ७ को बीचमा थप :—**(मासपारायण २६ विश्राम)**

पृष्ठ ९४४ लाइन ३० मा 'हे परमकारण !' र 'हे सदाव्यापक !' को बीचमा थप :—**हे करुणासागर !**

पृष्ठ ९५२ लाइन ११ मा 'नाच्नलागे' माथि थप :—❀

पृष्ठ ९५२ मा फुटनोट थप :—

❀ यही प्रसङ्गलाई संझेर राघवालङ्कारका अनुमानालङ्कारमा थाहा पाइन् नाथको जीतबाजी नन्दन्वन्मा फूल कत्ति नपाई। डफ्फा डफ्फा अप्सराका मिलाई दौड्दै आइन् उर्वशी नाच्नलाई ॥ यो उदाहरण दिइएको छ।

पृष्ठ ९५९ लाइन १८ मा 'होइबक्सिन्छ।' र 'हजूर'को बीचमा थप :—**हजूर मनको पार [मनको अगोचर] होइबक्सिन्छ।**

पृष्ठ ९६६ मा लाइन २६ र २७ को बीचमा थप :—**(मासपारायण २७ विश्राम)**

पृष्ठ ९७३ लाइन ३०, ३१ के 'अयोध्यादि' ' 'अयोध्याको छ।' सम्म खारेज।

पृष्ठ ९७९ लाइन २३ मा [बुझिनौ के] माथि थप :—❀

पृष्ठ ९७९ मा फुटनोट थप :—

❀ 'अर्काले गरेका सयकड़ौं अपराधलाई पनि आफ्ना आत्मवत्ताले [मनोविजय गर्नसकेको हुनाले) बिर्सनु, अर्काले गरेको सानुतिनु उपकारलाई ठूलो संझेर प्रसन्न रहिरहनु' महापुरुषको लक्षण यही हो। प्रभुजीले तदनुसार-को व्यवहार कैकेयीसँग गर्नुभएको हो। त्रैलोक्यदुर्लभ त्यो लक्षण रामजीमा स्थिरै भएर रहेको थियो। विना अपराध १४।१४ वर्षसम्म वनवास दिएर प्राणान्तिक कष्ट दिने कैकेयीको तीव्र अपकारलाई प्रभुजीले बिर्सनुभयो। अद्‌भुत भएको यही गुणमा मुग्ध भएर वाल्मीकि महामुनिले—

कथंचिदुपकारेण कृतनैकेन तुष्यति।
न स्मरत्यपकाराणां शतमप्यात्मवत्तया ॥

यस्तो उद्‌गार निकालेका छन्।

पृष्ठ ९८० मा लाइन २० र २१ को बीचमा थपः—**(नवाह पारायण अष्टम विश्राम)**

पृष्ठ ९८० लाइन २३ मा 'राम्री पारे'को सट्टाः—**राम्री बनाए**

पृष्ठ ९९३ लाइन १२ मा 'बिदा पाउँ' पछि थपः—**भनी अनेक तरहले विन्ति गरे**

पृष्ठ ९९७ लाइन ५ मा '॥४४॥' पछि थपः—(क)

पृष्ठ ९९७ लाइन ३३ मा '॥४५॥' पछि थपः—(ख)

पृष्ठ ९९७ मा फुटनोट थपः—

(क) यस्तो भनाइ भएका ठाउँमा परिसंख्या अलंकार हुन्छ। यो अलंकारलाई साहित्यरसिकहरूले खूब मीठो मानेकाछन्। [राघवालङ्कारको आर्थ परिसंख्यामा दिएका कतिपय उदाहरण जस्तै

कूट काव्यहरूका प्रपञ्चमा फूट वैश्यहरूका जमीनमा।
घातकर्म परिकर्ममध्यमा पात वृक्षहरूका समूहमा।
पाणिपीडन विवाहकर्ममा छेदभेद पदको पढाइमा।
क्रोध दुश्चरितदुर्विचारमा लोभ सद्‌गुण र सद्विचारमा ॥
दुस्त्यजव्यसन धर्मकर्ममा चुक् गृहस्थहरूका भँडारमा।
हार केवल मनुष्यकण्ठमा भाग भोजहरूमा हिसाबमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुक् क्वचित् क्वचन शब्दशास्त्रमा वच् वनस्पति लिने बजारमा ।
क्लेशतापभय शब्दकोशमा देखियो फगत रामराज्यमा ॥
इत्यादि ।

यहाँ कूट भए फूट हुन्थ्यो, फूट भए घात (मारामार) हुन्थ्यो, इत्यादि रूपले उत्तरोत्तर कारणकार्य भावको नियन्त्रण विचारणीय छ ।

(ख) पानी नबर्सेर हाहाकार परेका वेलामा--"रामजीका वयल पियासा भरभर लोटा पानी दो' भनेर दुनियाँले पानी माग्दा मेघहरू अद्यापि पानी दिँदैछन्, खास रामजीका राज्यसमयमा मेघले पानी दिनामा के आश्चर्य ?

पृष्ठ ९१८ लाइन १३ मा 'जिन'को सट्टा :—**निज**

पृष्ठ १०१० लाइन २५ मा 'हुनुहुन्छ' पछि थप :—**यस्तो विन्ति चढाए**

पृष्ठ १०१५ लाइन ४ मा 'होइनन्) तिनीहरू' को सट्टा :—

होइनन् अथवा लोभैका आधारमा रहेर लोभैले ढाकिएका हुन्छन्]

पृष्ठ १०१६ लाइन २० मा '॥६२॥' पछि थप :—*

पृष्ठ १०१६ मा फुटनोटको आखिरीमा थप :—

(*) यस्तै दुष्टहरूबाट वाक्क्याक्क भएका महाराज भर्तृहरिले "आफ्नु स्वार्थ छाडेर परोपकार गर्नेलाई सत्पुरुष भन्दछन् [त्यो कुरा हामीलाई थाह छ] । आफ्नु स्वार्थ नबिगारेर परोपकार गर्नेलाई सामान्य पुरुष भन्दछन् [त्यो पनि थाह छ] । आफ्नु स्वार्थ सिद्ध गर्नाका निमित्त अर्काको हितविघात गर्नेलाई मानुषराक्षस भन्दछन् [त्यो पनि थाह छ] । आफ्नु स्वार्थ सिद्ध नभए पनि व्यर्थ अर्काको हितविघात गर्ने [चौथा दर्जाका महाशय] लाई के भन्दछन् ? त्यो कुरा हामीलाई थाह छैन्" यस्तो आशय भएको--

ते वै सत्पुरुषाः परार्थघटकाः स्वार्थं परित्यज्य ये
सामान्याश्च परोपकारनिरताः स्वार्थाऽविरोधेन ये ।
तेऽमी मानुषराक्षसाः परहितं स्वार्थाय विघ्नन्ति ये
ये तु घ्नन्ति निरर्थकं परहितं ते के ? नजानीमहे ॥

यस्तो उद्‌गार निकालेका छन् ।

पृष्ठ १०१८ लाइन ३० मा 'रहनु नै गुण हो' को सट्टाः--रहनु नै गुण हो" भनी यिनै प्रभुजीले कृष्णावतारमा उद्धवजीलाई भन्नुभएको छ ।

पृष्ठ १०१९ लाइन ३ मा '॥६४॥' पछि थप :--*

पृष्ठ १०१९ लाइन ४ मा '[प्रजालाई रामजीको उपदेश]'को सट्टा :--**प्रजालाई रामजीको उपदेश—पुरजन गीता-प्रारम्भ]**

पृष्ठ १०१९ लाइन १३ मा 'अन्याय' र 'पनि' को बीचमा थप :—**[जबर्दस्ती]**

पृष्ठ १०१९ मा फुटनोट थप :—

* भक्तिं ये नानुवर्तन्ते ब्रह्मनिष्ठैरपि श्रिताम् । मानवा अपि ते बोध्याः पाषाणा एव जङ्गमाः ॥

ब्रह्मनिष्ठ भइसकेका महात्माहरूले समेत हत्ते हालेर खोजिएकी भक्तिलाई [फगत तत्त्वबोध, आत्मबोध पञ्चदशी, वेदान्तसार प्रभृति ग्रन्थमात्र थोरबहुत रट्तैमा कृतकृत्य भयौं भनेर] अनादर गर्ने मानिसहरू [स्थावर-पत्थर हुन् भन्न ता सकिदैन] जङ्गम (हिंडुवा) पत्थर ता अवश्य हुन् भनी जान्नुपर्दछ ।

पृष्ठ १०२३ लाइन १८ पछि थप :—**[पुरजन गीता समाप्त]**

पृष्ठ १०२४ लाइन ७ मा '॥६॥' पछि थप :—*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठ १०२४ मा फुटनोट थप :--

(*)"तिमीलाई नरक जानाको इच्छा छभने एक वर्ष कसैको पुरोहित्याइँ गर। अरू पापसाप केही गर्नु-पर्दैन बस ! [एकएक वर्षसम्म पुरोहित्याइँ गर्न सकिदैन, भन्छौभने, भैगो, सजिलो अर्को उपाय सुन] तीन दिन मात्रै मठचिन्ता गर [मठको व्यवस्थापक महन्तजी बन]

नरकाय मतिस्ते चेत्पौरोहित्यं समाचर। वर्षं यावत् किमन्येन, मठचिन्तां दिनत्रयम्।

पृष्ठ १०२८ लाइन ८ मा 'के जानून्'को सट्टा :—**के जानून् र भो नभनून् ?**

पृष्ठ १०२८ मा लाइन १६ र १७ को बीचमा थप :—**(मासपारायण २८ विश्राम)**

पृष्ठ १०४५ लाइन ८ मा 'नचाउँछे' को सट्टा:—**नचाउँछिन्,**

पृष्ठ १०४५ लाइन ९ को 'त्यही' ,, ,, :--तिनै

पृष्ठ १०४५ लाइन १० को 'नाच्दछे' र 'चल्दछे' को सट्टा :—**नाच्दछिन्, चल्दछिन्**

पृष्ठ १०४५ को फुटनोटमा लाइन २६, २७ "दैवी''[भगवद्गीता]" खारेज

पृष्ठ १०५९ लाइन १८ मा 'पनि यही हो' पछि थप :—**हे काकभुशुण्डी ! सावधान भएर सुन ॥१३१॥**

पृष्ठ १०६० लाइन ११ मा 'मानिस'को सट्टा :—**व्यक्ति**

पृष्ठ १०६५ लाइन ११ मा 'उनले' र 'प्वांख' को बीचमा थप :—**[मनुष्यले रोमाञ्च खड़ा गरे झैं]**

पृष्ठ १०७१ लाइन २६ मा 'डाँटेर' र 'शूद्रहरू'को बीचमा थप :—**(झाँटेर)**

पृष्ठ १०७३ लाइन ८ देखि १० मा '[आफू''पार्दथे] खारेज

पृष्ठ १०९४ मा लाइन २२ र २३ को बीचमा थप :—**(मासपारायण २९ विश्राम)**

पृष्ठ ११०७ लाइन १५ को अन्त्यमा थप :--❀

पृष्ठ ११०७ मा फुटनोटको शुरूमा थप :—

(*) जस्तै खानथालेपछि गाँसैपीछे तुष्टि[1] (आनन्द), पुष्टि[2] (उदरपूरण) क्षुधानाश[3] यी ३ कुरा साथसाथै हुनजान्छन्, त्यस्तै भजनमार्गमा लागेपछि भक्ति[1] वैराग्य[2] ईश्वरज्ञान[3] यी ३ कुरा साथैसाथ सूक्ष्मरूपले पैदा हुँदै जान्छन्। [विचारशक्ति नभएको मानिस पछिल्ला गाँसले अघाएँ भन्ने भ्रान्तिमा पर्दछ, त्यो कुरा ठीक होइन, पहिलो गाँसदेखि नै अघाउने क्रियाको आरम्भ हुन्छ। नासमुझ मानिस ईश्वरज्ञान हुनु कहिले हो ? कहिले हो ? भनेर भजन मार्गमा लाग्न चाहँदैन, त्यो कुरा ठीक होइन, भजन मार्गमा लागेपछि सूक्ष्मरूपले उत्तरोत्तर भक्ति, वैराग्य, ईश्वरज्ञान आरंभैदेखि हुन लाग्दछन् "विलम्ब नभई ईश्वरज्ञान होस्न त" भन्ने इच्छा गर्नेले, क्षुधाव्याकुल भएका व्यक्तिले यताउति कतै नहेरेर खपाखप खाएझैं एकाग्र भईकन धमाधम श्रवण-कीर्तन प्रभृति ९ प्रकारको भक्ति गर्नुपर्दछ, अनि ईश्वरज्ञान (ब्रह्मज्ञान-ईश्वरदर्शन) मुक्ति हुनलाई बेर लाग्दैन भन्ने आशयले---

"भक्तिः परेशानुभवोविरक्तिरन्यत्र चैव त्रिक एककालः।
प्रपद्यमानस्य यथाऽश्नतः स्युस्तुष्टिः पुष्टिः क्षुदपायोऽनुघासम्"

यो वचन श्रीमद्भागवतमा सिद्धान्तरूपले देखाइएको छ।

पृष्ठ ११०८ लाइन २०, २१ मा 'मित्र हुन्छ''सोधे पनि हुन्छ'को सट्टा :--मित्र हुन्छ **[यो कुरा नपत्याए वाघ-भालूरूका बथान भएका ठाउँमा बस्ने ऋषिमुनिहरूसँग सोध्नुहोस्]**

पृष्ठ १११२ लाइन १५ को अन्त्यमा थप :--❀

पृष्ठ १११२ मा फुटनोटको शुरूमा थप :—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(*)(१) चौरासिलाख जुनिमा चिरकाल घुम्दा पाइन्छ दुर्लभ मनोज्ञ मनुष्यचोला ।
यस्मा पनी विषयमा भुलि भक्ति छाडे कुन् रीतले पछि मनुष्य कृतार्थ होला ? ॥
(२) ईर्ष्या-विषाद-भय-दैन्य-बढाउनामा सर्वोपरि प्रथम-साधन जानिएको ।
दारिद्र्य हो प्रबल दुःख सबैजनाले छीछी भनेर भरिशक्य हटाइएको ॥
(३) सन्तोष-शौच-तप-सात्त्विकता-विवेक इत्यादि साधन जुटाइदिने भएको ।
अज्ञानरूप रिपुसाध्वसभङ्ग गर्ने सत्सङ्ग हो सुख अनुत्तम मानिएको ॥
(४) तन् मन् र धन् दिइ परस्परको भलाई गर्ने सकस् सुजन हो यति बुझ्नुपर्छ ।
सर्वात्मना सकलको गरने बुराई दुर्बुद्धि हो कुजन हो भनि बुझ्नुपर्छ ॥
(५) पल्टाइए सकल शास्त्र दयासमान अर्को कुनै सुकृत संमत देखिएन ।
अत्यन्त दृष्टि गहिरो गरि हेरियो लौ हिंसासमान गुरु दुष्कृत देखिएन ॥
(६) द्विजनिन्दा गुरुनिन्दा हरिनिन्दासम्म जो गर्छन् ।
गुरुहरिगौरवहर्ता रौरवहरूमा अवश्य ती पर्छन् ॥
(७) चिरकाल यातनामा रहेर पछि ती यहीं फिर्छन् ।
दुर्दुर-कुक्कुर-काक-प्रभृति भई दुःखमा पर्छन् ॥

पृष्ठ ११२६ मा लाइन १० र ११ को बीचमा थप :—**मासपरायण ३० :विश्राम; नवाह परायण नवम विश्राम**

[पुनर्मुद्रणको अवसरमा कतिपय स्थानमा टाइपहरूको साइज-परिवर्तन, लाइनहरूको पुनर्नियोजन, प्रभृति प्रेसका लागिका निर्देशनहरू स्वर्गीय विद्वत्शिरोमणि श्री कुलचन्द्र गौतमजीले तयार गरिराख्नुभएको थियो तापनि ती निर्देशनहरू यस परिशिष्टमा सम्मिलित हुन नसक्ने भएको खेदसाथ उल्लेख्य छ—-संपादक]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तर भाग परिशिष्टको शुद्धि-पत्र

परिशिष्ट पृष्ठ २ र ३ को सट्टा हुनुपर्ने :—

श्रीः

अथ

श्रीमद्गोस्वामि तुलसीदासविनिर्मितं रामायणं प्रारभ्यते

तत्रेदं

बालकाण्डम्

मङ्गलम्

वर्णानामर्थसंघानां रसानां छन्दसामपि
मङ्गलानां च कर्तारौ वन्दे वाणी विनायकौ ॥१॥
भवानीशंकरौ वन्दे श्रद्धाविश्वासरूपिणौ ।
याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम् ॥२॥

टीकाको मङ्गल

*प्राणाधार भनेर पार नहुने आनन्द वर्षाउने
कैले त्यो वदनारविन्द ? मनका मन्सूब मन्मै रहे ।
तिन्‌तिन् दिन् पनि पर्खियो समय यो धेरैन खेरै गयो
माग्दामा पनि मार्ग मात्र दिनमा पाजी विराजी भयो ॥१॥
कत्रो हिम्मतले मसक्क मसँगै लागेर आयो यहाँ
यत्रो फौज हसक्क भो अब हरे ! उत्साह यस्को गया ।
भर्सक् रिस् नगरौं भनेर करुणा राखेर सेवा गरें
'लत्यौ लौ' भनि यो गवाँर अहिले टेर्दैं नटेन भयो ॥२॥
प्यारे ! लक्ष्मण ! देउ बाण र धनू, जल्मात्रका के कुरा
दल्दल्सम्म सुकाइदिन्छु अहिल्यै मैदान यो गर्दछू ।
पूर्ण प्रेम लिएर हर्षित हुँदै चौतर्फ घेरा दिने
मेरा वानरका दलैसँग रही यो पैदलै तर्दछू ॥३॥
भन्दै झट्ट उठेर तिन्दिन वितेबापत् तिनै बाणले—
सेवा गर्दछु सिन्धुको अब भनी तिन् बाण साथै छुटे ॥
साँच्चै लौ रघुवीर झोकिनुभयो के गर्छ ? सागर् ? हरे !

---

* श्रीजानकीजीका वदनको दर्शनमा उत्सुक भएका श्रीरघुवीरले समुद्रका तटमा पुगेर बाटो माग्नाका निमित्त अस्त्रशस्त्र सबै पर साँरीकन कुशास्तरणमा राजभएर ३।३ दिनसम्म समुद्रको उपासना गर्दा पनि उसले नटेर्दा ब्रह्मास्त्रको प्रयोग भएपछि जुन हालत भएथ्यो त्यही संझेर तिनै चरणारविन्दका स्मरणको प्रार्थना गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हेरौं दृश्य भनेर हर्षित भई द्रष्टा हजारन् जुटे ॥४॥
तात्यो सागरको सबै जल अनी पाक्यो र उम्ल्यो अनी
ढाक्यो योजनसम्म भूतल सबै गाम्भीर्य जम्मै गयो
गोही ग्राह भुजङ्ग सौस कछुवा माछाहरूको वथान्
उफ्रिउफ्रि पछारिएर तटमा सर्वत्र सोतर् भयो ॥५॥

× × ×

फेरी केहि ढिलो गरेर धनुमा ब्रह्मास्त्र संधानियो
अन्धाधुन्ध बतास् चल्यो र जगतै ध्वान्तौघले ढाकियो ।
डग्मग् डग्मग भै डग्यो धरणितल् खल्बल् खुबै मच्चियो
हाहाकार गराउने भय ठूलो दिक्पालमा फैलियो ॥६॥
बर्बर् आँसु गिराइ थर्थर भई गङ्गा र गोदावरी
कावेरीहरूको कृताञ्जलि हुने घेरा अगाडी गरी ।
त्राहि त्राहि भनेर सागर परे जस्मा शरण् एकदा
तिन्कै ती चरणारविन्द मनमा खेलीरहून् सर्वदा ॥७॥

श्रीमान्यमौनिमुनिपुङ्गवले भनेमा भाषानुवाद तुलसीकृतमा भएथ्यो ।
थप्थाप् गरेर कहिं केहि कुरा त्यसैमा भर्शक्य दूर गरियो त्रुटि जो रहेथ्यो ॥

टीका

वर्णसमूह, अर्थसमूह, रससमूह, छन्दसमूहः र मङ्गल (कल्याण) का कर्ता (उत्पादक) भएका, श्रीसरस्वती र श्रीगणेशजीलाई म (तुलसीदास) नमस्कार गर्छु ॥१॥ (क)

जुन्विना (जो नहुञ्ज्याल) सिद्धहरू पनि आफ्ना अन्तःकरणमा रहेका ईश्वरलाई देख्न पाउँदैनन् त्यस्ता श्रद्धा र विश्वासस्वरूप भएका पार्वती र शंकरलाई म नमस्कार गर्छु ॥२॥ (ख)

(क) चेतनामयी-सरस्वतीको र विघ्नविनाशन-श्रीगणेशजीको अनुग्रहले मात्र वर्णको उत्पत्ति, अर्थको बोध, रसको आस्वादन, छन्दको विकास, निर्विघ्न हुन गएर यो जगत् उज्यालो भइरहेको छ । नत्र यो त्रैलोक्य अज्ञानान्धकारका ग्रासमा पर्ने थियो ।

रस र गुणले भूषित भएकी सत्यरूपा वाङ्मयी सरस्वतीको निर्विघ्न उदय गराउन सके दुनियाँका मनोरथ पूर्ण हुन्छन् । अलच्छिन हट्तछ । सत्कीर्ति पैदा हुन्छ । पाप हराउँछ । सबै कल्याण मौजूद रहन्छन् ।

इदमन्धन्तमग्रस्तं जायेत भुवनत्रयम् । यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥
"कामान् दुग्धे विप्रकर्षत्यलक्ष्मीं कीर्तिं सूते दुष्कृतं या हिनस्ति ॥
तां चाप्येतां मातरं मङ्गलानां धेनुं धीराः सूनृतां वाचमाहुः ॥ [भवभूति]

यसै कारणले सर्वप्रथम मङ्गलमूर्ति गणेश र वाणीको वन्दना गरेको हो ।

(ख) आस्तिक्य बुद्धिलाई श्रद्धा, 'इदमित्थमेव' यस्तो निश्चयलाई विश्वास भन्दछन् । घटघटव्यापी परमेश्वर पनि श्रद्धा विश्वास नहुञ्ज्याल देखिदैनन् , साधनसंपत्ति भएपछि पनि श्रद्धा-विश्वासको अत्यन्त आवश्यकता रहन्छ, अरू शमदमादि साधनभन्दा श्रद्धाविश्वासरूप साधन मुख्य हो, 'श्रद्धावित्तो भूत्वा आत्मन्येवात्मानं पश्येत्' । यसै कारणले रामायणारम्भरूप पुण्यकर्म गर्दा श्रद्धा विश्वासरूप भवानी-शंकरको वन्दना गरेको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुद्धिपत्र

पृष्ठ	लाइन	अशुद्ध	शुद्ध
७८४	२५	मैनादर्शन	मैनाकदर्शन
८१९	२८	कुटरत्न	नृपति-मुकुटरत्न
९१७	९	पास	पाउ
१०४७	२४	स्वयंवेद्य	स्वसंवेद्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection